पुस - १

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३१, अङ्क १७ | २०७१ पुस १-१५ | पूर्णाङ्क ७३१



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत	**- अध्यक्ष**
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	**- सदस्य**
मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत	**- सदस्य**
नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत	**- सदस्य**
अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन	**- सदस्य**
अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	**- सदस्य**
सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री नगेन्द्रकेशरी पोखरेल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा

नायब सुब्बा श्री निलदेव रिजाल

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री मोतीलाल चौधरी

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

इजलास नं. १	१२	इजलास नं. ८	३
इजलास नं. २	२	इजलास नं. ९	४
इजलास नं. ३	३	इजलास नं. १०	३
इजलास नं. ४	३	इजलास नं. १२	२
इजलास नं. ५	५	इजलास नं. १४	२
इजलास नं. ६	३		
इजलास नं. ७	३	**जम्मा**	**१४**
जम्मा	**३१**		

कूल जम्मा ३१ + १४ = ४५

नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७९, पुस – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>" को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
इजलास नं.१			**१ - १०**
१.	फैसला तथा टिप्पणी निर्णय दर्ता बदर दर्ता	मिश्री महतो भन्ने तौचन महतो धानुक वि. गोवरी महतो धानुक	१
२.	निर्णय बदर निकास कायमसमेत	जयबहादुर न्यौपाने वि. नविनकुमार गौलीसमेत	१
३.	बन्दी प्रत्यक्षीकरण	लोकेन्द्र दर्नाल वि. महानगरीय प्रहरी परिसर, जावलाखेलसमेत	३
४.	बन्दी प्रत्यक्षीकरण	रामकुमार अधिकारी वि. गृह मन्त्रालयसमेत	३
५.	जबरजस्ती करणी उद्योग	नेपाल सरकार वि. लालबहादुर श्रेष्ठ	४
६.	जबरजस्ती करणी उद्योग	नेपाल सरकार वि. केशरसिं याखा	४
७.	कर्तव्य ज्यान	मदन राईसमेत वि. नेपाल सरकार	५
८.	उत्प्रेषणसहित परमादेश	गणेश पाण्डे वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालयसमेत	६
९.	उत्प्रेषण	रामजी भण्डारी वि. पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना, पोखरासमेत	६
१०.	बन्दी प्रत्यक्षीकरण	मइदेवी परियार वि. महानगरीय प्रहरी वृत्त, भैंसेपाटीसमेत	८
११.	बन्दी प्रत्यक्षीकरण	प्रेम दर्नाल वि. महानगरीय प्रहरी परिसर, जावलाखेलसमेत	८
१२.	बन्दी प्रत्यक्षीकरण	सविता अधिकारी रेग्मी वि. महानगरीय प्रहरी परिसर, भक्तपुरसमेत	९
इजलास नं. २			**१० – १२**
१३.	भ्रष्टाचार (रिसवत)	राजकुमार थापा वि. नेपाल सरकार	१०
१४.	बन्दी प्रत्यक्षीकरण	प्रकाश बुढाथोकी वि. काठमाडौं जिल्ला अदालतसमेत	११
इजलास नं. ३			**१२ – १५**
१५.	कर्तव्य ज्यान	चित्रबहादुर सुनाम वि. नेपाल सरकार	१२
१६.	लागु औषध (ब्राउन सुगर)	नेपाल सरकार वि. शेरअली जोलाहसमेत	१४
१७.	कर्तव्य ज्यान	नेपाल सरकार वि. दानबहादुर चन्दसमेत	१५
इजलास नं. ४			**१६ – २२**
१८.	करारबमोजिम गाडीको रकम भुक्तानी गरिपाऊँ	मोहनकुमार चौधरी वि. हिमालय बहुउद्देश्य सहकारी संस्था लिमिटेड, काठमाडौंसमेत	१६
१९.	बिमा दायित्व निर्धारण	युनाइटेड इन्सुरेन्स कम्पनी (नेपाल) लिमिटेड, काठमाडौं वि. एभरेष्ट पेपर मिल्स प्रा.लि., मुख्य कार्यालय	१८
२०.	छुट जग्गा दर्ता नामसारी दाखेल खारेज	विष्णुभक्त मानन्धरसमेत वि. मु.स.गर्ने लक्ष्मीप्रसाद मानन्धर	१९
इजलास नं.५			**२२ – २६**
२१.	लागु औषध (खैरो हिरोइन)	राजकुमार लामा वि. नेपाल सरकार	२२

२२.	जबरजस्ती करणी / मानव बेचविखन	दिनेशकुमार परियार वि. नेपाल सरकार	२३
२३.	बन्दी प्रत्यक्षीकरण	चन्द्रबहादुर बुढासमेत वि. जिल्ला प्रहरी कार्यालय, कैलालीसमेत	२४
२४.	बन्दी प्रत्यक्षीकरण	लक्ष्मीदेवी पोखरेल वि. उच्च अदालत पाटनसमेत	२४
२५.	उत्प्रेषण, परमादेश तथा बन्दी प्रत्यक्षीकरण	मोहसिन खान वि. भक्तपुर जिल्ला अदालतसमेत	२५
इजलास नं.६			**२६ – २८**
२६.	परमादेश	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, आयुर्वेद विभाग वि. अजितकुमार सिंह	२६
२७.	गुठी हक कायम	भिमबहादुर शाक्य वि. गुठी संस्थान केन्द्रीय कार्यालयसमेत	२६
२८.	उत्प्रेषण, परमादेशसमेत	प्लान इन्टरनेसनल नेपालको तर्फबाट ऐ. का कन्ट्री डाइरेक्टर Sven Coppens वि. श्रम अदालतसमेत	२८
इजलास नं.७			**२८ – ३३**
२९.	कर्तव्य ज्यान	ना पाल भन्ने सनातन पाल वि. नेपाल सरकार	२८
३०.	कर्तव्य ज्यान	नेपाल सरकार वि. सोवित रानाभाटसमेत	३०
३१.	बन्दी प्रत्यक्षीकरण	सुधिर श्रेष्ठ वि. धनकुमार राईसमेत	३१
इजलास नं.८			**३३ – ३५**
३२.	लागु औषध (ब्राउन सुगर)	अख्तर अली तेलीसमेत वि. नेपाल सरकार	३३
३३.	हातहतियार खरखजाना	नेपाल सरकार वि. अलाउद्दिन मुसलमानसमेत	३३
३४.	जबरजस्ती करणी / कर्तव्य ज्यान	सुवास बोहोरा वि. नेपाल सरकार	३४
इजलास नं.९			**३५ – ३९**
३५.	उत्प्रेषणसमेत	कमलाकुमारी न्यूरे वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत	३५
३६.	कर्तव्य ज्यान	नेपाल सरकार वि. पुष्प भन्ने हर्कबहादुर राई	३६
३७.	अपहरण गरी ज्यान बेपत्ता	नेपाल सरकार वि. विष्णुप्रसाद न्यौपाने	३७
३८.	बन्दी प्रत्यक्षीकरण	मोहम्मद नदिम खान वि. कारागार कार्यालय, जगन्नाथदेवलसमेत	३८
इजलास नं.१०			**३९ – ४१**
३९.	वैदेशिक रोजगार कसुर	भगवती शर्मा तिमिल्सेना वि. नेपाल सरकार	३९
४०.	हातहतियार खरखजाना	नेपाल सरकार वि. अम्मरराज श्रेष्ठसमेत	४०
४१.	सरकारी छाप दस्तखत किर्ते	नेपाल सरकार वि. सीता बास्कोटा कार्कीसमेत	४०
इजलास नं.१२			**४१ – ४३**
४२.	परमादेशसमेत	सफल आचार्य वि. गृह मन्त्रालयसमेत	४१
४३.	कर्तव्य ज्यान	नेपाल सरकार वि. लगन वि.क.	४२
इजलास नं.१४			**४३ – ४६**
४४.	कर्तव्य ज्यान	मोहन भन्ने विकास साङपाङ राई वि. नेपाल सरकार	४३
४५.	मानव बेचबिखन तथा ओसारपसार, अपहरण तथा शरीर बन्धक	नेपाल सरकार वि. तारा भन्ने पूर्णमाया चम्लागाईं निरौला	४५

इजलास नं.१

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७३-CI-११२२, फैसला तथा टिप्पणी निर्णय दर्ता बदर दर्ता, मिश्री महतो भन्ने तौचन महतो धानुक वि. गोवरी महतो धानुक

वादीका पिता मिति २०१५।१०।२९ मा नै छुट्टिभिन्न भइसकेको र विवादित कि.नं. २१ को जग्गा नगियादेवीले मिति २०१६।१०।१६ मा तपसी महतो र यी वादीका पिता भोला महतोलाई साक्षीमा राखी मोतिलाल महतोलाई बकसपत्र गरी दिएको देखिन्छ । उक्त लिखत जालसाजपूर्ण भएको भए निज तपसी महतो र भोला महतोले तत्काल सम्बन्धित निकायमा नालेस दिई उक्त लिखतलाई निष्क्रिय गराउनुपर्नेमा सोसमेत गराउन सकेको देखिँदैन । वादीका पिता भोला महतोले दायर गरेको २०४४ सालको दे.नं. १७८४ को अंश मुद्दामा उक्त लिखतलाई सद्दे भनी स्वीकार गरेकोले सोही आधारमा वादी दाबी पुग्न नसक्ने ठहरी भएको फैसला अन्तिम भइसकेको अवस्थाबाट कि.नं. २१ को जग्गामा यी वादीको हक पुग्ने नै नदेखिने ।

२०३४ सालमा नगिया धनुकाइनको मृत्यु भएपछि निज नगिया धनुकाइनको नाउँमा दर्ता रहेको उक्त विवादित जग्गा नामसारी गरिपाउँ भनी भोला महतो धानुक, मोतिलाल महतो धानुक तथा सत्यनारायण महतो, जयनारायण महतोसमेतले मालपोत कार्यालय, बारामा छुट्टाछुट्टै निवेदन दर्ता गराएकोमा मृतक नगियाको नामको जग्गामा आफ्नो हक कायम नहुने गरी मिति २०५४।८।५ मा भएको निर्णयमा वादीको बाबु भोला महतो धानुकले पुनरावेदन नगरी चित्त बुझाई बसेको देखिन्छ । उक्त निर्णय बदर गरिपाउँ भनी मोतिलाल धानुकले पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन दिएकोमा हक कायमतर्फ सम्बन्धित जिल्ला अदालत जानु भनी मिति २०५५।५।१० मा फैसला भएकोमा सोहीबमोजिम जिल्ला अदालत बारामा हक कायम मुद्दा दायर गरी फैसला भई अन्य वादी प्रतिवादीहरूको पुनरावेदन परी तह तह हुँदै सर्वोच्च अदालतबाट फैसला भएको देखिन्छ । यसरी मालपोत कार्यालयको निर्णयलाई नै चित्त बुझाई सोउपर कुनै पुनरावेदन नगरी बसेको अवस्थामा निज वादीले आफूलाई प्रतिवादी नबनाई भएको फैसला भन्न मिलने देखिएन । वादीले दाबी गरेको जिल्ला अदालतको मिति २०५६।९।८ को फैसलाभन्दा अगाडि नै मालपोत कार्यालय, बाराबाट मिति २०५४।८।५ मा वादीका बाबु भोला महतो धानुकको अंश मुद्दा परेको र उक्त मुद्दामा वादी भोला महतो धानुक २०१५ सालमा नै छुट्टी भिन्न भई बसेको देखिएको भन्नेसमेतका आधारमा फैसला भएकोले दाबीको जग्गामा वादीको हक कायम नहुने गरी भएको निर्णयमा चित्त बुझाई बसेको देखिँदा सर्वोच्च अदालतको मिति २०६६।१।२२ को फैसला र सो फैसला अनुसार भएको दा.खा. समेतलाई अन्यथा भन्न नमिल्ने भनी तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसलालाई अन्यथा मान्न नसकिने ।

अतः माथि विवेचित आधार कारणहरूबाट वादी दाबी पुग्न नसक्ने भनी सुरू बारा जिल्ला अदालतबाट भएको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।२।२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: नबिन आचार्य

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल पुस १४ गते रोज ३ शुभम् ।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०६८-CI-१२७२, निर्णय बदर निकास कायमसमेत, जयबहादुर न्यौपाने वि.

नविनकुमार गौलीसमेत

प्रत्यर्थी सविता गौलीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताले कि.नं. ५५ मा कुवा पनि छैन र साबिकदेखि निकास पनि थिएन भन्ने बहस जिकिर लिनुभएकोमा कि.नं. ५५ मा कुवा (न.नं.२३) रहेको, उक्त कुवाको पानी बगेर सतहमा आउने पानीको साबिकदेखि नै निकास थियो भन्ने तथ्य सुरू अदालतबाट भएको नक्सा र सर्भे नापीको स्रेस्ताले स्थापित गरेको देखिन्छ । साथै अदालतबाट भई आएको नक्सा मुचुल्कामा बस्ने अधिकांश मानिसहरूले कि.नं. ५५ मा कुवा साबिकदेखि नै थियो र सो कुवामा कतैबाट पनि निकास नभएको भनी लेखाएको पाइन्छ । विवादित जग्गामा प्रतिवादी नविन गौलीले नक्सापास गरी दाबीको निकास बन्द गरी आफ्नो कि.नं. ८६ को जग्गामा घर कम्पाउन्ड लगाई बसेको नक्सा एवं सर्जमिन मुचुल्कासमेतबाट देखिन्छ । सुरू अदालतबाट भई आएको मिति २०६७।०४।२० को नक्सा मुचुल्कामा वादी एवं प्रतिवादी सविता गौलीले सहीछापसमेत गरेको र सो नक्सामा निज प्रतिवादीले कुनै जिरह नगरी स्वीकार गरी बसेको अवस्थामा उक्त नक्सालाई अन्यथा भन्न मिल्ने देखिँदैन । यसरी कि.नं. ५५ (न.नं.२३) मा स्पष्ट रूपमा कुवा देखिएको अवस्थामा प्रतिवादी र निजका तर्फबाट प्रतिरक्षार्थ उपस्थित विद्वान् अधिवक्ताको जिकिर तथ्यसम्मत नदेखिने।

तत्कालीन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१) को खण्ड (ग) बमोजिम नगरपालिका क्षेत्रभित्रमा रहेका खोलानाला, कुवा, इनार, पोखरी, तलाउ, ढुङ्गेधारा आदिको संरक्षण गरी सदुपयोग गर्नु गराउनु सम्बन्धित नगरपालिकाको काम, कर्तव्य र अधिकार भएको पाइन्छ । त्यसैगरी मुलुकी ऐन, घर बनाउनेको महलको ३ नं.मा "अघिदेखि चली आएको वा दिई आएको ठाउँको निकास कसैले थुन्न हुँदैन" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उल्लिखित ऐनमा रहेको कानूनी प्रावधानबाट साबिकदेखि रही आएको कुनै पनि किसिमको निकास बन्द गर्न, थुन्न नपाइने र सोको संरक्षण एवं सदुपयोग गर्ने जिम्मेवारी भएको काठमाडौँ महानगरपालिकाका प्रमुखले मिति २०६५/११/२ मा निर्णय गर्दा नापीको नक्सा, फिल्डबुकमा कुवा उल्लेख भएको तथ्यलाई अनदेखा गरी कुवा नभएको भनी गरेको निर्णय तथ्य प्रतिकूल देखिन आउँछ। सुरू काठमाडौं जिल्ला अदालतबाट भई आएको नापनक्सा, फिल्डबुक, नापीसमेतबाट वादीको कि.नं. २६,९० र ५५ समेतबाट विपक्षीको कि.नं.२८,८६ हुँदै प्रेमबस्ती मार्गमा रहेको ढल (खोल्सी) मा न.नं. २३ को कुवा र वर्षात्को पानीसमेत साबिकदेखिको निकास रहेको देखिइरहेको र सो पानीको निकास अन्यत्र रहेको भन्ने प्रतिवादीहरूको भनाइ भएको नदेखिई रहेको अवस्थामा वादी दाबी अनुसार निकास खुलाई पाउने ठहऱ्याएको सुरू फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला उपर्युक्त तथ्य एवं उल्लिखित कानूनी प्रावधानको प्रतिकूल भई त्रुटिपूर्ण देखिँदा वादी दाबीको कि.नं. ५५ को जग्गामा कुवा पनि नभएको र निकाससमेत थिएन भन्ने प्रत्यर्थी / प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट पुनरावेदक / वादीले फिराद दाबीबमोजिम निकास खुलाई लिन पाउने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।०६।१० मा भएको फैसला उल्टी गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८।०८।०१ को फैसला मिलेको नदेखिएकाले पुनरावेदक / वादी जयबहादुर न्यौपानेले फिराद दाबीबमोजिम कि.नं. ९०, २६, ५५ समेतबाट कि.नं. २८, ८६ हुँदै प्रेमबस्ती मार्गमा रहेको ढल

निकासमा कुवा र वर्षात्को पानीसमेतको निकास साबिक मुलुकी ऐन, घर बनाउनेको महलको ३ नं. र स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१)(ग) बमोजिम खुलाई लिन पाउने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।०६।१० मा भएको फैसला मनसिब देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): कोशलेश्वर ज्ञवाली

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल माघ ११ गते रोज १ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री सुष्मालता माथेमा, ०७७-WH-०१७७, बन्दीप्रत्यक्षीकरण, लोकेन्द्र दर्नालको हकमा राजन दर्जी (नेपाली) वि. महानगरीय प्रहरी परिसर, जावलाखेलसमेत

रिट निवेदक लोकेन्द्र दर्नाललाई मिति २०७७/०८/२८ गतेदेखि पटकपटक पक्राउ गरी प्रत्येक पटक अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएकोमा निवेदकलाई थुनामुक्त नगरी पुनः पक्राउ गरेको देखिन्छ । यी निवेदकलाई पटकपटक पक्राउ गरी थुनामा राख्दा बाध्यात्मक रूपमा पालना गर्नुपर्ने कानूनी कार्यविधि पालना नगरिएको, थुनामा राख्न अनुमति माग गर्दा र दिँदा के कुन प्रयोजनका लागि थुनामा राख्नुपर्ने हो सोको आधार र कारण खोलेको नदेखिएको, केवल फरक विचार र आस्थाका कारण बदनियत र प्रवृत्त भावना राखी यी निवेदकलाई थुनामा राख्ने गरी भएका सम्पूर्ण कामकारबाहीहरू कानूनअनुरूप भएको देखिएन । निवेदक लोकेन्द्र दर्नाललाई थुनामा राख्ने गरी भएका आदेश गैरकानूनी रहेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ। निजलाई यस अदालतका रजिस्ट्रारको रोहवरमा तत्काल थुनामुक्त गर्नु भनी नेपालको संविधानको धारा १३३(२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०४७ को नियम ३७ बमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: ऋतु राई

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल पौष २९ गते रोज ४ शुभम्।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री सुष्मालता माथेमा, ०७७-WH-०१८६, बन्दीप्रत्यक्षीकरण, रामकुमार अधिकारीको हकमा कमला रोका वि. गृह मन्त्रालयसमेत

निवेदकलाई मिति २०७७/०९/२२ गते पक्राउ गरी थुनामा राख्दा बाध्यात्मक रूपमा पालना गर्नुपर्ने कानूनी कार्यविधि पालना नगरिएको, थुनामा राख्न अनुमति माग गर्दा र दिँदा के कुन प्रयोजनका लागि थुनामा राख्नुपर्ने हो सोको आधार र कारण खोलेको नदेखिएको, केवल फरक विचार र आस्थाका कारण बदनियत र प्रवृत्त भावना राखी यी निवेदकलाई थुनामा राख्ने गरी भएका सम्पूर्ण कामकारबाहीहरू कानूनअनुरूप भएको देखिएन । विपक्षीहरूबाट भएको कार्य कानूनअनुकूल नरही गैरकानूनी रहेको देखिँदा कुनै पनि निकाय वा अधिकारीद्वारा व्यक्तिलाई गैरकानूनी थुनामा राखेको अवस्थामा सो थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने नै देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा ८(९) समेतको विपरीत हुने गरी निवेदकलाई पक्राउ गरी गैरकानूनी रूपमा थुनामा राखिएको भन्ने अवस्था मिसिल संलग्न प्रमाणहरूबाट देखिइरहेको अवस्थामा निवेदकको थुना कानूनबमोजिमको नै रहेको भन्ने विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग समेत सहमत हुन नसकिने।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट निवेदक राजकुमार अधिकारीलाई

फरक विचार र आस्था राखेकै कारण वस्तुनिष्ठ आधार र कारणबिना पक्राउ गर्ने र अनुसन्धानको क्रममा पनि थुनामा राख्ने कार्य मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ विपरीत बदनियतपूर्वक प्रवृत्त भावनाबाट कानूनको उचित पालना नगरी थुनामा राखेको देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) र (ख) बमोजिम विपक्षीको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत:- ऋतु राई

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल पौष २९ गते रोज ४ शुभम्।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी, ०७६-CR-१०८५, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. लालबहादुर श्रेष्ठ

प्रतिवादीले जबरजस्ती करणीको मनसाय राखी पीडित बालिका साङ्केतिक नाम भोजपुर 'ङ' समेत सुतेको स्थानमा गई पीडितको मुख हातले थुनी निजको छातीको संवेदनशील अंगमा समातेको र निजले लगाएको पेन्टसमेत खोलेको अवस्थामा पीडित चिच्याई कराउँदा जाहेरवालासमेतले थाहा पाई होहल्ला गर्दा प्रतिवादी भागी गएको तथ्य मिसिल संलग्न कागजातबाट देखिन्छ । प्रतिवादीले अदालतसमक्ष जबरजस्ती करणीको मनसाय नरहेको भनी इन्कारी बयान गरे पनि निज वारदातस्थलमा गएको र पीडितलाई छोएको स्वीकार गरेको देखिन्छ । पीडित बालिकाको संवेदनशील अंग स्तनमा छुने र निजको कपडा खोल्ने कार्यसम्म भएको सन्दर्भमा मुलुकी अपराध संहिता, २०७४ को दफा २२५(२) बमोजिम निषेधित कार्य गरेको देखिन आयो । यसबाट प्रतिवादीले पीडितउपर जबरजस्ती करणीको उद्योगको तहको कसुर गरेको भन्न मिल्ने देखिँदैन । यस स्थितिमा सुरू भोजपुर जिल्ला अदालतबाट निज प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम जबरजस्ती करणीको उद्योगमा कसुरदार ठहराई सजाय हुने गरी गरेको फैसला उल्टी गरी बाल यौन दुरूपयोगको कसुरमा प्रतिवादीलाई सजाय हुने गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन। तसर्थ, उच्च अदालत विराटनगर, धनकुटा इजलासको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी निज प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरी पीडितलाई मनासिब क्षतिपूर्तिसमेत भराइपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी लालबहादुर श्रेष्ठलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ३४(३) र ऐ. ऐनको दफा २१९ (३) (ख) को कसुर ठहर गरी ७ वर्ष कैद सजाय हुने र पीडितले प्रतिवादीबाट रू.७५,०००।– (पचहत्तर हजार रूपैयाँ) क्षतिपूर्तिसमेत भराइदिने गरी सुरू भोजपुर जिल्ला अदालतको फैसला उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट केही उल्टी गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ को उपदफा (१) र (२) को कसुरमा ऐ. उपदफा (३) बमोजिम २ (दुई) वर्ष कैद र रू. १०,०००/- (दश हजार) जरिवाना हुने र प्रतिवादीबाट रू.२५,०००/- (पच्चिस हजार) क्षतिपूर्ति भराइदिने गरी मिति २०७६।५।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): शिवबहादुर थापा

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल कार्तिक १८ गते रोज ३ शुभम्।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी, ०७६-CR-१११४, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. केशरसिं याखा

प्रत्यक्षदर्शी रहेका पीडितका मामा "०८ चौबिसे ग३" ले यी प्रतिवादी र पीडित बालिकालाई

एकान्तमा भेट्दा प्रतिवादीले करणीको आसयले पीडित बालिकाको सुरूवाल खोलेको भन्ने कुरा बकपत्रमा खुलाएका छन् । प्रतिवादीले जबरजस्ती करणी नै गर्नका लागि निजबाट उक्त कार्य भएको अवस्था नदेखिएको र पीडितलाई उचाल्ने, समाउने तथा यौनाङ्गमा छुने जस्ता कार्यहरू गरेको सम्बन्धमा मुलुकी अपराध संहिता, २०७४ को दफा २२५(२) बमोजिमको बाल यौन दुरूपयोगको कसुरसम्म भएको देखिन आयो। बाल यौन दुरूपयोगको कसुर पुष्टि भएको हुँदा जबरजस्ती करणीको उद्योग भएको भनी मान्न सकिने अवस्था रहेन । यस अवस्थामा प्रतिवादीलाई जबरजस्ती करणीको उद्योगको कसुर ठहर गरी सजाय गरेको सुरू धनकुटा जिल्ला अदालतको फैसला केही उल्टी गरी बाल यौन दुरूपयोगको कसुर ठहर गरी गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासको फैसला अन्यथा देखिन आएन । प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय तथा पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराइपाउँ भन्नेसमेत वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (२) को कसुरमा दफा ३४(१) को उद्योग भई सोही संहिताको दफा २१९ (३)(क) बमोजिम हुन सक्ने सजायको ऐ.संहिताको दफा ३४ को उपदफा (३) अनुसार आधा अर्थात् ८(आठ) वर्ष कैद गरी जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१)(ख) बमोजिम छुट भई वर्ष ४ (चार) कैद सजाय हुने र ऐ.संहिताको २२८ बमोजिम रू.३१,०००/- (एकतिस हजार) क्षतिपूर्ति भराइदिने गरी सुरू धनकुटा जिल्ला अदालतबाट भएको फैसला आंशिक बदर (केही उल्टी) गरी प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ को उपदफा १ र २ को कसुरमा ऐ. उपदफा (३) बमोजिम ३ (तीन) वर्ष कैद र रू.१०,०००/- (दश हजार) जरिवानामा जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ (१)(ख) बमोजिमको छुट सुविधा भई डेढ वर्ष कैद सजाय हुने र रू.२५,०००/- (पच्चिस हजार) क्षतिपूर्तिसमेत भराउने गरी उच्च अदालत विराटनगर धनकुटा इजलासबाट मिति २०७६।३।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: शिवबहादुर थापा

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल कार्तिक १८ गते रोज ३ शुभम् ।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०७१-CR-०३०४, ०५९१, ०८६६, ०७४-RC-००६६, कर्तव्य ज्यान, मदन राई वि. नेपाल सरकार, युवराज गिरी वि. नेपाल सरकार, मन्जु भन्ने फूलमाया ढकाल वि. नेपाल सरकार, नेपाल सरकार वि. सोमनाथ ढकाल

प्रतिवादीहरू मन्जु भन्ने फुलमाया कार्की ढकाल, युवराज गिरी र सोमनाथ ढकालले एकआपसमा मिलोमतो गरी योजनाबद्ध तवरले यादव पौडेलको कर्तव्य गरी हत्या गरेको र उक्त कसुरमा प्रतिवादी मदन राई मतियार रहेको भन्ने तथ्य पुष्टि हुन आएको छ। निज प्रतिवादीहरूको कसुरमा संलग्नता तथा भूमिकाको आधारमा सुरू झापा जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीहरू युवराज गिरी र मन्जु भन्ने फुलमाया कार्की ढकाललाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुरमा ऐ. १३(३) नं. बमोजिम जन्मकैद, प्रतिवादी सोमनाथ ढकाललाई ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिमको कसुरमा ऐ. १३(४) नं. बमोजिम जन्मकैद हुने र प्रतिवादी मदन राईको हकमा ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिमको कसुरमा ऐ. १७(३) नं. बमोजिम ६ महिना कैद हुने गरी भएको पुनरावेदन अदालत इलामको मिति २०७१।३।२४ को फैसला प्रतिवादी सोमनाथ ढकालको हकमा साधक जाँच र

अन्य प्रतिवादीहरूको हकमा पुनरावेदनको रोहमा हेर्दा मिलेकै देखिँदा सदर हुने। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत (उपसचिव): महेन्द्र प्रसाद पौड्याल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल पौष ६ गते रोज २ शुभम्।

८

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा. श्री मनोजकुमार शर्मा, ०७३-WO-०१७३, उत्प्रेषणसहित परमादेश, गणेश पाण्डे वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालयसमेत

निजामती सेवा नेपाल सरकारको सार्वजनिक सेवा प्रवाह गर्ने, सरकारका नीतिहरूको कार्यान्वयन गर्ने मूल संयन्त्र हो। यसमा कार्य गर्ने जनशक्ति योग्यता प्रणालीबाट आफ्नो दक्षता, क्षमता र विज्ञताका आधारमा लोक सेवा आयोगबाट छनौट हुने संवैधानिक र कानूनी व्यवस्था रहेको छ। स्थायी सरकाररूपी यस सेवामा प्रवेश गर्दा योग्यता प्रणालीलाई आत्मसात् गरी निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुने संवैधानिक व्यवस्था रहेको छ। आयोगले आफूले गर्ने काम कारबाही लोक सेवा आयोग ऐन, नियमावली, निर्देशिकालगायतका कानूनी प्रबन्धमा रहेर गर्दछ। निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न अपनाउने कार्यविधि बनाउन लोक सेवा आयोग स्वतन्त्र रहेको छ। लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको छुट तथा अग्रिम अन्तर्वार्ताको व्यवस्था पनि लोक सेवा आयोग नियमावलीबमोजिम नै भएकोले विपक्षी खिमबहादुर खड्कासमेतको छुट अन्तर्वार्ता सञ्चालन गरी सिफारिस गरिएको देखिएको अवस्थामा यी रिट निवेदकले तथ्यगत कुरालाई तोडमोड गरी आयोगको काम कारबाहीलाई प्रभावित पार्ने गरी लोक सेवा आयोग ऐन, २०६६ लोक सेवा आयोग नियमावली, २०६७ को प्रावधानबमोजिमको कार्यविधि पूरा गरी प्रकाशित गरिएको नतिजाउपर चित्त नबुझाई अन्य उम्मेदवारहरूको योग्यता जाँचबुझ पूरा गर्न नपाउँदै आफूलाई एक्लो उम्मेदवार देखाई सिफारिस गर्न गराउन खोज्ने मनोभावनाका साथ प्रस्तुत रिट निवेदन लिई अदालत प्रवेश गरेको देखिन आउने।

लोक सेवा आयोगको वि.नं. १७१००।०७२-०७३(खुला), नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, एघारौं तह (प्रा.), प्रमुख जनस्वास्थ्य प्रशासक / निर्देशक पदमा विपक्षी खिमबहादुर खड्काको पदस्थापना भएको ४ वर्ष भइसकेको देखिन्छ। पदस्थापनाको निर्णय गर्ने नेपाल सरकार मन्त्रिपरिषद्लाई निवेदकले विपक्षी बनाएको अवस्थासमेत देखिएन। उल्लिखित विज्ञापनका सबै परीक्षा प्रणाली कानूनले तोकेका विधि र प्रक्रियासङ्गत नै लिखित परीक्षा र अन्तर्वार्ताको कूल प्राप्ताङ्कका आधारमा कानूनसम्मत योग्यता पुगेका उम्मेदवार सिफारिस भएको देखिएको अवस्थामा यी रिट निवेदकले विपक्षीलाई स्थायी नियुक्तिको लागि सिफारिस गर्ने गरी मिति २०७३।०५।०७ मा भएको लोक सेवा आयोगको निर्णय बदर गरी आफूलाई एक्लो उम्मेदवार कायम गरी बाँकी कामकारबाही सम्पन्न गर्नु भनी विपक्षीको नाममा माग गरेको उत्प्रेषणमिश्रित परमादेशको निवेदन सफा मन र स्वच्छ हातले अदालत प्रवेश गरेको नदेखिएसमेतबाट मागबमोजिमको आदेश जारी हुने अवस्था नदेखिने। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: प्रकाश सुवेदी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल मङ्सिर ३० गते रोज ३ शुभम्।

९

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०७३-WO-०५२७, उत्प्रेषण, रामजी भण्डारी वि. पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय

विमानस्थल आयोजना, पोखरासमेत

पोखरा नयाँ विमानस्थलको क्षेत्रसम्ममा नापी भएको उपत्यका नापीको साबिक छिनेडाँडा वडा नं. ४ कि.नं. २६७ क्षे.फ. ३-२-३-० जग्गा सर्वे नापीमा कायम कित्तासँग भिडाउँदा उक्त जग्गा सर्वे नापीको कि.नं. ४४५ को क्षे.फ. ७-४-२-३ भित्र गाभिएको र नापी कार्यालय कास्कीबाट मिति २०७३/०९/१३ मा प्राप्त कित्ताकाट स्रेस्ता (प्लट रजिस्टर) उतारअनुसार साबिक छिनेडाँडा वडा नं. ४ कि.नं. ४४५ फोड (कित्ता काट) भई कि.नं. १०११, १०१२, १०१३, १०१४, १३५३ र १३५४ हाल कायम भएको देखिन्छ । उल्लिखित कित्ता नम्बरका जग्गाहरू विमानस्थलको उपत्यका नापी नक्साबमोजिम कि.नं. १०१३ क्षे.फ. ०-१२-०-० मध्ये ०-४-१-० क्षे.फ., १०१४ क्षे.फ. ०-१२-०-० मध्ये ०-३-३-०, १३५३ क्षे.फ. १-११-२-० मध्ये ०-२-१-२ क्षे.फ. र १३५४ क्षे.फ. २-९-०२ मध्ये २-८-१-३ क्षे.फ. उपत्यका नापी नक्सालाई सर्वे नक्साले भिडाउँदा/overlap गर्दा मुआब्जा बुझेको क्षे.फ.३-२-३-० बराबर विमानस्थलले लगाइएको तारबारबाट भित्र रहेको भन्ने पोखरा नागरिक उड्डयन कार्यालयको च.नं. २११ मिति २०७५ को पत्रमा उल्लेख भई आएको देखिन्छ । यसरी कित्ताकाट भएका कित्तामध्ये जग्गाधनी टीका थापा कार्कीको नाउँमा कि.न. १०११ क्षे.फ.०-१२-०-०, कि.नं. १०१२ क्षे.फ. ०-१२-०-०, कि.नं. १०१३ क्षे.फ.०-१२-०-० मध्ये पहिल्यै मुआब्जा बुझिसकेको ०-४-१-० क्षे.फ कटाइ बाँकी क्षे.फ.०-७-३-० र कि.नं. १३५३ क्षे.फ. १-११-२-० मध्ये पहिल्यै मुआब्जा बुझिसकेको ०-२-१-२ क्षे.फ. र सार्वजनिक बाटोको रूपमा प्रयोग भएको ०-०-३-० क्षे.फ. समेत कटाई बाँकी १-८-१-२ क्षे.फ. को राजीखुसीले मन्जुरी गरी मिति २०७२/११/१४ गते जग्गाधनी टिका थापा कार्कीले सहीछाप गरी मुआब्जा बुझेको भर्पाईबाट देखिन्छ । साथै उक्त पूरै जग्गाको हक दाबी छाडी मालपोत कार्यालयबाट दाखिल खारेज गरी लगतकट्टा भई प्राधिकरणको नाउँमा जग्गाधनी दर्ता प्रमाण पुर्जासमेत कायम भइसकेको देखिन्छ । त्यसैगरी निवेदक जग्गाधनी रामजी भण्डारीको नाउँमा कायम कि.नं. १०१४ क्षे.फ.०-१२-०-० मध्ये पहिल्यै मुआब्जा बुझिसकेको ०-३-३-० क्षे.फ. कटाई बाँकी ०-८-१-० क्षे.फ.को राजीखुसीले मन्जुरी गरी मिति २०७३/०३/०७ गते मुआब्जा बुझेको भर्पाईमा सहीछाप गरी मुआब्जा बुझी पूरै जग्गाको हकदाबी छाडी मालपोत कार्यालयबाट दाखिला खारेज गरी लगतकट्टा भई प्राधिकरणको नाउँमा जग्गाधनी दर्ता प्रमाण पुर्जासमेत कायम भइसकेको देखिन्छ । अर्का जग्गाधनी चन्द्रकला भण्डारीको नाउँमा कायम कि.नं. १३५४ क्षे.फ. २-९-०-३ मध्ये क्षे.फ. ०-०-३-१ को मुआब्जा पाउने ठहर भएको र उक्त क्षे.फ. को मुआब्जा बुझिलिन निज जग्गाधनी सक्कल जग्गाधनी प्रमाण पुर्जासहित पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय आयोजनामा हालसम्म उपस्थित नभएको हुँदा सो जग्गाको जग्गाधनी प्रमाण पुर्जा प्राधिकरणको नाउँमा कायम गर्ने प्रक्रियामै रहेको भन्ने विपक्षी नागरिक उड्डयन प्राधिकरणको लिखित जवाफमा उल्लेख भएको देखियो । उल्लिखित विवेचित प्रमाणहरूसमेतबाट निवेदकले दाबीको जग्गाको मुआब्जा बुझिसकेको देखिँदा दाबीको कि.नं. १०१४ क्षे.फ.०-१२-०-० जग्गाको मुआब्जा पाउँ भनी निवेदकले लिएको निवेदन जिकिर र निजका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

निवेदकले दाबी गरेको कि.नं. १०१४ क्षे.फ. ०-१२-०-० जग्गाको साबिक कित्ता नम्बर २६७ को क्षे.फ.३-२-३-० जग्गा निवेदक रामजी भण्डारीका पिता युद्धराम भण्डारीको नाउँ दर्तामा रहेको, निजले मुआब्जा बुझ्नको लागि वि.सं.२०३२ सालमा क्षेत्रीय किताबमा सहीछापसमेत गरेको, उक्त जग्गाको मुआब्जा बुझ्ने बखत निज युद्धराम भण्डारीको परलोक भइसकेकोले निजको हकमा निजको श्रीमती अर्थात् रिट निवेदककी

आमा चन्द्रकला भण्डारीले मिति २०३५।१।२ मा मुआब्जा बुझिसकेको मिसिल संलग्न रहेको भर्पाईको प्रतिलिपिबाट देखिएको र उल्लिखित क्षेत्रफलमध्ये ०-३-३-० क्षे.फ. कटाई बाँकी ०-८-१-० क्षे.फ.को राजीखुसीले मन्जुरी गरी मिति २०७३/०३/०७ गते निवेदक रामजी भण्डारीले मुआब्जा बुझेको भर्पाईमा सहीछाप गरी मुअब्जा बुझी पूरै जग्गाको हकदाबी छाडी मालपोत कार्यालयबाट दाखिल खारेज गरी लगतकट्टा भई प्राधिकरणको नाउँमा जग्गाधनी दर्ता प्रमाण पुर्जा कायम भएको देखिएको र निवेदकले मुआब्जा बुझी सहीछाप गरिदिई सो सहीछापलाई निवेदकले इन्कार गर्न सकेको नदेखिँदा निवेदन मागबमोजिम रिट जारी गर्न नमिल्ने। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत (उपसचिव): कोशलेश्वर ज्ञवाली

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल मङ्सिर २१ गते रोज १ शुभम्।

- यसै लगाउको ०७३-WO-०५२८, उत्प्रेषण, चन्द्रकला भण्डारीसमेत वि. पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना, पोखरासमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

१०

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा. श्री मनोजकुमार शर्मा, ०७७-WH-०१३०, बन्दीप्रत्यक्षीकरण, मइदेवी परियार वि. महानगरीय प्रहरी वृत्त, भैंसेपाटीसमेत

नेपालको संविधानको धारा १३३ ले मौलिक हकको प्रचलनका निमित्त सर्वोच्च अदालतलाई असाधारण अधिकार क्षेत्र प्रदान गरेको छ। सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ मा बदनियत, प्रवृत्त भावना लिई कानूनविपरीत वा अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी बन्दीलाई थुनामा राखेको देखिएमा र प्रत्यर्थीले बन्दीलाई थुनाबाट छोड्नु नपर्ने कुनै मनासिब कारण देखाउन नसकेमा वा निजले देखाएको कारण मनासिब नदेखिएमा बन्दीलाई थुनाबाट छोड्ने आदेश दिन सक्ने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। फौजदारी कसुर गरेको अवस्थामा फौजदारी दायित्वबाट कसैले पनि उन्मुक्ति पाउनु हुँदैन। तर संविधानले नै प्रत्याभूत गरेको वैयक्तिक स्वतन्त्रताको उपयोग गरेको वा कुनै राजनीतिक विचार वा आस्था राखेकै आधारमा मात्र फौजदारी दायित्व वहन गराउनु उचित होइन। राजनीतिक आस्था, विचार वा निष्ठा राखेको कारणबाट कुनै नागरिकउपर राज्यले प्रतिशोधपूर्ण व्यवहार गर्नु हुँदैन। कुनै व्यक्तिलाई गैरकानूनी रूपमा वा कानूनको उचित प्रक्रिया पूरा नगरी प्रवृत्त धारणा राखेर बन्दी बनाइएको अवस्था भएमा मौलिक हकको संरक्षणका लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्नुपर्ने।

निवेदकहरूलाई कानूनद्वारा निर्दिष्ट प्रक्रिया र सर्तअनुसार हिरासतमा राखेको नदेखिएको र सो हिरासतमा राख्ने कार्य प्रवृत्त धारणा राखी स्वेच्छाचारी तवरबाट भएको देखिएको हुँदा निवेदक संजिव परियारलाई फरक विचार र आस्था राखेकै कारण महानगरीय प्रहरी परिसर जावलाखेल, ललितपुरले मिति २०७७।०८।०५ मा पक्राउ गरी निजलाई गैरकानूनी थुनामा राखेको देखिएकोले विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: प्रकाश सुवेदी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल मङ्सिर २८ गते रोज १ शुभम्।

११

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा. श्री मनोजकुमार शर्मा, ०७७-WH-०१३१, बन्दीप्रत्यक्षीकरण, प्रेम दर्नालको हकमा तारा नेपाली वि. महानगरीय प्रहरी परिसर, जावलाखेलसमेत

नेपालको संविधानको धारा १३३ ले मौलिक हकको प्रचलनका निमित्त सर्वोच्च अदालतलाई

असाधारण अधिकार क्षेत्र प्रदान गरेको छ । सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ मा बदनियत, प्रवृत्त भावना लिई कानूनविपरीत वा अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी बन्दीलाई थुनामा राखेको देखिएमा र प्रत्यर्थीले बन्दीलाई थुनाबाट छोड्नु नपर्ने कुनै मनासिब कारण देखाउन नसकेमा वा निजले देखाएको कारण मनासिब नदेखिएमा बन्दीलाई थुनाबाट छोड्ने आदेश दिन सक्ने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। फौजदारी कसुर गरेको अवस्थामा फौजदारी दायित्वबाट कसैले पनि उन्मुक्ति पाउनु हुँदैन। तर संविधानले नै प्रत्याभूत गरेको वैयक्तिक स्वतन्त्रताको उपयोग गरेको वा कुनै राजनीतिक विचार वा आस्था राखेकै आधारमा मात्र फौजदारी दायित्व वहन गराउनु उचित होइन । राजनीतिक आस्था, विचार वा निष्ठा राखेको कारणबाट कुनै नागरिकउपर राज्यले प्रतिशोधपूर्ण व्यवहार गर्नु हुँदैन। कुनै व्यक्तिलाई गैरकानूनी रूपमा वा कानूनको उचित प्रक्रिया पूरा नगरी प्रवृत्त धारणा राखेर बन्दी बनाइएको अवस्था भएमा मौलिक हकको संरक्षणका लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्नुपर्ने।

निवेदकलाई कानूनद्वारा निर्दिष्ट प्रक्रिया र सर्तअनुसार हिरासतमा राखेको नदेखिएको र सो हिरासतमा राख्ने कार्य प्रवृत्त धारणा राखी स्वेच्छाचारी तवरबाट भएको देखिएको हुँदा निवेदक प्रेम दर्नाललाई फरक विचार र आस्था राखेकै कारण महानगरीय प्रहरी परिसर जावलाखेल, ललितपुरले मिति २०७७।०८।०५ मा पक्राउ गरी निजलाई गैरकानूनी थुनामा राखेको देखिएकोले विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: प्रकाश सुवेदी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल मङ्सिर २८ गते रोज १ शुभम्।

१२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा. श्री मनोजकुमार शर्मा, ०७७-WH-०१३९, बन्दीप्रत्यक्षीकरण, सविता अधिकारी रेग्मीको हकमा मनिषराज अधिकारी वि. महानगरीय प्रहरी परिसर, भक्तपुरसमेत

नेपालको संविधानको धारा १३३ ले मौलिक हकको प्रचलनका निमित्त सर्वोच्च अदालतलाई असाधारण अधिकार क्षेत्र प्रदान गरेको छ । सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ मा बदनियत, प्रवृत्त भावना लिई कानून विपरीत वा अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी बन्दीलाई थुनामा राखेको देखिएमा र प्रत्यर्थीले बन्दीलाई थुनाबाट छोड्नु नपर्ने कुनै मनासिब कारण देखाउन नसकेमा वा निजले देखाएको कारण मनासिब नदेखिएमा बन्दीलाई थुनाबाट छोड्ने आदेश दिन सक्ने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। फौजदारी कसुर गरेको अवस्थामा फौजदारी दायित्वबाट कसैले पनि उन्मुक्ति पाउनु हुँदैन। तर संविधानले नै प्रत्याभूत गरेको वैयक्तिक स्वतन्त्रताको उपयोग गरेको वा कुनै राजनीतिक विचार वा आस्था राखेकै आधारमा मात्र फौजदारी दायित्व वहन गराउनु उचित होइन । राजनीतिक आस्था, विचार वा निष्ठा राखेको कारणबाट कुनै नागरिकउपर राज्यले प्रतिशोधपूर्ण व्यवहार गर्नु हुँदैन। कुनै व्यक्तिलाई गैरकानूनी रूपमा वा कानूनको उचित प्रक्रिया पूरा नगरी प्रवृत्त धारणा राखेर बन्दी बनाइएको अवस्था भएमा मौलिक हकको संरक्षणका लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्नुपर्ने हुन्छ। यसै सन्दर्भमा यस अदालतबाट निवेदक तेजबहादुर मोक्तानसमेत विपक्षी नेपाल सरकार, गृह मन्त्रालयसमेत भएको बन्दीप्रत्यक्षीकरणको निवेदनमा "राजनीतिक आस्था, विचार वा निष्ठा राखेको कारणबाट कुनै नागरिकउपर राज्यले प्रतिशोधपूर्ण व्यवहार गर्न नहुने, "राज्यको तर्फबाट नागरिकप्रति

प्रवृत्त धारणा राखेर बन्दी बनाइएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्नु अदालतको समेत कर्तव्य बन्दछ" (ने.का.प. २०७६, अङ्क ६, नि.न. १०२८१) भनी सिद्धान्तसमेत प्रतिपादन भएको पाइएको।

निवेदकलाई कानूनद्वारा निर्दिष्ट प्रक्रिया र सर्तअनुसार हिरासतमा राखेको नदेखिएको र सो हिरासतमा राख्ने कार्य प्रवृत्त धारणा राखी स्वेच्छाचारी तवरबाट भएको देखिएको हुँदा निवेदक सविता अधिकारी रेग्मीलाई फरक विचार र आस्था राखेकै कारण महानगरीय प्रहरी परिसर भक्तपुरले मिति २०७७।०८।१२ मा पक्राउ गरी निजलाई महानगरीय प्रहरी परिसर भक्तपुरमा गैरकानूनी थुनामा राखेको देखिएकोले विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: प्रकाश सुवेदी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल मङ्सिर २८ गते रोज १ शुभम्।

इजलास नं.२

१३

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७४-CR-०१६३, भ्रष्टाचार (रिसवत), राजकुमार थापा वि. नेपाल सरकार

प्रतिवादी राजकुमार थापालाई दिनका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट उजुरकर्तालाई दिई पठाएको सरकारी कोषको रकम प्रतिवादीले काम गरिरहेको कार्यालयमा गएर निजलाई दिएको र आयोगको टोलीले तत्काल सो रकम बरामद गरेको पाइयो। यसरी रकम बरामद भएको कुरालाई नै मुख्य भरपर्दो र निर्णायक प्रमाण मानेर सुरू विशेष अदालतले प्रतिवादीउपर आरोप दाबी ठहर गरेको देखिन्छ । सो बरामदीबाहेक यी प्रतिवादीउपरको अभियोग पुष्टि गर्ने अन्य कुनै पनि भरपर्दो र विश्वसनीय प्रमाण अभियोजन पक्षबाट पेस हुन सकेको नदेखिने।

यस अदालतको संवैधानिक इजलासबाट अधिवक्ता विष्णुप्रसाद घिमिरे विरूद्ध सङ्घीय संसद्समेत भएको ०७४-WC-००२० को रिट निवेदनमा मिति २०७८।०१।०८ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० नेपालको संविधानको धारा १३३ को उपधारा (१) बमोजिम मिति २०७८ साल वैशाख ८ गतेदेखि लागु हुने गरी अमान्य र बदर हुने भनी निर्णय भएको देखिएको।

प्रतिवादी राजकुमार थापाबाट बरामद भएको रकम अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नै उपलब्ध गराएको रकम हो भन्ने देखिएको छ । कार्यालयमा काम गरिरहेको अवस्थामा आफूलाई पक्राउ गरेको भनी प्रतिवादीले जिकिर लिएको देखिन्छ। माथि विवेचना भएअनुसार उक्त रकमबाहेक प्रतिवादीउपरको अभियोग पुष्टि गर्ने तथ्यगत अन्य आधार, प्रमाण अभियोजन पक्षले पेस गरेको नदेखिएको अवस्थामा माथि उल्लिखित ०७४-WC-००२० को रिट निवेदनमा प्रतिपादित सिद्धान्तको पृष्ठभूमिमा यी प्रतिवादी राजकुमार थापाबाट बरामद गरिएको रू.३०,०००।- (तिस हजार रूपैयाँ) र सोसम्बन्धी मुचुल्कालाई प्रमाणमा ग्रहण गरी सोको मात्र आधारमा यी प्रतिवादीलाई कसुरदार मान्न मिल्ने देखिन आएन। वस्तुत: उपर्युक्त रीतले कर्मचारीबाट रकम बरामद गरिएको देखाइएको आधारमा उसले भ्रष्टाचार गरेको मान्न नमिल्ने उल्लिखित यस अदालतबाट प्रतिपादित सिद्धान्तबाट देखिन आएकाले अभियोगदाबी अनुसार यी प्रतिवादीले कसुर गरेको ठहऱ्याई निजलाई सजाय गर्ने गरेको विशेष अदालत काठमाडौंको फैसला मिलेको देखिन नआउने।

अतः प्रतिवादी राजकुमार थापाबाट बरामद

गरिएको रकमलाई प्रस्तुत मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने भएको र सोबाहेक अन्य कुनै भरपर्दो र विश्वसनीय प्रमाण पेस गरी अभियोजन पक्षले प्रतिवादीउपरको अभियोगदाबी प्रमाणित गर्न सकेको नदेखिएको हुँदा यी पुनरावेदक प्रतिवादी राजकुमार थापालाई कसुरदार ठहऱ्याई सजाय गर्ने गरेको विशेष अदालत काठमाडौंको मिति २०७३।०८।०२ को फैसला मिलेको नदेखिएकाले उल्टी भई निज पुनरावेदक प्रतिवादीले अभियोगदाबीबाट सफाइ पाउने ठहर्छ। पुनरावेदक प्रतिवादीलाई अभियोगदाबीबमोजिम कसुरदार ठहऱ्याई सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको अभियोगदाबी पुग्न नसक्ने।

इजलास अधिकृत: शारदा फुयल (उप-सचिव)

कम्प्युटर: समी नेपाली

इति संवत् २०७८ साल असोज १२ गते रोज ३ शुभम्।

१४

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सुष्मालता माथेमा, ०७८-WH-००८५, बन्दीप्रत्यक्षीकरण, प्रकाश बुढाथोकी वि. काठमाडौं जिल्ला अदालतसमेत

तत्काल कसुर गर्दाको अवस्थामा यी प्रतिवादीको उमेर २१ वर्षको देखिई परिपक्व भइसकेको भन्नेसमेत देखिँदैन । निज उक्त मुद्दा चलिसकेपछि विदेशमा गई फर्केर आई आफ्नो व्यवसाय गरी आएको भन्ने जिकिर भएको र त्यसपछि निजले कुनै किसिमको कसुर अपराध गरेको भन्ने अभिलेखसमेत नभई निजको आचरणसमेतलाई विचार गर्दा निजलाई कैदमा नराखी छाड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्न सक्ने सम्भावना रहेको पनि देखिएन। साथै त्यसरी एक वर्षभन्दा कम सजाय भएको मुद्दामा कैदमा नबसी छुट पाएको व्यक्तिले त्यसरी छुटेको मितिले तीन वर्षभित्र कैदको सजाय हुने कुनै कसुर गरेमा निजलाई पहिले भएको कैदसमेत थपी सजाय कार्यान्वयन गर्नुपर्ने छ भन्ने व्यवस्था रहेकोसमेत हुँदा पुनः कसुर गरेमा थप सजाय हुने डरले समेत कसुरदारलाई थप जिम्मेवार बनाएको पाइने।

फौजदारी मुद्दामा सजाय गर्नुको उद्देश्य कसुरदारलाई आफ्नो कार्यप्रति पश्चाताप बोध गराउनु, कसुरदारलाई समाजमा पुनर्स्थापना गराउनु पनि हो । मिसिल संलग्न निवेदनमा यी निवेदक विदेशमा गई काम गरी कमाएको पैसाले नेपालमै मोबाइल पसल खोली व्यवसाय गरिआएको भन्ने रहेको अवस्थामा निजले गरेको कसुरबापत निजलाई कठोर दायित्व वहन गराउनु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जान्छ। हाम्रो फौजदारी न्याय प्रणालीले कारागारलाई अन्तिम विकल्पको रूपमा राखेको र सजाय गर्दासमेत कसुरको अनुपातमा अन्य सजाय नै पर्याप्त भए कैद सजाय गर्न हुँदैन भन्ने फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४(ङ) ले व्यवस्था गरेको पाइन्छ भने कैदको सजाय भइसकेकोमा पनि १ वर्षभन्दा कम कैद भएको अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ ले कैदबापत रकम लिन सक्ने व्यवस्था भएकोमा काठमाडौं जिल्ला अदालतबाट निवेदकलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(३) बमोजिम सुविधा नदिने गरी भएको आदेशलाई सदर गरेको उच्च अदालत पाटनको आदेश कानूनसम्मत देखिन नआउने।

अब, निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा हेर्दा, यी निवेदकलाई सरकारी छाप दस्तखत किर्ते मुद्दामा १(एक) वर्ष कैद र रू.५०।- जरिवाना हुने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७०।११।२५ मा भएको फैसलाले लागेको कैद र जरिवाना बेरूजु रहेकै अवस्थामा यी निवेदक अर्को मुद्दाको म्याद बुझ्ने क्रममा काठमाडौं जिल्ला अदालतसमक्ष उपस्थित हुँदा बेरूजु कैद जरिवानाबापत कैदपुर्जी दिई कारागार कार्यालयमा कैदमा राख्न पठाइएको देखिन्छ । यी निवेदकले

कारागारमार्फत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(३) को सुविधा माग गरेको देखिँदा दफा १५५(३) को सुविधा प्राप्त नहुँदासम्म अन्तिम भएर बसेको फैसला बमोजिम कैदमा बस्नुपर्ने हुँदा काठमाडौं जिल्ला अदालतको तहसिल शाखाबाट कैदीपुर्जी जारी गरी कैद म्याद ठेकी बेरूजु लगत असुल गर्न पठाइएको कार्यलाई गैरकानूनी भन्न मिलेन। निज कानूनबमोजिम सजाय असुलीको क्रममा थुनामा रहेको देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको रिट जारी हुनुपर्ने अवस्था देखिन नआउने।

तथापि, यी निवेदकलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(३) बमोजिम दिनको रू.३००।- का दरले यी निवेदकलाई भएको कैदबापतको रकम बुझिलिई कैद कट्टा गर्न नमिल्ने भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।०७।११ मा भएको आदेशलाई सदर गर्ने गरी भएको उच्च अदालत पाटनको मिति २०७८।०७।२५ को आदेश मिलेको नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरी दिएको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम निवेदकलाई सुविधा प्रदान गर्न मिल्ने देखिँदा उक्त दफाबमोजिम उपयुक्त आदेश गर्नु भनी काठमाडौं जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। परमादेशको आदेशबाट निवेदकले कानूनी उपचार प्राप्त गर्ने नै हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु नपर्ने।

इजलास अधिकृतः गम्भीर घिमिरे

कम्प्युटर : समी नेपाली

इति संवत् २०७८ साल मङ्सिर २१ गते रोज ३ शुभम्।

इजलास नं.३

१५

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०७४-CR-०५०४, कर्तव्य ज्यान, चित्रबहादुर सुनाम वि. नेपाल सरकार

मृतकको मृत्युको कारण कुटपिट वा विष हो भन्ने यकिन नभएको अवस्थामा डाक्टरको बकपत्र महत्त्वपूर्ण हुने हुन्छ। प्रस्तुत विवादमा मेडिकल रिपोर्टमा Multiple Injuries-Viscera Report Negative तथा विष सेवनबाट मरेको होइन भन्ने डाक्टरको बकपत्र रहेको पाइन्छ। जाहेरवाला भिमबहादुर नेपालीको किटानी जाहेरी एवं बकपत्र, घटना विवरण कागज गर्ने फौदसिंह दमाई, सुरेश दमाई, सुन्तली नेपालीको मौकाको कागज एवं अदालतसमक्ष भएको बकपत्र र प्रतिवादीको अनुसन्धानका क्रममा र अदालतसमेतमा भएको बयानबाट प्रतिवादी चित्रबहादुर सुनामले प्रमिला नेपालीलाई कुटपिट गरी मारेको भन्ने पुष्टि हुन आएको र सो कुरा घटनास्थल, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन र शव परीक्षण प्रतिवेदन गर्ने चिकित्सकको बकपत्रसमेतबाट मालाकार रूपमा समर्थित हुन आएको।

प्रतिवादीले मृतकलाई आफूले कुटपिट गरेको नभई मृतक आफैँले विष सेवन गरी आत्महत्या गरेको हुँदा सर्वस्वसहित जन्मकैद गरेको उच्च अदालतको फैसला उल्टी गरी सफाइ पाउनुपर्छ भनी आफ्नो पुनरावेदन जिकिरमा यस अदालतबाट भएको पूर्व नजिर वादी श्री ५ को सरकार विरूद्ध सोमरेन्जी शेर्पासमेत (ने.का.प. २०४२, अङ्क १०, नि.नं. २५०६, पृ. ८९८) तथा वादी श्री ५ को सरकार विरूद्ध नारूदेवी भण्डारी (ने.का.प. २०४५ अङ्क १०, नि.नं. ३६२३, पृ.१०९०) को मुद्दामा प्रतिपादित सिद्धान्तको उल्लेख गरी जिकिर लिए तापनि दुवै नजिरमा मानिस मारेको कुरा कुनै प्रमाणले पुष्टि भएको नदेखिँदा प्रतिवादीले सफाइ पाउने गरी भएको उक्त निर्णय तथा नजिर प्रस्तुत मुद्दामा आकर्षित हुने नदेखिने। तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. मा "लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा

अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जना भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ.......” भन्ने कानूनी व्यवस्था रहेको छ । उक्त कानूनी व्यवस्थाको आधारमा प्रस्तुत मुद्दामा मृतकले विष सेवन गरेको कुरा पुष्टि नभएको र मृतकको ओठ, गाला, टाउको, शरीरको विभिन्न भागमा निलडाम तथा चोटपटक रहेको देखिएको, प्रतिवादी स्वयंले मृतकसँग पहिलेदेखि झगडा हुने गरेको र वारदातको समयमा समेत भनाभन भई मृतकले आफूलाई गालामा चिथोरेको भनी मृतकसँग झगडा परेको तथ्य व्यक्त गरेको र त्यसको केही समयपछि मृतकको मृत्यु भएको भनी स्वीकार गरेको अवस्थाले समेत निजले उक्त मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको देखिन्छ । तसर्थ प्रतिवादी चित्रबहादुर सुनामलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम अभियोग माग दाबी भएकोमा निजलई ऐ. को १३(३) नं. बमोजिम सजाय हुने ठहरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत पाटनको फैसला इन्साफको रोहमा मिलेकै देखिन आउने ।

मुलकी ऐन खारेज भई हाल कायम रहेको मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१)(२) ले तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३ (१) (३) नं.बमोजिम कसुर हुने कार्यलाई मुलुकी अपराध संहिताले निरन्तरता दिई अपराधिकरण (criminalized) गरेको देखिन्छ । तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सजाय गर्दा सर्वस्वसहित जन्मकैद हुने व्यवस्था रहेको पाइन्छ । तथापि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने कानूनी व्यवस्थाका साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२)(ख) को प्रतिबन्धात्मक वाक्यांशमा कुनै फौजदारी कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएको भन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा सर्वस्वसहित जन्मकैदको सजाय हुने कानूनी व्यवस्था नभएको र ऐ. को दफा १७७ (२) मा ज्यान मर्ने कसुर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजाय मात्र हुने भन्ने कानूनी व्यवस्था रहेको छ । उक्त कानूनी व्यवस्थासमेतको आधारमा यी प्रतिवादीलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने देखिए पनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (२) को कानूनी व्यवस्थाको आधारमा निजलाई जन्मकैदको सजाय मात्र हुने भई सर्वस्व ठहर गरिरहनुपर्ने नदेखिने ।

मेडिकल रिपोर्टमा Multiple Injuries-Viscera Report Negative तथा विष सेवनबाट मरेको होइन भन्ने डाक्टरले गरेको बकपत्र, मृतकसँग वारदातको समयमा झगडा गरेको तथ्यमा साबित भई प्रतिवादीले गरेको बयानसमेतका आधार, कारणबाट पुनरावेदक प्रतिवादी चित्रबहादुर सुनामको कुटपिटबाट निजकी श्रीमतीको मृत्यु भएको भन्ने देखिन आएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिम सजाय गर्ने गरेको सुरू रामेछाप जिल्ला अदालतको मिति २०७३।३।२६ को फैसला सदर ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७४।३।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) र केही नेपाल कानूनलाई संशोधन, एकीकरण,

समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) (ख) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम निजलाई सर्वस्व गरिरहनुपर्ने देखिएन। जन्म कैद मात्र हुने।
इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर
कम्प्युटर : रवि दुवाल

इति संवत् २०७७ साल असार १८ गते रोज ५ शुभम्।

१६

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी, ०७५-CR-१७८०, लागु औषध (ब्राउन सुगर), नेपाल सरकार वि. शेरअली जोलाहसमेत

प्रतिवादी शेरअली जोलाहले समेत आफू लागु औषध सेवनकर्ता रहेको भनी अदालतसमक्ष बयान गरेको देखिन्छ । जुन कुरा नेपाल सरकार विरूद्ध शेरअली जोलाह (०७०-CR-०२८७) मुद्दामा बाँके जिल्ला अदालतबाट मिति २०७१/०३/३२ मा भएको फैसलाबाट समेत प्रमाणित भएको देखियो । यसरी प्रतिवादी शेरअली जोलाह लागु औषधको सेवनकर्तासम्म रहेको देखिएकोमा निज प्रतिवादी शेरअली जोलाहले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुर गरेको देखिन आएको।

प्रतिवादी सन्जय पौडेलबाट ५०० मि.ग्रा. लागु औषध बरामद भएको देखिन्छ । निजले आफू लागु औषधको सेवनकर्ता रहेकोमा साबित रही अदालतमा बयान गरेको देखियो। निजले लागु औषध कसलाई बेचबिखन गरेको हो भनी तथ्ययुक्त अभियोग दाबीसमेत गरेको नदेखिएको र वस्तुनिष्ठ प्रमाणबाट पुष्टिसमेत नभएकोले निजलाई लागु औषध (नियन्त्रण) ऐन,२०३३ को दफा ४(छ) अनुसार सेवनको कसुर गरेको देखिन आएको।

अर्का प्रतिवादी शेरअली जोलाहले लागु औषध (नियन्त्रण) ऐन,२०३३ को दफा ४(घ)(च) को कसुर गरेको नभई ऐ.दफा ४(छ) को कसुर गरेको देखिन आएको हुँदा दफा १४(१)(ङ) बमोजिम सजाय गरी निजले प्र.ह. यज्ञबहादुर बस्नेतको प्रतिवेदनले वादी नेपाल सरकार र यिनै प्रतिवादी शेरअली जोलाह भई चलेको ०७०-CR-०२८७ को लागु औषध ब्राउन सुगर र कोडिन मुद्दामा लागु औषध (नियन्त्रण) ऐन,२०३३ को दफा ४(छ) को कसुरमा ऐ.१४(१)(ङ)(ज) बमोजिम २ महिना कैद र दुई हजार जरिवाना सजाय हुने ठहरी सुरू बाँके जिल्ला अदालतबाट मिति २०७१/०३/३२ मा भएको फैसला तत्कालीन पुनरावेदन अदालत नेपालगञ्जबाट समेत सदर भई अन्तिम भइरहेको देखिँदा अभियोग दाबीबमोजिम सोही ऐनको दफा १६ बमोजिम थप सजायसमेत गर्नुपर्नेमा निज प्रतिवादी शेरअली जोलाहलाई लागु औषध (नियन्त्रण) ऐन,२०३३ को दफा ४(घ) र (च) को कसुरमा सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम ५ वर्ष कैद सजाय हुने ठहऱ्याई सुरू बाँके जिल्ला अदालतबाट मिति २०७३/०९/२५ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी शेरअली जोलाहलाई लागु औषध (नियन्त्रण) ऐन,२०३३ को दफा ४(छ) को कसुरमा सोही ऐनको दफा १४(१)(ङ) बमोजिम एक वर्ष कैद सजाय भई सोही ऐनको दफा १६ बमोजिम थप एक वर्ष कैद सजायसमेत हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासबाट मिति २०७५/०३/१२ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

अतः प्रतिवादीहरूले लागु औषधको कारोबारी, खरिद बिक्री, सञ्चय, ओसार पसार गरेको नदेखिई लागु औषध सेवनसम्म गरेको तथ्य पुष्टि हुन आएकोले प्रतिवादीहरू संजय पौडेल र कृष्ण पौडेलले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(६) को कसुर गरेको हुँदा निजहरूलाई सोही ऐनको दफा १४(१)(ङ) बमोजिम जनही ७,००० (सात

हजार रूपैयाँ) जरिवाना हुने तथा प्रतिवादी शेरअली जोलाहले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) र (च) बमोजिम लागु औषध खरिद बिक्री वितरण ओसारपसारको कसुर गरेको ठहर्‍याई निजलाई सोही ऐनको दफा १४(१) (छ)(१) अनुसार कसुरको मात्राअनुसार ५ वर्ष कैद सजाय हुने ठहरी र प्रतिवादी राजबाबु पठानको मिति २०७३/०३/०६ मा मृत्यु भइसकेको मृत्यु दर्ता प्रमाण पत्रबाट देखिएकोले सजाय गरिरहनु परेन भनी सुरू बाँके जिल्ला अदालतबाट मिति २०७३/०९/२५ मा भएको फैसला, प्रतिवादीहरू संजय पौडेल र कृष्ण पौडेलको हकमा सुरू अदालतबाट भएको फैसला मिलेको देखिँदा सदर हुने र प्रतिवादी शेरअली जोलाहको हकमा केही उल्टी भई निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुर ठहर्‍याई सोही ऐनको दफा १४(१)(ङ) बमोजिम १ वर्ष कैद सजाय हुने तथा पटके कसुर गरेको हुँदा सोही ऐनको दफा १६ बमोजिम थप एक वर्ष कैद सजायसमेत हुने ठहर्‍याई उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासबाट मिति २०७५/०३/१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर : रवि दुवाल

इति संवत् २०७७ साल कार्तिक १९ गते रोज ४ शुभम्।

१७

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी, ०७५-CR-१४४६, कर्तव्य ज्यान, नेपाल सरकार वि. दानबहादुर चन्दसमेत

मृतक अर्जुनबहादुर चन्दले मादकपदार्थ सेवन गरेको अवस्थामा मात्तिएर मेरो टाउकोमा मुड्कीले हिर्काएको कारणबाट तत्काल रिस थाम्न नसकी विरबहादुर चन्दको भट्टी पसलमा राखेको दुराको चिर्पटले मृतक अर्जुनबहादुर चन्दलाई हिर्काउँदा पल्टिन गयो, त्यसपछि खुट्टादेखि हातसम्म हिर्काएको हुँ भनी अनुसन्धान अधिकारीसमक्ष बयान गरेको पाइन्छ भने सुरू अदालतमा आरोपित कसुरमा इन्कार रही प्रतिवादी दानबहादुर चन्दले बयान गरेको देखिन्छ। यसैगरी अर्का प्रतिवादी नरेन्द्रबहादुर चन्दले दानबहादुर चन्दले मृतकलाई पिटिरहेको देखेको हुँ भनी आरोपित कसुरमा इन्कार रही अनुसन्धान अधिकारी तथा सुरू अदालतमा बयान गरेको देखिन्छ । मृतक अर्जुनबहादुर चन्दको मृत्यु टाउको र शरीरको चोटबाट भएको हो भन्ने मृतकको लास पोष्टमार्टम रिपोर्टबाट देखिन्छ भने वारदात स्थलमा मादक पदार्थ सेवन गरी यी प्रतिवादीहरू र मृतक अर्जुन चन्दबिच कुटपिट भएको तथ्य पुष्टि हुन आएको देखिन्छ। यसरी मृतकको मृत्यु प्रतिवादीहरूले तत्काल उठेको रिस थाम्न नसकी नजिकै रहेको दाउराको चिर्पटले तथा आगो फुक्ने फलामको डन्डीले मृतक अर्जुनबहादुर चन्दलाई प्रहार गरेको चोटको कारणबाट मृतकको मृत्यु हुन आएको देखिन आउने।

अतः प्रतिवादीहरू र मृतकबिच आपसमा भएको सामान्य विवाद के कारणबाट उत्तेजित भई त्यसैको आवेगमा प्रतिवादीहरू दानबहादुर चन्द र नरेन्द्रबहादुर चन्दले प्रहार गरेको चोटपिरको कारणले मृतकको मृत्यु भएको भन्ने मिसिल कागजबाट पुष्टि हुन आएकोले प्रतिवादीहरू दानबहादुर चन्द र नरेन्द्रबहादुर चन्दलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को कसुर गरेको हुँदा सोही नं. बमोजिम जनही १० वर्ष कैद सजाय हुने ठहरी सुरू बैतडी जिल्ला अदालतबाट मिति २०६५/१०/१३ मा भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०६६/०३/१० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७७ कार्तिक १९ गते रोज ४ शुभम्।

इजलास नं.४

१८

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा, ०७२-CI-१८२८, करारबमोजिम गाडीको रकम भुक्तानी गरिपाऊँ, मोहनकुमार चौधरी वि. हिमालय बहुउद्देश्य सहकारी संस्था लिमिटेड, काठमाडौंसमेत

पुनरावेदक वादीको दाबी हेर्दा मुख्य रूपमा करार ऐन, २०५६ को दफा ८३ (३) अनुसारको रहेको देखिन्छ । करार ऐन, २०५६ को दफा ८३ (३) मा " उपदफा (२) बमोजिमको क्षतिपूर्ति उल्लेख नभएकोमा त्यस्तो क्षतिपूर्ति दाबी गर्ने पक्षले करारको उल्लङ्घनबाट प्रत्यक्ष र वास्तविक रूपमा भएको हानि नोक्सानीबापत वा करार उल्लङ्घन भएबापत वा क्षतिपूर्तिबापत मनासिब माफिकको रकम भराई लिन पाउने छ । अप्रत्यक्ष वा काल्पनिक हानि नोक्सानी भराई लिन पाउने छैन ।" भन्ने व्यवस्था भएको देखिन्छ । प्रस्तुत विवादमा क्षतिपूर्ति सम्बन्धमा कुनै सर्तहरू उल्लेख भएको छैन । तथापि उक्त कानूनी व्यवस्थाअनुसार प्रत्यक्ष र वास्तविक रूपमा भएको हानि नोक्सानीबापत मनासिब क्षतिपूर्ति रकम भराइ लिन पाउने भन्ने देखिन्छ । बिक्री भएको गाडीको भुक्तानी प्राप्त नगरेको भन्नेसम्म देखिन्छ । प्रस्तुत विवादमा गाडी खरिद गर्ने र बिक्री गर्ने भनी दुवै पक्षले मन्जुर गरेको देखिन्छ । विपक्षीले गाडी खरिद गर्न पुनरावेदकतर्फबाट कोटेसन लिएको भन्ने रहेको छ । अर्थात् कुनै सामान खरिद गर्ने ईच्छा गरेकोमा बिक्रेताले बिक्री गरेको र सामान खरिद बिक्रीको कारोबार भएको हो । यस्तो कारोबारमा भुक्तानी कहिले दिने कसरी दिने भनी लिखित रुपमा कुनै सम्झौता भएको भन्ने देखिँदैन । लामो अवधिसम्म गाडीको रकम भुक्तान नदिएको आलटाल गरेको भन्ने फिरादमा उल्लेख छ । यस प्रकारको कारोबारमा वास्तविक हानि नोक्सानी भएको तथ्य पुनरावेदकले पुष्टि गर्नुपर्दछ । रू.५,००,०००।– (पाँच लाख) हानि नोक्सानी हुन गएको आधार कारण प्रमाणबाट समर्थित हुनुपर्दछ । अनुमानको आधारमा हानि नोक्सानी भराउन मनासिब नहुने ।

वस्तुतः हानि नोक्सानी भएमा क्षतिपूर्ति पाउने भनी कुनै लिखित सम्झौतामा उल्लेख नभएको र यस प्रकारको खरिद बिक्रीको कारोबारमा वास्तविक हानि भएको वादीले प्रमाणित गर्नुपर्ने हुँदा बिना सबुद प्रमाणको क्षतिपूर्ति भराइदिन मिल्ने नदेखिने ।

यसै सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट बेखा महर्जन विरूद्ध पवनकुमार के.सी. समेतको मुद्दामा "जरिवाना असुल गर्ने वा दण्ड दिने कार्य राज्य निहित कानूनको आधारमा मात्र गर्न सकिन्छ । कुनै करार यसका पक्षहरूले आफूलाई मात्र लागु हुने गरी बनाएको व्यक्तिगत कानून (private law) भएको हुनाले यस्तो करारमा व्यवस्था गरी करार उल्लङ्घन हुँदा प्राप्त हुने क्षतिपूर्तिको नाममा जरिवाना असुल गर्ने अधिकार यसका पक्षलाई प्राप्त नहुने ।

करारमा उल्लेख गरेको कुनै रकम करार उल्लङ्घन हुँदा निर्दोष पक्षलाई पुग्न गएको वास्तविक नोक्सानीभन्दा बढी भएको देखिएमा यस्तो बढी रकमले जरिवाना (penalty) को रूप धारण गर्ने भएकोले यस्तो बढी रकम भराई लिन दिन नहुने ।

अदालतलाई क्षतिपूर्तिको रकम निर्धारण गर्नेबारेमा ठुलो स्वविवेकीय अधिकार दिएको छ र यो अधिकार प्रयोग गर्दा करारको उल्लङ्घनबाट पुग्न जाने भनिएको नोक्सानीको वास्तविक मूल्याङ्कन गर्नुपर्दछ । करार उल्लङ्घन भएको कारणले मर्का पर्‍यो भन्ने पक्षले यसबाट नोक्सान सहन परेको कुरा प्रमाणित गर्न नसकेको अवस्थामा करारमा तोकिएको रकम वा क्षतिपूर्तिबापत पाउने भनिएको रकम भराउनै पर्दछ भन्ने अनिवार्य छैन । नोक्सानी परेको

अवस्था प्रमाणित भएको अवस्थामा पनि करारमा तोकिएको रकमको सीमाभन्दा बढी नहुने रकम मात्र भराइदिनुपर्ने।

करार उल्लङ्घन गरेको कारणले करारमा उल्लेख भएको रकम वा क्षतिपूर्तिबापत पाउने भनेको रकम भराइपाउँ भन्ने दाबी गर्ने पक्षले करार ऐन, २०५६ को दफा ८३(२) अनुसारको स्पष्ट दाबी लिएको हुनुपर्दछ र करार उल्लङ्घन भएको कारणले आफूलाई नोक्सानी परेको कुराको आधार र प्रमाण पनि पेस गर्न सक्नुपर्ने।" भन्ने सिद्धान्त (नेपाल कानून पत्रिका-२०६७, अङ्क ५, नि.नं. ८३८२) प्रतिपादन भएको पाइन्छ । तसर्थ वास्तविक क्षतिको आधार कारण नखुलाई लिइएको क्षतिपूर्तितर्फको वादी दाबी पुग्न सक्ने अवस्था नदेखिने।

नेपाल कानून पत्रिका-२०६८, अङ्क ६, नि.नं.८६३५ मा "एक पक्षबाट करारको उल्लङ्घन हुनासाथ अर्को पक्षले करारमा उल्लिखित पूरै रकम क्षतिपूर्तिबापत भराई लिन पाइहाल्ने भन्ने होइन। क्षतिपूर्तिको रकम अत्याधिक वा बेमुनासिब भई एक पक्षले अर्को पक्षबाट बेमुनासिब लाभ वा फाइदा (Unjust Enrichment) पाउने अवस्थामा क्षतिपूर्ति भनी उल्लेख गरिएको रकमले पेनाल्टी वा जरिवानाको रूप पनि धारण गर्नसक्ने।

व्यापारिक प्रकृतिका देवानी कारोबार वा कारबाहीमा राज्यले त कुनै पनि रूपमा जरिवाना, पेनाल्टी असुल गर्ने कानून बनाउन सक्दैन भने कुनै करारको एक पक्षले अर्को पक्षबाट जरिवाना वा पेनाल्टी भरी लिन सक्ने अधिकार नहुने।

करार उल्लङ्घन हुँदा प्राप्त हुने क्षतिपूर्ति भनी करारमा उल्लेख गरिएको रकम करारको एक पक्षले करारको उल्लङ्घन हुँदा अर्को पक्षलाई पुग्न गएको वा पुग्ने व्यावसायिक हानि नोक्सानीको वास्तविक क्षतिपूर्तिको पूर्वानुमानभन्दा अत्यधिक देखिएको अवस्थामा यसरी तोकिएको रकमले जरिवानाको रूप लिने हुन्छ र यस्तो रकम अदालतले भराउँदैन। करार उल्लङ्घनबाट मर्का पर्ने पक्षले आफूलाई क्षति पुग्न गएको कारण र आधार प्रस्तुत गर्न सकेको छ वा छैन भन्ने आधारमा पनि भिन्नता छुट्याउन सकिने।

करार उल्लङ्घनबाट पुग्न गएको क्षतिपूर्तिको रकम प्रमाणित गर्न नसकेको वा प्रमाणित रकमभन्दा अत्यधिक र बेमुनासिब देखिएको अवस्थामा पनि करारमा लेखिएको रकम क्षतिपूर्तिबापत भराउँदै जाने हो भने दुई व्यक्तिबिचको निजी कारोबारमा अदालतले जरिवाना भराउने नियम निर्माण गरेको अवस्था हुन सक्ने।" भन्ने सिद्धान्त प्रतिपादन भएको पाइने।

पुनरावेदक वादीले फिरादपत्रमा आफूलाई भएको नोक्सानीको वस्तुगत आधार, प्रमाण र कारण खुलाई यो यति रकम हानि नोक्सानी पुग्न गएको हो भनी प्रस्ट रूपमा दाबी लिन नसकेको र प्रतिवादीले वादी दाबीलाई पूर्ण रूपमा इन्कार गरेको देखिँदा क्षतिपूर्ति बापतको रकम रू.५,००,०००।– (पाँच लाख) भराइदिनुपर्ने न्यायोचित आधार, कारण नदेखिने।

उपर्युक्त आधार र कारणहरूबाट वादीले वस्तुनिष्ठ आधार कारण खुलाई क्षतिपूर्ति दाबी लिएको अवस्था पनि नदेखिएको र प्रमाणहरूबाट क्षति भएको वास्तविक विवरण खुल्न आएको अवस्थासमेत नदेखिँदा क्षतिपूर्तिबापत रू.५,००,०००।- (पाँच लाख) रुपैयाँसमेत वादीले प्रतिवादी सहकारी संस्थाबाट भराई लिन पाउने ठहऱ्याएको हदसम्म सुरू फैसला मिलेको नदेखिँदा सो हदसम्म सुरू फैसला उल्टी भई क्षतिपूर्तितर्फको वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७२।५।१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुशिलकुमार यादव

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७६ साल चैत्र २ गते रोज १ शुभम्।

१९

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०६७-CI-०७०३, बिमा दायित्व निर्धारण, युनाइटेड इन्सुरेन्स कम्पनी (नेपाल) लिमिटेड, काठमाडौं वि. एभरेष्ट पेपर मिल्स प्रा.लि., मुख्य कार्यालय

पुनरावेदक बिमा कम्पनी र प्रत्यर्थी एभरेष्ट पेपर मिल्स प्रा.लि.बिचमा अग्नी बिमा पोलिसी नं. ००२२६ जारी भई बिमाअनुसारको बिमा शुल्क रकम प्रत्यर्थी पेपर मिल्सले भुक्तान गर्दै आएको तथ्यमा विवाद छैन । मिति २०६५।५।७ को मध्यरातमा पेपर मिल्समा आतङ्ककारी समूहद्वारा आगजनी भएपछि सो घटनाबाट भएको क्षतिको मूल्याङ्कन गर्ने प्रयोजनका लागि सर्भेयर जे. बि. बोडा सर्भेयर्स प्रा.लि. र गनपति कन्सल्टेन्ट्सले संयुक्त रूपमा उक्त आगजनीबाट भएको क्षतिको मूल्याङ्कन गरी १३.०४.००५ मा प्रतिवेदन बुझाएको देखिन्छ । सो प्रतिवेदनमा बिमालेख नं. ०७५८ ले कभर गरेको फ्याक्ट्री भवन तथा मेसिनरीहरूमा भएको क्षतिको मूल्याङ्कन गरेको भए तापनि बिमालेख नं. ०२२६ को सम्बन्धमा भने "बिमालेखमा Godown भनी उल्लेख भएकोमा finishing house cum dispatch section मा आगो लागेकोले अन्यत्र भएको नोक्सानी कभर हुँदैन" भन्ने बेहोरा उल्लेख गरी तयारी कागज तथा केमिकल्सको क्षतिको मूल्याङ्कन नै नगरी प्रतिवेदन दिएको पाइने ।

सर्भेयरले दिएको प्रतिवेदनमा बिमा पोलिसीमा उल्लिखित प्राविधिक शब्दहरूलाई हेरी क्षतितर्फ अध्ययन नै नगरेको भन्नेसम्मको बेहोरा रहेको देखिन्छ। ०२२६ नं. को बिमा पोलिसीले तयारी कागज र केमिकल्सलाई नै रक्षावरण (कभर) गर्ने भनी बिमा जारी भएकै छ । बिमक कम्पनीले In the premises of Everest Paper Mills Pvt. Ltd., where paper is finished and stored भनी प्रस्ताव गरेकोमा बिमकले Godown in the premises of the factory compound भनी बिमालेख जारी गरेको अवस्था छ । प्रस्ताव पत्र र बिमालेखमा फरक फरक शब्दावलीको प्रयोग गरेको भए तापनि तयारी कागज र केमिकल्सलाई नै रक्षावरण गर्ने प्रयोजनका लागि बिमा गरिएको भन्ने तथ्यमा मतान्तर देखिँदैन । सो सामाग्रीहरू गोदाममा नराखिएको र बिमालेखको सर्तविपरीत सामानहरू राखिएकोले उक्त बिमा कभर नहुने भनी सर्भेयरबाट शाब्दिक व्याख्यासम्म गरी क्षतिको मूल्याङ्कन नै गरेको नपाइने ।

घटना भएको लामो समयपश्चात् अब क्षतिको मूल्याङ्कन नै हुन नसक्ने अवस्था रहेकोले अदालतको फैसला कार्यान्वयन गर्न असम्भव छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर छ । सो सम्बन्धमा Details of joint meeting भनी नाम दिइएको लिखतमा बिमालेख नं. ०२२६ बमोजिमको दाबी भुक्तानी गर्ने सम्बन्धमा प्रक्रिया अगाडि बढाउने भन्नेसमेतको बेहोरा लेखिएको छ । साथै सो लिखतको माइन्युट भने तयार नगरिएको भनी सोही लिखतमा नै उल्लेख गरी बिमक कम्पनी युनाइटेड इन्सुरेन्स कम्पनीको तर्फबाट २०६२।११।२४ को मिति राखी सहीछाप गरिएको छ । तीनै पक्ष मिलेर विवादलाई सहज र सरल बनाउन प्रयास गरिएको भनी स्वयं बिमक कम्पनीले आफ्नो पुनरावेदन पत्रमा उल्लेख गरेको देखिन्छ । सो बिमालेखले कभर गरेको क्षतिपूर्तिको सम्बन्धमा बिमक र बिमितबिच विभिन्न मितिमा छलफल हुँदै आएको तथ्य मिसिल संलग्न कागजातबाट समेत उजागर हुने ।

जहाँसम्म क्षतिको मूल्याङ्कन हुन नसक्ने सवाल छ, सो सम्बन्धमा प्रत्यर्थीतर्फका कानून व्यवसायीले बहसको क्रममा मिति २०६५।५।७ को आगजनीको घटना भएपछि सर्भेयरहरूको उपस्थितिमा पेपर मिल्समा कागज तथा केमिकल्स जलेर भएको क्षतिको मूल्याङ्कन गरिएको र सो मूल्याङ्कनको लिखित विवरण सर्भेयरले पनि बुझेको भनी जिकिर

लिनुभएको छ । मिसिल संलग्न कागजातहरू हेर्दा पनि सो तथ्य खुल्न आएको छ । यसका अतिरिक्त कानूनबमोजिम नियमित रूपमा एभरेष्ट पेपर मिल्सले लेखा राख्ने प्रयोजनका लागि तयार गरेका विवरण तथा लेखा परीक्षण प्रतिवेदनलगायतका कागजातहरूसमेतलाई आधार मानी प्रस्तुत मुद्दाको फैसला कार्यान्वयनको क्रममा क्षतिको मूल्याङ्कन हुने नै हुँदा यस सम्बन्धमा थप चर्चा गरिरहनु नपर्ने ।

यसरी बिमितले प्रस्ताव गरेबमोजिम नै बिमक कम्पनीले बिमालेख नं. ०२२६ मार्फत अग्नि र आतंकवादबाट जनित हानि नोक्सानी समावेश गरी तयारी कागज र केमिकल्सको बिमा गरिएको, बिमालेखबमोजिमको बिमा शुल्क रकम बुझाई आएको, मिति २०६५।५।७ को मध्यरातमा बिमितको पेपर मिल्समा आतंककारी समूहद्वारा आगजनी गराएको घटना स्थापित नै रहेको र सर्भेयरले आफ्नो प्रतिवेदन दिने क्रममा बिमा पोलिसीमा उल्लिखित प्राविधिक शब्दहरूलाई हेरी क्षतितर्फ अध्ययन नै नगरेको भन्ने बेहोरा उल्लेख गरेको अवस्था देखियो । यस्तो स्थितिमा उक्त बिमालेखबमोजिम भएको क्षतिको मूल्याङ्कन गराई रकम भुक्तानी दिने दायित्व युनाइटेड इन्सुरेन्स कम्पनी लिमिटेडमा रहेको नै देखिन आयो । बिमालेखमा "गोदाम" शब्द उल्लेख भएको जिकिर लिई अन्यत्र भएको क्षति प्रस्तुत बिमालेखले नसमेट्ने भनी शब्दको संकुचित व्याख्या गर्ने कार्य बिमालेखको मर्मविपरीत भई स्वाभाविक व्याख्या पनि मान्न मिलेन । यस्तो अवस्थामा बिमा समितिको निर्णयमा बिमक कम्पनीको दायित्व सम्बन्धमा केही विवेचना गरिएको अवस्था नदेखिँदा आतंककारी आक्रमणको सिलसिलामा भएको क्षतिको मूल्याङ्कन गरी गराई बिमाको दायित्व निर्धारण सम्बन्धमा आवश्यक निर्णय गर्नु भनी बिमा समितिमा पठाइदिने ठहऱ्याई भएको पुनरावेदन अदालत पाटनको फैसलामा कुनै कानूनी त्रुटि देखिएन । बिमा गरिएको वस्तु गोदाममा नपुऱ्याएसम्म अन्यत्र भएको क्षति बिमालेखले कभर नगर्ने भन्ने पुनरावेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको बहस बुँदासँग समेत सहमत हुन नसकिने ।

तसर्थ, उल्लिखित आधार कारणहरूबाट बिमालेखअन्तर्गत क्षतिपूर्ति भुक्तानी गर्नु नपर्ने भनी निवेदन खारेज हुने ठहऱ्याएको बिमा समितिको निर्णयलाई उल्टी गरी बिमालेखबमोजिम भएको क्षतिको मुल्याङ्कन गरी गराई बिमाको दायित्व निर्धारण सम्बन्धमा आवश्यक निर्णय गर्नु भनी बिमा समितिमा मिसिल पठाइदिने ठहऱ्याई भएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०६७।१।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कल्याण खड्का

इति संवत् २०७६ साल पुस २८ गते रोज २ शुभम् ।

२०

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०७०-CI-०१५७, ०१६१, छुट जग्गा दर्ता नामसारी दाखेल खारेज, विष्णुभक्त मानन्धर वि. मु.स.गर्ने लक्ष्मीप्रसाद मानन्धर, राजन मानन्धरसमेत वि. मु.स.गर्ने लक्ष्मीप्रसाद मानन्धर

मूल पुर्खा दानवीर सिंहको ४ छोराहरूबिचमा २००१ सालमा घरसारमा अंश बण्डाको लिखत पारित गरी अलग बस्दै आएको देखियो । बण्डापत्र हुँदा जेठो छोरा दानबहादुर र माइली बुहारी रत्नमायाको १ अंश र अन्य २ छोराहरू कूलबहादुर र धनबहादुरको १ अंश कायम भएको भन्नेसमेत देखिन्छ । मिति २००१।७।२५ मा घरसारमा तयार भएको अबण्डा गोश्वरामा रहेको १२ कित्ता जग्गाहरू रहेको भन्नसमेत देखिन्छ । छुट जग्गा दर्ता गरिपाउँ भनी सुरू मालपोत कार्यालयमा दिएको निवेदनमा उल्लेख भएका जग्गाहरू उल्लिखित बण्डा पत्रको लिखत खडा हुँदाका बखत केही उल्लेख भएको पनि देखिँदैन । उक्त जग्गाहरू पैतृक होइनन भनी प्रश्न उठेको अवस्था पनि छैन । यसरी २००१ सालको बण्डा

पत्रको लिखत खडा हुँदाका बखत विवादित विभिन्न कित्ता जग्गाहरूको बारेमा केही उल्लेख नभएको र उक्त जग्गाहरू अबण्डामा रहेको भनी मुद्दाका पक्षले नै स्वीकार गरेको अवस्थासमेत देखिन्छ । उल्लिखित कुराको पुष्टि विवादित जग्गा मूल पुरूष दानवीर सिंहको नाउँमा नै रहेको तथ्यबाट प्रमाणित भइरहेको देखिने।

अंश बण्डापत्र हुँदाका बखत वसुन्धराभक्त मानन्धरको बाबु दानबहादुर र माहिली आमा रत्नमाया एकासगोलमा रहेको र निज रत्नमायाको २०३२ सालमा मृत्यु भएको भन्ने देखिन्छ। मृतक रत्नमायाले वसुन्धराभक्त मानन्धरलाई शेषपछिको बकसपत्र वा अन्य कुनै लिखत गरी दिएको अवस्था देखिँदैन। साथै वादी वसुन्धराभक्तले रत्नमायाको भाग हिस्सा कुनै प्रकारले हक छाडी लिएको भन्ने दाबी लिएको वा लिन सकेको अवस्थासमेत देखिँदैन। मिति २००१।७।२५ को अबण्डा गोश्वाराको लिखतमा उल्लिखित जग्गामा नि:सन्तान रत्नमायाले आफ्नो जीवन कालमा आफ्नो जति अंश भाग छुट्याई लिएको पनि देखिँदैन । मिति २००१।७।२७ मा पारित बण्डापत्रअनुसार रत्नमाया वसुन्धरा भक्तको बाबु दानबहादुरसँगै सगोलमा रहने गरी बण्डापत्र पारित भएको अवस्थामा पनि रत्नमायाले बण्डापत्रअनुसार अंश हक छुट्याई पाएको सम्पत्तिमा मात्र वादी बसुन्धरा भक्तको दाबी पुग्न सक्ने ।

पुनरावेदक ओमविक्रम शाहसमेत प्रत्यर्थी शान्त विक्रम शाहसमेत भएको गोश्वारा अशं बण्डा घर जग्गा बण्डा गरिपाउँ मुद्दामा यस अदालतबाट ने.का.प. २०६४, अङ्क ८, नि.नं. ७८७३ मा "गोश्वारा अंश बण्डा सम्पत्तिले पार्न सक्ने प्रभावहरूको बारेमा विश्लेषण गर्दा यसमा सम्पत्ति गोश्वारामा राखिएपछि त्यसले अंशियार अंशियारका बिचमा अधिकार एवं कर्तव्यको सिर्जना गरेको हुन्छ । सबै अंशियारहरूको मन्जुरी सहमति बिना त्यस्तो सम्पत्तिको हक एवं स्वामित्व हस्तान्तरण एवं परिवर्तन हुन सक्दैन । तर, एक अर्का अंशियारहरूका बिचमा प्रतिकूल भोग भने हुन सक्दछ । संक्षेपमा अंश बण्डा गोश्वारा सम्पत्तिले सामुहिक अधिकार एवं कर्तव्यको सिर्जना गर्दछ । जसलाई पालन गर्नमा सम्पूर्ण अंशियारहरू बाध्य हुन्छन्" भनी सिद्धान्त प्रतिपादन भएको देखिने।

उल्लिखित तथ्य, कानून र नजिरसमेतको आधारमा मूल पुरूष बाबु दानवीर सिंहको नाउँमा अबण्डा रहेका विवादित सम्पूर्ण जग्गाहरू सो पारित बण्डा पत्रबाट देखिएका अंशियारहरूको नाउँमा स्वतः दामासाहीले जाने अवस्था हुने नभई कायम रहेका जीवित अंशियारहरूको बिचमा मात्र बण्डा हुने अवस्था देखिन आयो। अबन्डा सम्पत्तिको अर्थ बन्डा हुन बाँकी राखिएको भन्ने नै हो । अर्थात् सो सम्पत्ति अंशियारहरूको बिचमा रितपूर्वक अंशबन्डा हुन बाँकी रहेको बन्डा नभएको भन्ने नै हो । अंशबन्डा जीय जीयैको अंशियारको बिचमा हुने हो। अंशियारको संख्या घटेपछि सम्पत्ति बाँकी रहेका अंशियारहरूमा बराबर बण्डा हुने हुन्छ। बण्डा नै नभएको सम्पत्तिको हकमा केवल एक अंशियार २००१ सालदेखि सगोलमा साथै बसेको भन्ने एकमात्र आधारले बाँकी रहेको अंशबन्डा गर्नुपर्ने सम्पत्तिमा मृत्यु भइसकेको अंशियारको पनि हक लाग्छ, अपुताली पाउनुपर्छ भनी भन्न अंश बन्डाको महलमा उल्लिखित व्यवस्थाले मिल्ने देखिएन। समग्र पक्षको मूल्याङ्कन गरी मिति २००१।७।२५ को अबण्डाको लिखतको जग्गाहरू मूल पुरूष दानवीर सिंहका जीवित अंशियार वादी प्रतिवादीका हाँगाबिच ३ भाग लगाई सोही आधारमा नामसारी दर्ता हुने गरी यस अदालतबाट मिति २०६१।४।२१ मा अन्तिम फैसला भइसकेको परिप्रेक्षमा सोलाई अन्यथा गर्न नमिल्ने।

मिति २००१।७।२७ को पारित बण्डापत्रबाट दानबहादुर र रत्नमाया सगोलमा एकै भान्सा गरी बसी आएको भन्ने देखिएको अवस्थामा वादी शान्त भक्त प्रतिवादी वसुन्धराभक्त भएको दर्ता फारी मुद्दा र वादी

चन्द्रभक्त प्रतिवादी वसुन्धराभक्त भएको निर्णय बदर हक कायम मुद्दासमेतमा मिति २००१।७।२७ मा पारित बण्डा पत्रबाट एकासगोलमा बसेका दानबहादुर र रत्नमायाको अंश भागमा परेका जग्गाको सम्बन्धमा भिन्न बसेका धनबहादुरका हकवालाबाट दाबी लिइएको अवस्था भई अपुतालीको १२ नं. समेतका आधारमा छुटी भिन्न भै बसेका वादीहरूले रत्नमायाको सम्पत्ति अपुताली स्वरूप नपाउने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०५२।७।२० मा फैसला भएको देखिन्छ । सोबमोजिम रत्नमायासँग सगोलमा बसेका भनिएका दानबहादुरको छोरा बसुन्धराभक्त मानन्धरले २००१ सालमा भएको उक्त अंश बन्डाबमोजिम रत्नमायाले प्राप्त गरेका अन्य सम्पत्ति भए तत्कालीन मुलुकी ऐन, अपुतालीको महलबमोजिम समयमा नै सोतर्फ कानूनी उपचार खोज्नुपर्ने।

प्रस्तुत मुद्दा मिति २००१।७।२७ को पारित बण्डापत्रबाट कसैको अंश भागमा परेको जग्गाको सम्बन्धमा परेको अवस्था नभई २००१ सालमा खडा भएको घरसारको बण्डापत्रको लिखतअनुसार अबण्डा गोश्वारामै रहेको जग्गामध्ये नि:सन्तान रत्नमायाको अपुताली हकसम्मको विषय समावेश रहेको देखिन्छ। अबण्डामा रहेको उल्लिखित जग्गामध्ये यी रत्नमायाले आफ्नो भाग जति आफ्नो जीवनकाल मै आफ्नो हक स्थापित गरी लिइसकेको वा कुनै लिखत गरी आफ्नो भाग कसैलाई कुनै बेहोराले दिइसकेको भन्ने कहीँकतैबाट देखिँदैन । सो अवस्थामा कोही अन्य अंशियारसँग सगोलमा रहेकै कारणले मात्र बण्डापत्रबाट प्राप्त हुने हक जस्तै अबण्डामा रहेको सम्पतिमा पनि हक सिर्जना हुन्छ भनी मान्न तत्कालीन मुलुकी ऐन, अंश बण्डाको १,२ र ३५ नं. समेतले मिल्ने देखिँदैन । यिनै अंशियारबिच चलेको उक्त दे.पु. नं. ९१६८ को छुट जग्गा दर्ता नामसारी मुद्दामा यस अदालतबाट मिति २०६१।४।२१ मा भएको फैसलाले दानवीर सिंहका ४ छोरामध्ये माहिलो छोरा बुहारी नि:सन्तान भई मृत्यु भइसकेकोले अन्य ३ अंशियारहरूमध्ये दानबहादुर-१ भाग, कूलबहादुर-१ भाग र धनबहादुर-१ भाग कायम गरिसकेको हुँदा अबन्डा रहेका पैतृक जग्गाहरूबाट मूल पुरूष दानवीर सिंहका जीवित अंशियार वादी प्रतिवादीहरूको हाँगाबिच ३ भागको १ भागका दरले दर्ता नामसारी दाखिल खारेजसमेत हुने ठहर्‍याई फैसला गर्नुपर्नेमा वादी दाबीबमोजिम ४ भागको २ भाग अर्थात् आधा भाग वादीको हुने भनी गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेको देखिन नआउने।

तसर्थः विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट बसुन्धरा भक्तको पिता दानबहादुर र रत्नमाया एकासगोलमा बस्ने गरी २००१ सालमा बण्डापत्र भएको, अन्य विवादित जग्गाहरू अबण्डा मै रहेको देखियो । उक्त मितिको बण्डाबमोजिम सबै अंशियारहरूले आ-आफ्नो नाउँमा दा.खा.नामसारी नापी गरी गराई अलग-अलग भएको पुष्टि हुन आएन । रत्नमायाको नाउँमा निजको हक हिस्साको जग्गा दर्ता भइसकेको भन्ने पनि देखिएन । यिनै अंशियारबिच चलेको उक्त दे.पु.नं.९१६८ को छुट जग्गा दर्ता मुद्दा यस अदालतबाट मिति २०६१।४।२१ मा फैसला हुँदा छुट जग्गामा ३ भागको एक भाग उल्लिखित मुद्दाका वादीले पाउने भनी अन्तिम फैसला भइसकेको अवस्था छ । अतः पुनरावेदक वादीको निवेदनमा उल्लेख भएको जग्गामा ४ भागमध्ये २ भागमा पुनरावेदक वादीको हक प्राप्त हुने हुँदा ती जग्गाको आधा जग्गा पुनरावेदक वादीको नाममा दर्ता नामसारी दाखिल खारेजसमेत हुने ठहर्छ भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।१२।१२ मा भएको फैसला मिलेको नदेखिँदा सो फैसला केही उल्टी भई अबण्डामा रहेका जग्गाहरूको मूल पुर्खा दानवीर सिंहका ४ छोरामध्ये माहिला छोरा बुहारीको

नि:सन्तान अवस्थामा नै मृत्यु भइसकेको भन्ने देखिँदा अन्य ३ छोरा र निजतर्फका हकदारको नाममा ३ भागको १/१ भाग कानूनबमोजिम दर्ता नामसारी दाखिल खारेजसमेत हुने ।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई र नविन खनाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल असार११ गते रोज ४ शुभम् ।

इजलास नं.५

२१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७२-CR-०६५२, लागु औषध (खैरो हिरोइन), राजकुमार लामा वि. नेपाल सरकार

प्रतिवादी राजकुमार लामाउपरको आरोपदाबी मिसिल संलग्न बरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, निज प्रतिवादी राजकुमार लामाले अनुसन्धानको क्रममा र अदालतमा गरेको बयान, बुझिएका मानिसको कागजसमेतबाट प्रतिवादीको साथबाट २ ग्राम लागुऔषध खैरो हिरोइन बरामद भएको देखिएको, निजले लागुऔषध खैरो हिरोइन वीरगन्ज घण्टाघर नजिक सरिक नामको मानिसबाट खरिद गरी साथमा लिई आउने क्रममा उक्त लागुऔषध खैरो हिरोइनसहित पक्राउ परेको तथ्य स्वीकार गरेको, प्रतिवादी राजकुमार लामाले लागुऔषध खरिद गर्ने, सञ्चय गर्ने र ओसारपसारसमेत गर्ने जस्ता कार्य गरेको पुष्टि हुन आएको साथै निज प्रतिवादी पटके कसुरदारसमेत भएको मिसिलबाट देखिन आएको र बरामद भएको लागुऔषधको प्रकृतिलाई विचार गर्दा २ ग्रामलाई सानो परिमाण (मात्रा) मान्न नसकिने र निज प्रतिवादीले अनुसन्धान अधिकारीसमक्षको बयानमा उक्त लागुऔषध ४ ग्राम खरिद गरेको भन्नेसमेत देखिन्छ । सेवन गर्ने प्रयोजनको लागि ल्याएको भनी लागुऔषध खरिद गरेको तथ्य स्वीकार गरी बयान गरेकोबाट निजको बयान भनाइलाई अन्यथा मान्नुपर्ने अवस्थासमेत नरहेको स्थितिलाई समेत मध्यनजर राख्दा उक्त लागुऔषध खैरो हिरोइन निजले सेवन प्रयोजनको लागि मात्र ल्याएको मान्न मिल्ने देखिन नआएकोले आफूलाई लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) को कसुरअनुसार ५ वर्ष कैद र रू.५,०००।- जरिवानासमेत सजाय गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला उल्टी गरी लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ बमोजिम थप १ वर्ष कैद र रू.२०,०००।- जरिवाना गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरी सेवनतर्फ सजाय गरिपाउँ भनी पुनरावेदक प्रतिवादी राजकुमार लामाको पुनरावेदन एवं निजको तर्फबाट रहनुभएका विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी राजकुमार लामाले २ ग्राम लागुऔषध खैरो हिरोइन खरिद गर्ने र ओसारपसार गर्ने जस्ता कार्य गरेको पुष्टि हुन आएको, लागुऔषधको प्रकृति र प्रतिवादीबाट बरामद भएको लागुऔषधको परिमाणलाई विचारगर्दा पुनरावेदक प्रतिवादीलाई लागुऔषध सेवनतर्फ मात्र सजाय गर्ने गरेको सुरू मकवानपुर जिल्ला अदालतको मिति २०७१।०५।१८ को फैसला केही उल्टी हुने ठहर्‍याई निज प्रतिवादी राजकुमार लामालाई लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) अनुसार ५ वर्ष कैद र रू.५,०००।-(पाँच हजार रूपैयाँ) जरिवानासमेत हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२/२/२६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: मोहनप्रसाद बेल्वासे

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल असार ११ गते रोज ५ शुभम् ।

२२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा, ०७४-CR-०२२४, जबरजस्ती

करणी / मानव बेचविखन, दिनेशकुमार परियार वि. नेपाल सरकार

प्रतिवादी दिनेशकुमार परियारले पीडित "६४ छिन्चु (ग)" लाई पटक-पटक सहमतिमा करणी गरेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिन्छ । पीडितको अदालतबाट प्रमाणित बयान तथा बकपत्रबाट समेत निजहरूबिच करणी लिने दिने कार्य भएको भन्ने देखिन्छ । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजको कन्याजाली च्यातिएको (Hymen rapture भएको) देखिएको छ। यसबाट प्रतिवादी दिनेशकुमार परियार र पीडितका बिच शारीरिक सम्पर्क हुने गरेको तथ्य शंकारहित तवरबाट पुष्टि भएको देखिन्छ। प्रतिवादीले पीडितलाई खर्च दिई काठमाडौं पठाउनुको अन्यथा कुनै उचित कारण देखिँदैन। यसबाट आरोपित कसुर प्रमाणित हुन आएको।

पीडितको सहमतिले प्रतिवादी दिनेश परियारले करणी गरेको हो भन्ने जिकिरका सन्दर्भमा हेर्दा छिन्चु गाउँ विकास समिति, सुर्खेतको द.नं ४५, मिति २०६१/१/७ को पीडितको जन्मदर्ता उतारबाट निजको जन्ममिति २०५६/१२/१५ भनी उल्लेख भएको देखियो । वारदात मिति २०७२ साल श्रावण भन्ने देखिएको छ। यसरी हेर्दा करणी हुँदाको अवस्थामा पीडितको उमेर १६ वर्षभन्दा घटी रहेको भन्ने देखिएको छ । विधिवत् स्थानीय पञ्जिकाधिकारीबाट अभिलेखीकृत जन्म दर्तामा उल्लेख भएको कुरालाई प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखिन्छ । विद्यालयको अभिलेखबाट पीडितको उमेर वारदातका अवस्थामा १६ वर्ष पुगेको भन्ने देखिएको भए तापनि प्रतिवादी दिनेश परियार स्वयम् शिक्षकको रूपमा कार्यरत विद्यालयबाट तयार भएको र मुद्दा कारबाहीको सन्दर्भमा मात्र प्रस्तुत हुन आएको अभिलेख भएकाले सो अभिलेखको विश्वसनीयता संदिग्ध किसिमको देखिन्छ । यसका अतिरिक्त बालन्याय कार्यविधि नियमावली, २०६३ को नियम १५ अनुसार विद्यालय अभिलेखको तुलनामा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रलाई प्राथमिकता दिनुपर्ने हुन्छ । त्यसैले पीडितको उमेर वारदात हुँदाको अवस्थामा १४ वर्षभन्दा बढी र १६ वर्षभन्दा घटी थियो भनी मान्नुपर्ने देखियो । यस उमेरका बालिकाको सहमतिबाट नै करणी गरेको भए पनि मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. बमोजिम जबरजस्ती करणीको कसुर गरेको ठहर गर्नुपर्ने देखिन आउने।

प्रतिवादी दिनेशकुमार परियारले पीडित नाबालिका "६४ छिन्चु (ग)" उपर जबरजस्ती करणी गरेको र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) बमोजिमको कसुरसमेत गरेको कुरा शंकारहित तवरबाट प्रमाणित भएकाले सुरू सुर्खेत जिल्ला अदालतको मिति २०७३/१/२९ को फैसला केही उल्टी गरी निज प्रतिवादी दिनेशकुमार परियारलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको १ र ३ नं. को देहाय (३) बमोजिम ६(छ) वर्ष कैद हुने, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (च) बमोजिम १ (एक) वर्ष कैद हुने, तथा ऐ. ऐनको दफा १५(३) बमोजिम थप ३ (तीन) महिना कैद गरी जम्मा ७ (सात) वर्ष ३ (तीन) महिना कैद सजाय हुने ठहर गरी पीडितलाई प्रतिवादी दिनेशकुमार परियारबाट रू.२५,०००।- क्षतिपूर्तिसमेत भराइदिने ठहर गरेको उच्च अदालत सुर्खेतको मिति २०७४/०२/१८ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: मोहनप्रसाद बेल्वासे

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल असार ९ गते रोज ३ शुभम्।

२३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी, ०७६-WH-०२९२, बन्दीप्रत्यक्षीकरण,

चन्द्रबहादुर बुढासमेत वि. जिल्ला प्रहरी कार्यालय, कैलालीसमेत

निवेदकहरूलाई जरूरी पक्राउ पुर्जी दिइएको सन्दर्भमा हेर्दा सोको औचित्य पुष्टि हुने अवस्था मिसिलबाट देखिएन । प्रक्रियागत औपचारिकताका लागि स्वयम् प्रहरी कर्मचारीले बनाएका कथित प्रतिवेदनको कुरा अन्य कुनै स्वतन्त्र प्रमाणबाट समर्थित भएको देखिँदैन । अनुसन्धानकर्ताले अभियुक्तलाई थुनामा राख्ने अनुमति माग गर्दा थुनामा राख्न परेको उचित आधार र कारण खुलाएको देखिँदैन । मुद्दा हेर्ने अधिकारीले अनुमति प्रदान गर्दासमेत कुनै मनासिब कारण खुलाएको देखिएन । घटनाक्रम तर्फ दृष्टिगत गर्दा फरक विचार र आस्था राखेकै कारणबाट प्रवृत्त धारणा राखी पक्राउ गरिएको र बन्दी बनाएको देखिन आयो । यस प्रकारबाट नागरिकलाई पक्राउ गरी बन्दी बनाउने कार्य लोकतान्त्रिक मूल्य मान्यताविपरीत र गैरकानूनी देखिने ।

निवेदकहरूलाई एकपछि अर्को जिल्लामा पक्राउ गरी थुनामा राखेको, कारबाही प्रक्रियामा स्वच्छता नदेखिई प्रवृत्त धारणा राखेको देखिएको, म्याद थप गर्दासमेत कानूनी सर्तहरूको पालना गरेको नदेखिएकोसमेतका कारणबाट थुना गैरकानूनी देखिएकाले निवेदकद्वय दलबहादुर खत्री र चन्द्रबहादुर बुढालाई आजै यस अदालतका रजिस्ट्रारको रोहवरमा थुनाबाट मुक्त गर्नु भनी नेपालको संविधानको धारा १३३(२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: रूद्र प्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल फागुन २३ गते रोज ६ शुभम् ।

२४

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री हरिप्रसाद फुयाल, ०७६-WH-०१३८, बन्दीप्रत्यक्षीकरण, लक्ष्मीदेवी पोखरेल वि. उच्च अदालत पाटनसमेत

निवेदिकाले आफ्नो वतन वीरगन्ज नगरपालिका वडा नं. ४ हो, हेटौंडा होइन भनी लिएको जिकिरतर्फ विचार गर्दा मिति २०७०/१/४ मा पारित निवेदिका लक्ष्मीदेवी पोखरेलसमेत कारणीको रूपमा रहेको अंशबण्डाको लिखतमा निवेदिका लक्ष्मीदेवी पोखरेलको स्थायी वतन वीरगन्ज नगरपालिका वडा नं. ४ र हाल मकवानपुर जिल्ला हेटौंडा नगरपालिका वडा नं. २ बस्ने भनी उल्लेख भएको देखियो । निवेदिकाले ऋणको लागि निवेदन दिँदा र ऋण लिँदाको कारबाहीका क्रममा समेत आफ्नो ठेगाना मकवानपुर जिल्ला, हेटौंडा नगरपालिका वडा नं. २ भनी उल्लेख गरेको देखिन्छ । यो वतन अन्य कसैले देखाएको नभएर निवेदिका स्वयम्ले औपचारिक तवरबाट खडा गरिएका लिखतमा आफैँले उल्लेख गरेको वतन हो भन्ने देखिएको छ । म्याद जारी हुनुभन्दा केवल २० दिन पहिले अर्थात् मिति २०७०/१/४ मा निवेदिकाले आफ्नो वतन हेटौंडा नगरपालिका वडा नं. २ हो भनी उल्लेख गरेको अवस्थामा सो तथ्यको प्रतिकूल अन्यथा जिकिर लिएकोलाई उचित मान्न मिल्ने देखिँदैन । जारी गरिएको म्यादमा लेखिएअनुसारको ठेगानामा निवेदिकाको घरद्वारसमेत फेला परेको देखिन्छ । एकाघरको जाहान परिवारले म्याद बुझ्न इन्कार गरेको कारणबाट निजकै घरदैलोमा टाँस गरी म्याद तामेल भएको देखिन्छ । घरद्वार तथा मानिस नै नभएको ठाउँमा म्याद तामेल गरिएको भन्ने पनि देखिँदैन । मानिसको एकभन्दा बढी ठाउँमा घरद्वार रहेको हुन सक्तछ । यदि त्यस प्रकारको अवस्था देखिन्छ भने निजको कुनै एउटा वतनमा म्याद तामेल गर्न सकिन्छ । यस विवादमा समेत निवेदिकाको वतन दुई ठाउँमा देखाइएकोमध्ये ऋण प्रवाह गर्दाका लिखतमा खुलाइएको वतनमा म्याद तामेल भएको देखिएको छ । त्यसैले गलत वतन उल्लेख गरी म्याद

जारी भएको र तामेल गरिएको भनी मान्न नमिल्ने।

अतः निवेदिकाको नाममा पुनरावेदन अदालत पाटनबाट रीतपूर्वक म्याद जारी भएको र मकवानपुर जिल्ला, हेटौंडा नगरपालिका वडा नं. २ मा म्यादवालाको घरद्वारमा गई दुई जना साक्षी र स्थानीय वडा सचिवसमेतलाई रोहवरमा राखी कानूनबमोजिम घरद्वारमा म्याद टाँस गरी तामेल गरिएको देखिएको र सोबमोजिम प्रतिवाद नगरी बसेको कारणबाट कानूनबमोजिमको प्रक्रिया पुरा गरी मुद्दामा फैसला भएको अवस्था हुँदा यसरी भएको फैसलाअनुसार कैदमा रहेकोलाई गैरकानूनी थुनामा राखेको भनी ठहर गर्न मिलेन। निवेदिकालाई कानूनबमोजिम नै थुनामा राखिएको देखिँदा बन्दीप्रत्यक्षीकरणलगायतका कुनै प्रकारको रिट आदेश जारी गर्नु परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल फागुन १९ गते रोज २ शुभम्।

२५

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०७६-WH-०२६४, उत्प्रेषण, परमादेश तथा बन्दीप्रत्यक्षीकरण, मोहसिन खान वि. भक्तपुर जिल्ला अदालतसमेत

निवेदक विरूद्ध दुईवटा चोरी मुद्दा एकैसाथ चलेको र भक्तपुर जिल्ला अदालतले दुवै मुद्दामा समान ६/६ महिना कैद र रू.२०,०००।- का दरले जरिवाना हुने फैसला गरेको कुरामा विवाद देखिएन। निजउपर काठमाडौं जिल्ला अदालतमा पनि चोरी मुद्दा चलेको भन्ने देखिन्छ। निवेदकलाई भक्तपुर जिल्ला अदालतबाट कैदी पुर्जी दिँदा अनुसन्धानको सिलसिलामा हिरासतमा बसेको २८ दिन कटाई दुवै मुद्दाहरूमा भएको कैद जोडी असुल हुन बाँकी जम्मा १० महिना ४ दिन कैद असुलीका लागि कैदी पुर्जी दिई निवेदक मोहसिन खानलाई मिति २०७७।८।१८ सम्म कैदमा राख्न भनी कारागार पठाएको देखियो। यस विषयलाई लिएर निवेदकले मुलुकी फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ३६(१)(क) बमोजिम कैद ठेकिनुपर्ने तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(५) बमोजिम सुविधा पाउनुपर्ने भनी निवेदन पेस गरेकोसमेत देखिन आयो। सो निवेदन इजलाससमक्ष पेस नगरी तहसिलदारले दरपिठ गरेको पाइयो। यसरी गरिएको दरपिठ आदेशलाई प्रथम दृष्टिमा नै जिम्मेवारीपूर्ण तवरबाट भएको काम-कारबाही ठान्न मिलेन; सो दरपिठ आदेश स्वेच्छाचारीपूर्ण देखियो। तहसिलदारले दिएको कैदी पुर्जी सम्बन्धमा कानूनी प्रश्न उठाई निवेदन परेको अवस्थामा "कुनै निर्णय नभएको" भन्ने रकमी प्रकृतिको कारण जनाई दरपिठ आदेश गर्नु उचित होइन। निवेदन दर्ता गरी न्यायाधीशको इजलासमा पेस गर्नु आवश्यक थियो। यस प्रकारका कानूनी प्रश्नको निरूपण न्यायिक विवेक प्रयोग गरी इजलासबाट नै गरिनु पर्दछ। न्यायिक निरूपणको मार्ग नै बन्द गर्नु उचित नदेखिने।

निवेदक मोहसिन खानले आफूलाई ठेकिएको कैदी पुर्जीको विषयलाई लिएर फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ मा रहेको कानूनी प्रावधानको प्रयोग र व्याख्या तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(५) बमोजिम सुविधा पाउनुपर्ने भनी सोसम्बन्धी कानूनी प्रश्न उठाएर गरेको निवेदन दर्ता नगरी भक्तपुर जिल्ला अदालतका तहसिलदारले मिति २०७६/१०/१७ मा गरेको दरपिठ आदेश कानून प्रतिकूल देखिँदा उत्प्रेषणको आदेशले बदर हुने।

निवेदक मोहसिन खानउपर चलेको काठमाडौं जिल्ला अदालतको स.फौ. ०७५-C१-२५०६ को चोरी मुद्दामा मिति २०७६/७/२० मा भएको फैसला

तथा भक्तपुर जिल्ला अदालतबाट मुद्दा नं. ०७५-C१-०२२७ र ०२२८ का चोरी मुद्दामा भएका फैसलाहरूसमेत हेरी निवेदकलाई हुने ठहरिएको कैद के, कुन कानूनी प्रावधानका आधारमा के, कति महिना वा दिन कैदमा राखी असुल गर्नुपर्ने हो ? निजलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(५) बमोजिमको सुविधा प्रदान गर्नुपर्ने हो वा होइन ? फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ मा रहेका समग्र प्रावधानलगायतका प्रचलित कानूनी व्यवस्थाबमोजिम ठेकिनुपर्ने कैदको अवधि यकिन गरी भक्तपुर जिल्ला अदालतका जिल्ला न्यायाधीशले हेरी कानूनबमोजिम निर्णय गरी आदेशको जनाउ पाएका मितिले १५ (पन्ध्र) दिनभित्र निवेदकलाई संशोधित कैदीपुर्जी दिनु भनी परमादेशसमेत जारी हुने ।

अदालतको फैसलाबमोजिम निवेदक कैदमा रहेको; हुन सक्ने न्यूनतम कैद अवधि भुक्तान भएको नदेखिएको र उपर्युक्तअनुसार जारी भएको उत्प्रेषण तथा परमादेशको आदेशको परिणामस्वरूप निवेदकले कानूनी उपचार प्राप्त गर्न सक्ने नै देखिँदा निवेदकलाई गैरकानूनी रूपमा बन्दी बनाएको भन्नेसम्मको अवस्था नदेखिएकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नपर्ने ।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल फागुन १९ गते रोज २ शुभम् ।

इजलास नं.६

२६

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ, ०६९-CI-०६३०, परमादेश, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, आयुर्वेद विभाग वि. अजितकुमार सिंह

स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७ सँग सम्बन्धित अनुसूची ३ मा रहेको आयुर्वेद समूहअन्तर्गत सि.नं.२६ मा तह ६ को लागि कविराज निरीक्षक पदको व्यवस्था रहेकोसमेत देखिन्छ । सोअनुरूप छैठौँ तहमा कविराज निरीक्षक पद देखिएकै हुँदा कानूनले व्यवस्था गरेको पदनाम नदिनुपर्ने केही कारण देखिँदैन । यस अवस्थामा समानताको सिद्धान्तसमेतको आधारमा रिट निवेदकको छैठौं तहको कविराज पदमा पदनामसहित स्तरवृद्धि गरिपाउँ भन्ने निवेदन मागबमोजिम जारी भएको पुनरावेदन अदालत पाटनको आदेशलाई अन्यथा गर्नुपर्ने देखिन नआउने ।

प्रत्यर्थी/निवेदक ओममुर्ति अजितकुमार सिंहलाई अधिकृत छैठौं तहको कविराज पदनाम दिई कानूनको प्रक्रिया पूरा गरी पदस्थापन गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने गरी पुनरावेदन अदालत पाटनबाट भएको मिति २०६७।१०।१२ को अन्तिम आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । विपक्षी नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, आयुर्वेद विभागको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: फणेश्वरी घिमिरे

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७७ साल असार ३० गते रोज ३ शुभम् ।

२७

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सुष्मालता माथेमा, ०६८-CI-०६५८, गुठी हक कायम, भिमबहादुर शाक्य वि. गुठी संस्थान केन्द्रीय कार्यालयसमेत

दे.मि.नं २१/१३९ र २२/१४० को मुद्दामा तेजबहादुर शाक्यसमेत प्रतिवादी हुँदा वादीले पेस गरेका कागज तथा यी वादीका बाबुलाई प्रतिवादी

बनाइदिएको बेहोराको जानकारी हुने नै भएबाट विवादित कि.नं.१७६ को जग्गा गुठी संस्थानको नाममा मिति २०३७।३।४ मा नै बहाल गुठीको नाममा दर्ता भएको कुरा यी वादीलाई मात्र नभई वादीका बाबुलाई सोही समयमा नै जानकारी भएको मान्नुपर्ने हुन आयो । वादीका पिताले मिति २०४२ सालमा नै कि.नं १७६ को जग्गाको दर्ता सम्बन्धमा सम्पूर्ण कुराको जानकारी पाइसकेपछि सोही बखत कानूनको म्यादभित्र दर्ताउपर उजुर बाजुर गर्नुपर्नेमा सो समयमा उजुर नगरी स्वीकार गरी बसी लामो समयपछि हक बेहकमा सुनाउँदैमा हदम्याद कायम हुन सक्ने नै नहुने।

विवादित कि.नं. १७६ को जग्गा मिति २०३७ सालमा बहाल गुठीका नाउँमा दर्ता भैसकेको तथ्य यी विपक्षी वादीका पिता तेजबहादुर शाक्यलाई २०४२ सालमा नै थाहा जानकारी भैसकेको देखिन आएको र हाल गुठी संस्थानको टिप्पणी हेर्दा पनि मिति २०६२।२।३० मा नै गुठी संस्थानले विवादित जग्गा मिति २०३७।४।२९ मा गुठी संस्थानको नाउँमा जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको उक्त टिप्पणीमा समेत उल्लेख भएको पाइँदा पछि मिति २०६५।५।१६ मा हक बेहकमा जानु भनी सुनाउँदैमा हदम्याद कायम हुन सक्ने नदेखिने।

वादी रामभक्त श्रेष्ठ प्रतिवादी तेजबहादुर शाक्यसमेत भई चलेको दे.मि.नं.२१/१३९ र दे.मि.नं २२/१४० का दर्ता बदरका मुद्दाहरू मिति २०४२।५।३१ र मिति २०४२।११।२९ का फैसलाबाट रामभक्त श्रेष्ठको वादी नपुग्ने ठहर भई अन्तिम भएको अवस्था एकातर्फ छ भने तत्पश्चात् रत्ना श्रेष्ठले दिएको ४०९।८७० को मुद्दासमेतबाट निजको दाबी नपुग्ने गरी मुद्दा खारेज भएको देखिन्छ । वादी रामभक्त श्रेष्ठ वा रत्ना श्रेष्ठको दाबी नपुग्ने वा फिराद खारेज हुने भनेको कुरामा उक्त मुद्दाका प्रतिवादी यी पुनरावेदकको हक पुगेको हो भनी अर्थ गर्न मिल्दैन। उल्लिखित मुद्दामा यी वादीका बाबु तेजबहादुर शाक्यसमेत प्रतिवादी देखिँदा सो फैसला कार्यान्वयन गरिपाउँ भन्ने हक उक्त मुद्दाका प्रतिवादीका छोरा यी भीमबहादुर शाक्यलाई हुन्छ भन्न मिल्ने पनि हुँदैन। न त मिति २०३७।४।२९ मा जग्गा गुठी संस्थानको नाममा दर्ता भइसकेको अवस्थामा पुनः २८ वर्षपछि आएर हक बेहकमा सुनाएको आधारमा हदम्याद कायम गर्न मिल्ने नै देखिन्छ। गुठी संस्थानको शाखा कार्यालयले गुठी संस्थानको २०३७/०४/२९ को दर्ता यथावत् राखी मिति २०६५।५।१६ मा अदालतमा जानु भनी सुनायो भन्दैमा पटकपटक मुद्दा परी टुंगिएको विषयमा आज ४० वर्षपछि संस्थानको दर्ता बदर गर्नु अनर्थ हुन जान्छ । यस्तो कार्यले न्यायिक अराजकता जन्माउँछ। यसै सन्दर्भमा "मिति २०४४।१२।२१ मा दाबीका जग्गा श्री ५ को सरकारको नाउँमा दर्ता हुने निर्णय भई सोही मितिबाट मुद्दा चलाउनुपर्ने कारण सृजना भएकोमा त्यसको झन्डै ८ वर्षपछि मिति २०५२।७।१० मा फिराद पर्न आएको देखिँदा हदम्यादभित्र फिराद दायर नभएको भन्ने आधार देखाई फिरादपत्र खारेज गर्ने ठहराएको पुनरावेदन अदालत सुर्खेतको फैसला मनासिब देखिँदा सदर हुने" भनी सिद्धान्त कायम भएको पनि (ने.का.प २०५६, निर्णय नं. ६७३९) देखिन्छ। उक्त प्रतिपादित सिद्धान्तसमेतबाट यी पुनरावेदक वादीको फिराद साबिक मुलुकी ऐन, जग्गा पजनीको १७ नं. को हदम्यादभित्रको नदेखिँदा फिराद खारेज गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

साबिक मुलुकी ऐनबमोजिम प्रस्तुत फिराद जग्गा पजनीको १७ नं. को हदम्यादभित्र परेको नदेखिँदा प्रस्तुत मुद्दाको प्रमाणको मुल्याङ्कन गरी औचित्यतर्फ प्रवेश गर्न मिलेन, प्रस्तुत फिराद हदम्यादको अभावमा अ.बं. १८० नं. बमोजिम खारेज हुने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६७।८।१६ मा भएको

फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: शारदादेवी पौडेल
कम्प्युटर: रेखा भट्टराई
इति संवत् २०७७ साल साउन १५ गते रोज ५ शुभम्।

२८

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा, ०७५-WO-०३३७, उत्प्रेषण, परमादेशसमेत, प्लान इन्टरनेसनल नेपालको तर्फबाट ऐ. का कन्ट्री डाइरेक्टर Sven Coppens वि. श्रम अदालतसमेत

प्रत्यर्थी टंकप्रसाद उपाध्यायलाई निजको पद १ अगस्ट २०१६ देखि खारेज हुने जानकारी गराएको कुरा मिसिल संलग्न २२ जुन २०१६ को पत्रको प्रतिलिपिबाट देखिन्छ। उक्त पत्रअनुसार निजले अवकाश पाएपछि सन् १९९६ देखि २०१६ सम्मको पद कटौतीबापतको क्षतिपूर्ति (Redundancy Benefits) रकम माग गर्दै निवेदक संस्थासँग पटक पटक इमेलमार्फत पत्राचार गरेपछि निवेदक संस्थाको तर्फबाट सन् २०१७ जनवरी ३० मा १ जुलाई २००३ देखि ३१ जुलाई २०१६ सम्मको Redundancy गणना हुने भनी टंकप्रसाद उपाध्यायलाई जानकारी दिएको पत्रको प्रतिलिपिबाट देखिन्छ । प्रत्यर्थी टंकप्रसाद उपाध्यायको लिखित जवाफ हेर्दा निजले १ फेब्रुअरी २०१७ अर्थात् २०७३/१०/१९ का दिन २००३ देखि २०१६ सम्मको मात्र Redundancy Benefits पाउने भनी हरहिसाबसहितको इमेल प्राप्त भएको र हरहिसाबको रकम सन् २०१७ फेब्रुअरी २३ अर्थात् २०७३/११/१२ मा भुक्तान भएको भन्ने देखिन्छ । आफूले पाउने सुविधा निवेदक संस्थाबाट कटौती गरिएको भन्ने वा १ जुलाई २००३ भन्दाअगाडिको Redundancy Benefit नदिने भनी इमेलमार्फत आधिकारिक जानकारी पाएको मितिले श्रम ऐन, २०४८ ले निर्धारण गरेको हदम्याद छ महिनाभित्र अर्थात् २०७३/१२/१७ मा श्रम कार्यालय, बागमतीमा निवेदन दर्ता गरेको।

यसरी रीतपूर्वक निवेदन परेपछि श्रम ऐन, २०४८ को अधीनमा रही आफ्ना कर्मचारीहरूको सञ्चालन, व्यवस्थापन एवम् सेवा सर्तलाई नियमित गर्नको लागि निवेदक संस्था स्वयम् आफैँले निर्माण गरेको Human Resouces Policy, २०१४ को अवज्ञा गरी यी प्रत्यर्थी टंकप्रसाद उपाध्यायले पाउने सेवा सुविधा दिन इन्कार गरेको देखिएको अवस्थामा प्रत्यर्थी श्रम कार्यालय, बागमती, काठमाडौंले यी निवेदक संस्थाबाट ५ फेब्रुअरी १९९६ देखि ३० जुन २००३ सम्मको पद कटौतीबापतको क्षतिपूर्ति (Redundancy Benefits) रकम निज प्रत्यर्थी टंकप्रसाद उपाध्यायलाई भुक्तानी गर्नुपर्ने भनी मिति २०७४।६।२५ मा गरेको निर्णयलाई प्रत्यर्थी श्रम अदालत, काठमाडौंले पुनरावेदनको रोहमा मिति २०७५/२/१६ मा सदर गरेको निर्णयलाई त्रुटिपूर्ण वा गैरकानूनी भन्न नमिल्ने । उक्त निर्णय कानूनसम्मत् हुँदा निवेदक संस्थाको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । अतः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कर्णबहादुर राई
इति संवत् २०७८ साल साउन २० रोज ४ शुभम्।

- यसै लगाउको ०७५-WO-०३३९, उत्प्रेषण, प्लान इन्टरनेसनल नेपालको तर्फबाट ऐ. का कन्ट्री डाइरेक्टर Sven Coppens वि. श्रम अदालतसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

इजलास नं.७

२९

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७३-CR-१६३४, कर्तव्य ज्यान, ना पाल भन्ने सनातन पाल वि. नेपाल सरकार

प्रतिवादीको साक्षीको रूपमा सुरू अदालतमा बकपत्र गर्ने मनिष पालले मौकामा कागज गर्दा श्रीमती बेहोस भई केही बोल्दैन छिटो आउनुपर्‍यो भनी भनेपछि म तत्काल निजको कोठामा जाँदा मृतक बेहोस अवस्थामा थिइन् । अस्पताल पुग्दा चिकित्सकले बाटैमा मृत्यु भइसकेको भनी भनेका हुन् भनी कागज गरेको देखिन्छ । प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा श्रीमतीले कोठामा वाकवाक गर्न लागेको आवाज सुनेपछि के भयो भनी सोध्दा डिउ पेय पदार्थ पिएको हुँ भनी एक शब्द बोलिन त्यसपछि कोठामा लडिन भनी बयान गरेको देखियो । मौकाको बरामदी मुचुल्का हेर्दा वारदात स्थलबाट Mountain dew को तरल पदार्थसहितको बोतल १ र दुई थान गिलाससमेत बरामद भएको भन्ने देखिएको छ । प्रतिवादीको मौकाको उक्त बयान र बरामदी मुचुल्काबाट मृतक र प्रतिवादी दुवैले Mountain dew नामक पेय पदार्थ सेवन गरेको भन्ने देखिन आयो । मौकामा बरामद भएको उक्त पेय पदार्थमा Caffeine रहेको भन्ने कुरा परीक्षण प्रतिवेदनमा उल्लेख भएको पाइयो । उक्त पेय पदार्थहरू परीक्षण गर्ने डा. विनम्र श्रेष्ठले सुरू अदालतमा बकपत्र गर्दा उक्त Caffeine भन्ने पदार्थको अत्याधिक सेवन भएमा त्यसले विषादीको काम गर्ने र मानिससमेत मर्न सक्ने भनी बकपत्र गरेकोसमेत देखियो । तथापि मानिसको मृत्यु हुन सक्ने परिमाणमा यी मृतकले उक्त पेय पदार्थ खाएको वा खुवाइएको भन्ने कुनै परीक्षणबाट खुल्न आएको छैन । यी मृतकको ठूलो शरीर रहेको कारण वारदातस्थलबाट तल झार्न पनि गाह्रो भएको भन्ने मिसिलबाट देखिन्छ । यस्तो प्रतिकूल शारीरिक स्थितिकी मृतकलाई प्रतिवादीले वारदातको दिनसमेत कुटपिट गरेको भन्ने तथ्य मृतकको शरीरमा निलडामहरू देखिएबाट पुष्टि भएको छ । मृतकको स्वाभाविक रूपमा कालगतिले नै मृत्यु भएको देखिन नआई निजको कोही कसैको कुनै किसिमको कर्तव्यबाट मृत्यु भएको भन्ने देखिन आएको छ । वारदात स्थलमा मृतक र प्रतिवादीबाहेकको अन्य कुनै व्यक्तिको उपस्थिति रहे भएको भन्ने पनि मिसिल संलग्न कागज प्रमाणबाट देखिएको छैन । मृतकलाई प्रतिवादीबाहेक अन्य कोही कसैले कर्तव्य गरी मारेको भनी मिसिलमा शंकासम्म पनि व्यक्त गरेको नदेखिएको, घटनास्थलमा अन्य तेस्रो व्यक्तिको उपस्थिति पनि नदेखिएको र किटानी जाहेरी परेको अवस्थामा मिसिल संलग्न कागज प्रमाण र परिस्थितिजन्य अवस्थालाई दृष्टीगत गर्दा प्रतिवादीकै कर्तव्यबाट मृतकको मृत्यु भएको रहेछ भनी मान्नुपर्ने अवस्था देखिन आएकोले प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्नेगरी भएको उच्च अदालत पाटनको मिलेको नै देखिन आयो । उक्त फैसला त्रुटिपूर्ण रहेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी सोना पाल भन्ने सनातन पाललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३ (३) बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको उच्च अदालत पाटनको मिति २०७३।८।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । आरोपित कसुरबाट सफाइ पाउँ भन्ने निज प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

उच्च अदालत पाटनबाट यी पुनरावेदक प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्नेदेखि साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५ वर्ष मात्र कैद सजाय तोक्न जाहेर गरेको रायको सम्बन्धमा हेर्दा यी प्रतिवादी श्रीमान् र मृतक श्रीमती रहेको देखिन्छ । प्रतिवादी र मृतकबिच विवाह भएको लामो समयसम्ममा पनि बच्चा नभएको विषयमा विवाद भएको भन्ने देखिए तापनि सो विषयमा प्रतिवादीले मृतकलाई उपचारको लागि चिकित्सककोमा लगेको पनि देखिन्छ । प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको

कुनै पूर्वरिसइवी रहे भएको पनि देखिँदैन। कुनै योजना बनाई धारिलो हतियारले प्रहार गरेको अवस्था पनि मिसिलबाट देखिएन । यी प्रतिवादीले मृतकलाई पूर्वयोजनाबमोजिम अत्यधिक Caffeine भन्ने पदार्थ खुवाएको कारण मृत्यु भएको भन्नका लागि त्यस्तो परिमाणको विषादी निज मृतकको शरीरमा भएको परीक्षणबाट देखिएको छैन। मृतकको शरीरमा भएको निलडामको लक्षण पनि मानिस मार्न सक्ने प्रकृतिको देखिएको छैन । पतिपत्नीबिचको कुनै सामान्य विवादमा कुटपिट गरेको मृतकको शारीरिक स्थितिको प्रतिकूलताको कारणले केही भई मृतकको मृत्यु हुन गएको अवस्थामा निजलाई साबिक मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय गर्दा चर्को पर्ने नै देखियो। तसर्थ, निज सोनापाल भन्ने सनातन काललाई साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५ वर्ष मात्र कैद गर्ने गरी उच्च अदालत पाटनको रायमा परिवर्तन गर्नुपर्ने अवस्था नदेखिँदा सो रायसमेत सदर हुने।

इजलास अधिकृत: अञ्चन भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल चैत्र ६ गते रोज ६ शुभम्।

३०

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७३-CR-१७४५, कर्तव्य ज्यान, नेपाल सरकार वि. सोवित रानाभाटसमेत

प्रतिवादी सोमबहादुर भुजेल र मृतकबिच पूर्वइवि नभएको र निजको मृतकलाई मार्ने विचार राखी, योजना बनाई मृतकलाई प्रहार गरेको भन्ने देखिँदैन भने अपराध सम्पन्न गर्न स्रोत जुटाउने, वातावरण मिलाउने, स्थान रोज्नेसमेतका तयारी गरेको नभई झगडा भइरहेको स्थानमा जाँदा आफ्नो साथीलाई मृतकले लडाएको देखी घटनास्थलमै रहेको दाउराले मृतकको टाउकोमा हानेको देखिएबाट यो घटना प्रतिवादीले मार्ने योजना वनाई मनसायपूर्वक गरेको देखिँदैन। मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय हुन मनसायपूर्वक कुनै उद्देश्य हासिल गर्न तयारीका साथ गई मार्नुपर्ने भनी लक्षित गरिएको व्यक्तिलाई कुनै तरिकाले प्रहार गरी मारेको अवस्था हुनुपर्दछ । प्रस्तुत मुद्दामा प्रतिवादी मृतकलाई मार्ने उद्देश्यले घटनास्थल गएको भन्ने नै नदेखिँदा निजको हकमा ज्यानसम्बन्धी महलको १३ (३) नं. आकर्षित हुने अवस्था नदेखिने।

मुलुकी ऐन ज्यानसम्बन्धी महलको १४ नं. को कानूनी व्यवस्था हेर्दा "ज्यान मार्नको मनसाय रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात मुक्का इत्यादि हान्दा सोही चोट पिरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दाको तथ्य हेर्दा मृतक र प्रतिवादी सोमबहादुर भुजेलबिच ज्यान लिनुपर्नेसम्मको कुनै इवि रहेको देखिँदैन । निजले मृतकलाई मार्ने मनसायले प्रहार गरेको भन्ने पनि देखिँदैन । लुकी चोरीकन हानेको वा जोखमी हतियारले हानेको वा विष खुवाएको पनि देखिँदैन। आफ्नो साथी घटनास्थलतर्फ गएको देखी निज पनि साथीको पछि लागी जाँदा मृतकले साथीलाई लडाएको देखी तत्काल उठेको रिस थाम्न नसकी सोही स्थानमा रहेको दाउरा टिपी मृतकलाई प्रहार गर्दा सोही चोटले मृतकको मृत्यु भएको अवस्था छ। त्यसैले यी मृतकले ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिमको कसुर अपराध गरेको देखिने।

प्रतिवादी सोवित रानाभाट र मृतकबिच घचेटा घचेटा भई दुवै लडेको देखिए पनि प्रतिवादी सोवितले कुटपिट गरेको कारणले मृतकको मृत्यु भएको देखिँदैन भने मृतकको मृत्यु प्रतिवादी सोमबहादुर भुजेलले तत्काल उठेको रिस थाम्न नसकी दाउरोले मृतकलाई हान्दा सो चोट मृतकको टाउकोमा लागी

टाउकोको पछाडिको हड्डी फुटी रक्तस्रावसमेत भई भएको Autopsy Report बाट देखिएको हुँदा घटनामा दुईजना प्रतिवादीको उपस्थिति देखिए पनि प्रतिवादी सोवित रानाभाटलाई सजाय गर्न मिल्ने नदेखिई अभियोग माग दाबीबाट सफाइ दिने र प्रतिवादी सोमबहादुर भुजेललाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम सजाय हुने गरी भएको उच्च अदालतको फैसला मनासिब नै देखिँदा यी प्रतिवादी सोमबहादुर भुजेललाई मुलुकी ऐन ज्यानसम्बन्धीको १३ नं. बमोजिम सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादीहरू सोवित रानाभाट र सोमबहादुर भुजेललाई साबिक मुलुक ऐन ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद ठहर हुने गरी भएको कास्की जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी सोवित रानाभाटलाई अभियोग मागदाबीबाट सफाइ हुने तथा अर्का प्रतिवादी सोबहादुर भुजेललाई सुरू सदर हुने गरी भएको उच्च अदालत पोखराको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी सोमबहादुर भुजेललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने गरी भएको उच्च अदालत पोखराको फैसला सदर हुने भए तापनि निजको जन्म २०५४/८/२ भएको निजको जन्मदर्ता प्रमाणपत्रबाट देखिएको हुँदा वारदातको दिन (मिति २०७२/६/२६) मा निजको उमेर १७ वर्ष १० महिना २४ दिन भएको देखियो। हाल मुलुकी ऐन प्रतिस्थापन भएको परिवर्तित सन्दर्भमा हेर्दा, केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) (ग) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कनूनबमोजिम नै कार्यान्वयन हुनेछ। तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ" भन्ने व्यवस्था रहेको छ भने मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) मा "सोह्र वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको व्यक्तिले कुनै कसुर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कनूनबमोजिम हुने सजायको दुई तिहाइ सजाय हुने छ" भन्ने व्यवस्था भएको तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३५(४) मा "सोह्र वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको व्यक्तिले कुनै कसुर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कनूनबमोजिम हुने सजायको दुई तिहाई सजाय हुने छ" भन्ने व्यवस्था भएबाट वारदात हुँदाको मितिको उमेरको आधारमा निज प्रत्यर्थी / प्रतिवादी सोमबहादुर भुजेललाई १० वर्ष कैदको दुई तिहाई अर्थात् ६ वर्ष ८ महिना मात्र कैद सजाय हुने।

इजलास अधिकृत: अञ्चन भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल चैत्र ६ गते रोज ६ शुभम्।

३१

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री बमकुमार श्रेष्ठ, ०७७-WH-०२७८, बन्दीप्रत्यक्षीकरण, सुधिर श्रेष्ठ वि. धनकुमार राईसमेत

निवेदकले आफू र आफ्नो परिवार २०६२ सालदेखि नै उक्त स्थानमा नबस्ने तथा २०७२ सालको भूकम्पले घर भत्किइसकेको छ भनी लिएको जिकिर तथा निज विगत १५ वर्षदेखि काठमाडौं महानगरपालिका वडा नं. ३ मा नबसी वडा नं. २ मा बसिरहेको भन्ने काठमाडौं महानगरपालिका वडा नं.३ बाट सिफारिस भए तापनि निज निवेदकले मिति २०६८।६।४ मा नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडमा खाता खोल्दा र मिति २०७१।७।१८ मा ग्राहक पहिचान विवरण फाराम भर्दा आफ्नो स्थायी ठेगाना काठमाडौं महानगरपालिका वडा नं. ३ महाराजगन्ज उल्लेख गरी लोकेसन स्केच बनाएको र अस्थायी

ठेगानामा कुनै विवरण उल्लेख गरेको देखिएन भने निवेदकले विगत १५ वर्षदेखि एउटै घर (सीतादेवी अर्यालको) मा बसोबास गरेको भन्ने उल्लेख गरेको भए तापनि घर बहाल सम्झौता, बहाल बुझाएको भर्पाई, घर बहाल कर तिरेको रसिद वा हाल बसोबास गरिरहेको भनेको वडाबाट तथ्ययुक्त रूपमा सो कुरा खुलाएको रीतपूर्वकको सिफारिस पेस गर्न सकेको पनि देखिँदैन। २०७२ को विनासकारी भूकम्पले उक्त घर भत्किइसकेको भन्ने उल्लेख गरिएकोमा निवेदकले भूकम्पपछि संकलित भूकम्प पीडितहरूको नाममा आफ्नो नाम उल्लेख गराएको, भूकम्पबाट भत्किएको घर पुनः निर्माण वा प्रवलीकरण गर्न राष्ट्रिय पुनर्निमाण प्राधिकरणलगायतका सरकारी निकायहरूबाट सहयोग लिएको र सो कुरालाई पुष्टि गर्ने कुनै प्रमाण कागजहरू पेस गर्न नसकेको तथा सम्बन्धित वडामा सो सम्बन्धमा कुनै अभिलेख रहेको पनि दाबी लिन नसकेको अवस्थामा निजले आफ्नो खाता रहेको बैंकमा उल्लेख गरेको विवरणलाई नै खण्डित हुने गरी १५ वर्ष अगाडिदेखि काठमाडौं महानगरपालिका वडा नं.३ मा नबसेको भनी लिएको दाबीलाई वडा कार्यालयको सिफारिसकै आधारमा मात्र विश्वास गर्न नसकिने।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा २३ दफा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६३(१) मा उल्लिखित राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशित गरी म्याद तामेल गर्ने व्यवस्था कोही कसैको कुनै कारणले ठेगाना पत्ता लाग्न नै नसकी म्याद तामेल हुन नसकेको अवस्थामा कार्यान्वयन हुने हो। यी निवेदक हाल पनि नेपालमा नै बसोबास गरिरहेको, निजको चालक अनुमति पत्रलगायतका सरकारी कागजमा निजको स्थायी ठेगाना काठमाडौं महानगरपालिका वडा नं. ३ उल्लेख गरेको, बसाई सराई गरी अन्यत्र गएको पनि नदेखिएको अवस्थामा निजले दिएको ठेगानामा निजले नै बनाएको लोकेसन स्केचका आधारमा स्थानीय जनप्रतिनिधिसमेतको रोहबरमा गरिएको म्याद तामेललाई अन्यथा मान्नुपर्ने अवस्था नहुँदा म्याद तामेल भएको कार्यलाई रीतपूर्वककै मान्नुपर्ने देखिने।

निवेदकले दिएको चेक बाउन्स भएको अवस्थाबाट मुद्दाको सुरूवात भएको अवस्था छ। आफूले दिएको चेकको बारे लामो समयसम्म निजले खोज खबर गरेको पनि देखिँदैन भने निजले चेक जारी गर्ने बैंकलाई दिएको ठेगानाको घर दैलोमा म्याद तामेल भएको अवस्थामा उक्त म्याद तामेललाई रीतपूर्वकको मानी कानूनबमोजिमको प्रक्रिया पूरा गरी उच्च अदालतबाट फैसला भएको र सोही फैसला कार्यान्वयनको सिलसिलामा यी निवेदक कैदमा रहेको अवस्था रहेको छ। आफ्नो स्थायी बसोबास रहेको स्थानमा म्याद तामेल नभएको भन्ने दाबी लिने यी निवेदकले म्याद तामेलको सम्बन्धमा उच्च अदालत पाटनमा म्याद बदरका लागि कुनै प्रक्रिया अगाडि नबढाई असाधारण अधिकार क्षेत्रको प्रयोग गरी यस अदालतमा आएको देखिँदा निजको हकमा अन्य वैकल्पिक उपचारको बाटो नभएको भन्ने जिकिरसँग पनि सहमत हुन नसकिने।

यसरी यी निवेदकले आफूले हस्ताक्षर गरी जारी गरेको चेक सम्बन्धमा लामो समयसम्म कुनै खोज खबर लिएको नदेखिएको, काठमाडौं महानगरपालिका वडा नं. ३ को सिफारिसमा १५ वर्ष अघिदेखि वडा नं. २ मा बसेको भने तापनि बैंकमा खाता खोल्दा तथा २०७१ सालमा व्यक्तिगत विवरण दिँदा निजले आफ्नो स्थायी ठेगाना काठमाडौं महानगरपालिका-३ उल्लेख गरी सम्बन्धित बैंकमा विवरण भरेको, तथ्ययुक्त रूपमा निज आफ्नो स्थायी ठेगानामा बसोबास नगरेको भनी पुष्टि गर्न नसकेको र निजले आधिकारिक रूपमा पटक पटक आफ्नो स्थायी बसोबास भनी देखाएको घर ठेगानामा उच्च अदालत पाटनबाट म्याद तामेल भएको देखिएबाट निज सफा हात लिई अदालतमा प्रवेश गरेको

पनि देखिएन । अतः निवेदन मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने अवस्था विद्यमान नहुदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: अञ्चन भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल चैत्र २३ गते रोज २ शुभम् ।

इजलास नं.८

३२

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७४-CR-०९२६, लागु औषध (ब्राउन सुगर), अख्तर अली तेली वि. नेपाल सरकार, ०७४-CR-१३२७, ईमरान अन्सारी वि. नेपाल सरकार, ०७४-CR-१३७६, हनीफ तेली वि. नेपाल सरकार

प्रतिवादीहरू भारतीय नागरिक भएको नेपाली भाषा नबुझ्ने भन्ने प्रतिवादीमध्येका इमराम अन्सारी र हनिफ तेलीले दाबी लिए पनि अदालतबाट सोधिएको प्रश्नको युक्तियुक्त जवाफ दिएबाट निज पुनरावेदकहरूको उक्त भनाई प्रतितलायक पनि देखिएन । पुनरावेदकसहितका तीनै जना प्रतिवादीहरू एकै साथ पक्राउ परेका र प्रतिवादीमध्येका हनिफ तेलीको साथबाट ४९ ग्राम ५०० मि. ग्रा. लागु औषध (खैरो हेरोइन) बरामद भएको बरामदी मुचुल्का, प्रतिवादीले गरेको मौकाको बयान, प्रतिवेदक प्र.स.नि भुपेन्द्र पाण्डे शर्माले गरिदिएको बकपत्रसमेतबाट अभियोग दाबी पुष्टि भइरहेको अवस्थामा लागु औषधको खरिद बिक्रीको कारोबारमा संलग्नता छैन, अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, माथि उल्लिखित आधार प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादीहरू अख्तर अलि तेली, हनिफ तेली र इमरान अन्सारीले अभियोग दाबीबमोजिम लागु औषध खैरो हिरोइनको खरिद बिक्री कारोबार गर्ने गरेको पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादीहरूलाई कसुरदार ठहर गरी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) को छ (२) बमोजिम जनही ११ वर्ष कैद र रू. १ लाख जरिवाना गर्ने गरी सुरू अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७४।३।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः नवराज कार्की

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७६ साल माघ २६ गते रोज १ शुभम् ।

३३

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०६९-CR-०८५९, हातहतियार खरखजाना, नेपाल सरकार वि. अलाउद्दिन मुसलमानसमेत, ०६९-CR-१०१५, हातहतियार खरखजाना, नुर मोहम्मद कुजडा वि. नेपाल सरकार

प्रतिवादीको आपराधिक कार्य ठहर गर्न आपराधिक मनसाय तत्त्वको प्रधानता हुने नभई आपराधिक कार्य नै कसुर स्थापित गर्ने पर्याप्त आधार हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरू मतिउल्लाह मुसलमान र अलाउद्दीन मुसलमान सिकार खेल्न गइरहेको अवस्थामा भरूवा बन्दुक एक थान, ऐ.को बारूद ५० ग्राम र छर्रा तथा मोटरसाइकल निजहरूको साथबाट बरामद भएकोमा साबित रहेको र निजहरूले उक्त बन्दुक तथा बारूद र छर्रा कानूनबमोजिम राख्न पाउने इजाजत लिएको देखिँदैन । यस्तो अवस्थामा हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२), ५(१) र २० बमोजिम बन्दुकलाई हातहतियार र बारूद छर्रालाई खरखजानाअन्तर्गत छुट्टाछुट्टै कसुर कायम गरी हातहतियार र खरखजानामा छुट्टाछुट्टै सजाय गर्नुपर्नेमा खरखजानातर्फ कसुर कायम गरी सजाय नगरी हातहतियारतर्फ मात्र कसुर कायम गरी निज

प्रतिवादीहरूलाई सजाय गरेको पुनरावेदन अदालत बुटवलको फैसला निजहरूको हकमा सो हदसम्म मिलेको देखिन नआउने ।

अब प्रतिवादीहरू मतिउल्लाह मुसलमान र अलाउद्दीन मुसलमानले खरखजानामा गरेको कसुरमा निजहरूलाई के कति सजाय गर्ने भन्ने सम्बन्धमा हेर्दा, बरामद खरखजानाको परिमाणसमेतका आधारमा निजहरूलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(३) बमोजिम जनही रू.२०,०००।- (बिस हजारमात्र) जरिवाना गर्न मनासिव देखिने ।

अर्का प्रतिवादी नुर मोहम्मद कुजडाको हकमा विचार गर्दा, बरामद बन्दुक निज प्रतिवादीको हो भनी बयानको क्रममा अन्य प्रतिवादीहरूले पोल गरेकोसम्म देखिन्छ । प्रतिवादी नुर मोहम्मद कुजडा कसुरमा इन्कार रहेको र उक्त बन्दुक प्रतिवादी नुर मोहम्मद कुजडाकै हो भनी वादी तथा प्रतिवादीका साक्षीले किटानीसँग भन्न सकेको पाइँदैन । साथै निज प्रतिवादीबाट हातहतियार तथा खरखजाना बरामद भएको पनि पाइँदैन । सहअभियुक्तको पोललाई अन्य वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गरेको पनि देखिँदैन । यस्तो अवस्थामा प्रतिवादी नुर मोहम्मद कुजडाले आरोपित कसुर गरेको भन्न मिल्ने देखिएन । तसर्थ, प्रतिवादी नुर मोहम्मद कुजडालाई कसुरदार ठहर गरी जरिवाना गरेको पुनरावेदन अदालत बुटवलको फैसला सो हदसम्म मिलेको नदेखिने ।

प्रतिवादी मतिउल्लाह मुसलमानले चलाएको लु. ४ प १४३४ नं. को मोटरसाइकल जफत हुने वा नहुने सम्बन्धमा विचार गर्दा उक्त मोटरसाइकल प्रतिवादी मतिउल्लाह मुसलमानको रहेको देखिन्छ । निषेधित हातहतियार तथा खरखजाना प्रतिवादी अलाउद्दीन मुसलमानले मोटरसाइकल पछाडि बसी लिएर गएको अवस्थामा बरामद भएको पाइन्छ । निज प्रतिवादीहरूले उक्त हातहतियार तथा खरखजाना इजाजत नलिई हिँडेको अवस्थासम्म देखिन्छ । हातहतियार तथा खरखजाना इजाजत नलिई हिँडेको कसुरमा निजहरूलाई जरिवाना हुने ठहर भइसकेको हुँदा सो हातहतियार तथा खरखजाना लिएर हिँडेकै आधारमा मोटरसाइकल जफत गर्नु न्यायोचित हुने देखिँदैन । तसर्थ, उक्त मोटरसाइकल जफत नभई प्रतिवादीले फिर्ता पाउने गरी भएको पुनरावेदन अदालत बुटवलको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः माथि उल्लिखित आधार कारणसमेतबाट प्रतिवादीहरू मतिउल्लाह मुसलमान र अलाउद्दीन मुसलमानले खरखजानातर्फ गरेको कसुरमा सजाय नगरेको तथा अर्का प्रतिवादी नुर मोहम्मद कुजडालाई हातहतियारको कसुरमा रू.६०,०००।– जरिवानाको सजाय गरेको हदसम्म पुनरावेदन अदालत बुटवलको मिति २०६९।३।३१ को फैसला नमिली केही उल्टी भई प्रतिवादीहरू मतिउल्लाह मुसलमान र अलाउद्दीन मुसलमानलाई खरखजानातर्फको कसुरमा जनही रू.२०,०००।– (बीस हजार मात्र) जरिवाना हुने र प्रतिवादी नुर मोहम्मद कुजडाले आरोपित कसुरबाट सफाइ पाउने । प्रतिवादी नुर मोहम्मद कुजडालाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने र बरामद मोटरसाइकल जफत हुनुपर्दछ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः मेघनाथ चापागाँई

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७६ साल असोज ६ गते रोज २ शुभम् ।

३४

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना, ०७५-CR-२०५३, जबरजस्ती करणी / कर्तव्य ज्यान, सुवास बोहोरा वि. नेपाल सरकार

प्रस्तुत मुद्दामा निज प्रतिवादीले आफूले गिता चपाईलाई जबरजस्ती करणी गरेको होइन भनी प्रमाणित गर्न मौखिक रूपमा होइन भन्नुबाहेक अन्य

आधार र कारण पेस गर्न सकेको देखिँदैन। प्रतिवादीले गिता चपाईसँग पहिलो भेटमा नै सहमतिमै करणी गरेको भए सो कुरा पुष्टि हुने कुनै आधार प्रमाण पेस गर्न सक्नुपर्नेमा सोसमेत पेस गर्न नसकेको अवस्थामा निज प्रतिवादीउपर जबरजस्ती करणीतर्फ लिइएको अभियोग दाबीलाई अन्यथा मान्नुपर्ने हो कि भन्न सकिने अवस्था नदेखिने।

प्रस्तुत मुद्दाको पीडितले विवाह गर्ने मनसाय राखी प्रतिवादीसँग भागी गएको अवस्थामा विवाह गर्ने दबाबबाट छुटकारा पाउनका लागि प्रतिवादीले कर्तव्य गरी मारेको कुरालाई स्वयं प्रतिवादीले स्वीकार गरी बयान गरेको अवस्थामा यसरी विवाह गर्छु भनी प्रलोभन दिई करणी गरेको व्यक्तिउपर उमेर पुगेकी महिलाले जबरजस्ती करणीमा उजुरी दिने कुरा पनि स्वाभाविक भएन। अतः प्रस्तुत मुद्दामा पीडित प्रतिवादीसँग विवाह गर्ने मनसाय राखी घरबाट भागी गएको अवस्थामा प्रतिवादीले कर्तव्य गरी मारेको देखिँदा जबरजस्ती करणीतर्फको विवादमा हदम्याद नघाई अभियोग दिएको आधारमा मात्र कसुर कायम गर्न मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग मिसिल संलग्न मुद्दाको सिलसिलेवार तथ्य निजहरूबिच भएको भेटघाटको आधार र कारणहरूबाट समेत सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादी सुवास बोहराले गिता चपाईलाई जबरजस्ती करणी गरी सोही जरियाबाट विवाह गर्ने नगर्ने विवाद उठी दबाब सिर्जना भएको कारणसहितको तथ्य पुष्टि हुन आएकाले निज प्रतिवादीलाई कर्तव्य ज्यानको कसुरमा भएको सजाय र मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(५) नं. बमोजिम ५(पाँच) वर्ष कैद र मृतकका हकदारलाई निज प्रतिवादीबाट रू.५०,०००।- (पचास हजार) क्षतिपूर्तिसमेत भराइदिनुपर्ने ठहऱ्याई उच्च अदालत सुर्खेतबाट मिति २०७५।९।४ मा भएको फैसला कानूनसम्मत भई मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७७ साल फागुन २ गते रोज १ शुभम्।

इजलास नं.९

३५

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री तेजबहादुर के.सी., ०७६-WO-०७७४, उत्प्रेषणसमेत, कमलाकुमारी न्यूरे वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(१) क्र. सं. २ मा कम्तीमा एक वर्ष अति दुर्गम वा दुई वर्ष दुर्गममा काम गरेको योग्यता पूरा भएमा मात्र छैठौं तहमा स्तरवृद्धि हुनसक्ने कानूनी व्यवस्था रहेको देखिन्छ । एकातर्फ यी निवेदकले स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(१) बमोजिम स्तरवृद्धिका लागि चाहिने न्यूनतम योग्यता अर्थात् अति दुर्गम क्षेत्रमा एक वर्ष वा दुर्गम क्षेत्रमा दुई वर्ष सेवा गरेको हुनुपर्ने योग्यता पूरा गरेको भन्ने कुराको पुष्टि हुने प्रमाण निवेदकले पेस गर्नसकेको देखिँदैन। अर्कातर्फ यी निवेदकले आफूलाई स्वास्थ्य सेवा विभागले पाँचौं तहबाट छैठौं तहमा गरेको स्तरवृद्धि बदर गर्ने गरी स्वास्थ्य मन्त्रालयबाट मिति २०७३।३।१६ मा भएको निर्णयउपर करिब साढे तीन वर्षपछि मिति २०७६।१०।२७ मा सो निर्णय बदरका लागि समयमै उपचार माग नगरी विलम्ब गरेको देखिने।

कानूनले तोकेको विधि र प्रक्रिया पूरा नगरी जुनसुकै निकायबाट भएको निर्णयले कानूनी मान्यता प्राप्त गर्न सक्दैन। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ ले तोकेको मापदण्डबमोजिम दुर्गम क्षेत्रमा बसी न्यूनतम अवधि सेवा नगरेको अवस्था विद्यमान हुँदाहुँदै स्वास्थ्य सेवा विभागले मिति २०७०।४।१

देखि जेष्ठता कायम हुने गरी मिति २०७४।९।२४ मा यी निवेदकलाई पाँचौं तहबाट छैठौं तहमा स्तरवृद्धि गरेको निर्णय कानूनसम्मत भएको देखिन आएन। यस स्थितिमा स्वास्थ्य सेवा विभागको सो निर्णय बदर गरी यी निवेदकलाई साबिक पाँचौं तहमा कायम गर्ने भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७३।३।१६ मा भएको निर्णयलाई अन्यथा मान्न सकिने अवस्था विद्यमान नहुँदा निवेदन मागबमोजिम उक्त निर्णय बदर गरिपाउँ भन्ने निवेदकको निवेदन मागदाबीसँग सहमत हुन नसकिने।

रिट निवेदकले आफ्नो निवेदनमा ने.का.प. २०७६ अङ्क ४ नि. नं.१०२४० मा "... आफ्नो क्षेत्राधिकारभित्रको कार्यमा कानूनसम्मत् ढङ्गबाट निश्चित प्रक्रिया अवलम्बन गरी क्षेत्राधिकार भएका निकायले नै आवश्यक कागजात प्रमाण बुझी सबै प्रक्रिया पूरा गरेर तथ्य र प्रमाणका आधारमा निर्णय गर्ने स्वतन्त्र अधिकारक्षेत्रलाई मिच्ने, सङ्कुचन, नियन्त्रण एवं निर्देशित गर्ने हिसाबले निर्देशन दिन नमिल्ने" भनी प्रतिपादन भइसकेका नजिरहरूको आधारमा समेत रिट जारी गरिपाउँ भनी जिकिर लिएको सम्बन्धमा विचार गर्दा, स्तरवृद्धि सम्बन्धमा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(१) मा स्पष्ट कानूनी व्यवस्था भएको देखिन्छ । जुन कानूनद्वारा यी निवेदकको बढुवाको आधारहरू व्यवस्थित भएको हुन्छ, सोही कानूनको बारेमा अनभिज्ञ हुने छुट निजलाई हुन सक्दैन। प्रचलित कानूनमा भएको व्यवस्थाविपरीत यी निवेदकलाई पाँचौं तहबाट छैठौं तहमा स्तरवृद्धि गर्ने गरी भएको त्रुटिपूर्ण निर्णयलाई सच्याउने सिलसिलामा निज निवेदकलाई साबिक तहमा नै कायम गर्ने गरी निर्णय भएको अवस्था हुँदा निवेदकले उल्लेख गरेका नजिरहरू निजको हकमा आकर्षित हुने नदेखिने।

तसर्थ, माथि उल्लिखित आधार एवं कारणहरूबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगले लिखित जवाफमा आफूले कुनै निर्णय गरेको उल्लेख नगरेको, स्वास्थ्य सेवा विभाग र स्वास्थ्य मन्त्रालयको लिखित जवाफमा नै नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(१) ले पाँचौं तहमा नियुक्ति भएको वा पाँचौं तहको लागि योग्यता पूरा भएको निवेदकको हकमा छैठौं तहमा स्तरवृद्धिका लागि दुर्गम क्षेत्रमा न्यूनतम अवधि सेवा गर्नुपर्ने अवस्थामा निजले दुर्गम क्षेत्रमा काम गरेको देखिँदैन भनी स्पष्ट गरेको र यी निवेदक कमला कुमारी न्युरेले दुर्गम क्षेत्रमा कानूनले तोकेको न्यूनतम अवधि बसी सेवा गरेको भन्ने वस्तुनिष्ठ प्रमाण पेस गर्न नसकेकोले निवेदकलाई पाँचौं तहबाट छैठौं तहमा स्तरवृद्धि गर्ने स्वास्थ्य सेवा विभागको मिति २०७०।९।२४ को निर्णय बदर गर्ने गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७३।३।१६ मा भएको निर्णयलाई अन्यथा भन्न सकिने देखिएन। रिट निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७७ साल चैत्र १८ गते रोज ४ शुभम्।

३६

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी, ०७६-CR-०५५८, कर्तव्य ज्यान, नेपाल सरकार वि. पुष्प भन्ने हर्कबहादुर राई

प्रतिवादीको मृतकलाई मार्नुपर्नेसम्मको रिसइवी पूर्वयोजनासमेत थियो थिएन भन्ने सन्दर्भमा प्रस्तुत मुद्दाको तथ्यलाई विवेचना गरी हेर्दा प्रतिवादी र निजकी श्रीमती मृतक मेनुका राईबिच बेलाबखत झैझगडा हुने गरेको देखिए पनि मिसिल संलग्न कुनै पनि प्रमाण कागजातबाट दुबैबिच ज्यानै मार्नुपर्नेसम्मको विवाद झगडा थियो, प्रतिवादीले मृतकलाई मार्ने मनसाय, पूर्वयोजना र षड्यन्त्रसमेत गरेको भन्ने देखिँदैन । प्रतिवादीले दूषित मनसाय राखी आफ्नी श्रीमतीलाई कुटपिट गरेको होइन भनी निज प्रतिवादीको भनाइलाई नै समर्थन गर्दै बुझिएका

साक्षीहरूले अदालतसमक्ष बकपत्र गरिदिएको अवस्था विद्यमान छ । प्रतिवादीले मृतकलाई कुनै किसिमको धार भएको जोखिमी हतियारले हानी, रोपी, घोची मारेको भन्ने देखिँदैन। छिमेकीको घरमा मासु पुर्‍याउन गई केही ढिलो आएको विषयमा विवाद भएको कारण विवाद र झैझगडा भई सोही विवादको सिलसिलामा तत्काल उठेको रिस थाम्न नसकी प्रतिवादीले श्रीमती मेनुका राईलाई लात्तीसमेतले प्रहार गर्दा धकेलिन गई खाट र नजिकै रहेको दाउराको चाङमा ठोकिन पुगी सोही चोटका कारण मृतक मेनुका राईको मृत्यु भएबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा भएको कानूनी व्यवस्था प्रस्तुत मुद्दाको रोहमा आकर्षित हुने देखिँदा प्रतिवादी पुष्प भन्ने हर्कबहादुर राईलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, सुरू भोजपुर जिल्ला अदालतबाट प्रतिवादी पुष्प भन्ने हर्कबहादुर राईलाई मुलकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुरमा सोही महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैदको सजाय हुने गरी मिति २०७५।६।१५ मा भएको सदर गर्ने गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७६।०३।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७८ साल वैशाख ५ गते रोज १ शुभम्।

३७

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०७५-CR-२१०२, अपहरण गरी ज्यान बेपत्ता, नेपाल सरकार वि. विष्णुप्रसाद न्यौपाने

वारदातमा पीडित चन्दु न्यौपानेको मृत्यु भइसकेको हो वा होइन भन्ने तथ्यमा विवाद देखिन्छ। वादी नेपाल सरकारको अभियोगपत्रबाट चन्दु न्यौपानेको मृत्यु भइसकेको वा जीवित रहेको भन्ने सम्बन्धमा अज्ञानता रहेको, सो कुरा अनुसन्धानबाट खुल्न नसकेकाले निज चन्दु न्यौपानेलाई मारेको बेचबिखन गरेको वा अन्य कुनै कारणबाट बेपत्ता पारेको भन्ने खुल्न आएमा सोही कसुरका आधारमा अभियोगपत्र दायर गरिने छ भन्नेसमेत उल्लेख भएबाट पीडित चन्दु न्यौपानेको मृत्यु भएको हो वा होइन भन्ने विषयमा स्वयं नेपाल सरकार नै दुविधामा रहेको पाइने।

त्यस्तै, वारदातस्थल भनिएको सुपाकुनाभिरमा मिति २०७३/०१/१४ को राति अं. ०२:०० बजेको समयमा चन्दु न्यौपानेलाई प्रतिवादी विष्णुप्रसाद न्यौपानेले निजको पटुका र सल समाती झट्काएर तान्ने क्रममा निज चन्दु न्यौपाने उक्त भिरबाट खसेकी हुन् भन्नेसमेत बेहोराको घटनास्थल प्रकृति मुचुल्का रहेको र उक्त घटनास्थलदेखि अ. ३०० मिटर तल खोल्सामा मानवको जस्ता हड्डी फेला पारी उक्त हड्डीहरू परीक्षणको लागि प्रहरीले बरामद गरी लिएको भन्नेसमेत बेहोराको घटनास्थलमा खडा गरिएको बरामदी मुचुल्कामा प्राप्त हड्डीहरूको जिल्ला अस्पताल, कालिकोटमा भएको हड्डी परीक्षण प्रतिवेदनमा on the basis of examination bones found at spot resemble bones of animal. The opinion may be modified as per any positive finding in the bones exam ination भन्ने बेहोरा रहेकोसमेतबाट पीडित चन्दु न्यौपानेको मृत्यु भएको हो वा होइन भन्ने विषयमा रहेको दुविधाको थप पुष्टि भएको देखिन्छ। पीडितको अवस्था अज्ञात रहेको र कसलाई क्षतिपूर्ति दिलाउने भन्नेसमेत मिसिल संलग्न कागज प्रमाणबाट स्थापित हुन नसकेको तथा प्रमाण ऐन, २०३१ को दफा २८ मा “कुनै खास कुरा प्रमाणित गर्ने भार कुनै खास व्यक्तिको हुने छ भनी कुनै नेपाल कानूनमा व्यवस्था भएकोमा बाहेक त्यस्तो कुरा

प्रमाणित गर्ने भार सो कुराको अस्तित्वमा अदालतलाई विश्वास दिलाउन चाहने व्यक्तिमाथि नै हुने छ" भन्ने कानूनी व्यवस्थाबमोजिम वादी नेपाल सरकारले आफ्नो जिकिरसमेत अदालतमा स्थापित गर्न सकेको देखिँदैन । यस अवस्थामा पीडितको नैसर्गिक अधिकारको रूपमा रहेका संविधान, कानून तथा UN Declaration on Basic Principles of justice for victims of crime and Abuse of Power 1985 का प्रावधान आकर्षित हुनेसमेत नदेखिने ।

यसरी, पीडितको मृत्यु भएको हो वा होइन यकिन नै नभएको, उसलाई के कस्तो मानसिक, शारीरिक, आर्थिक क्षति पुगेको छ स्पष्ट पनि नभएको अवस्थामा के कस्तो नजिकको हकदारलाई क्षतिपूर्ति दिनुपर्ने भनी उक्त अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १२ नं. ले परिकल्पना गरेको देखिँदैन । साथै बेपत्ता भएकी भनिएकी पीडितको पारिवारिक सदस्यमध्ये कसलाई क्षतिपूर्ति भराइदिनुपर्ने परनिर्भित परिवारको सदस्य को हो भनी अभियोगपत्र वा पुनरावेदन पत्रमा स्पष्ट रूपमा उल्लेख भएको अवस्था समेत नदेखिएको परिस्थितिमा कानूनबमोजिम क्षतिपूर्तिसमेत भराई दिलाइपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सो हदसम्म पुग्न नसक्ने ठहराई भएको उच्च अदालत सुर्खेत, जुम्ला इजलासको मिति २०७५।०२।२८ को फैसला मिसिल संलग्न प्रमाण र न्यायको रोहमा मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७७ फागुन २५ गते रोज ३ शुभम् ।

३८

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री नहकुल सुवेदी, ०७७-WH-०३०२, बन्दीप्रत्यक्षीकरण, मोहम्मद नदिम खान वि. कारागार कार्यालय, जगन्नाथदेवलसमेत

उच्च अदालत पाटनबाट जरिवानाको हकमा रू.१,२०,००,०००।– ठहऱ्याएको फैसला र सोबमोजिम जारी गरिएको कैदी पुर्जी मिलेको छ, छैन भन्ने विषयमा विचार गर्दा उच्च अदालत पाटनको मिति २०७५।५।२६ को फैसला सोको कार्यान्वयनका लागि मिति २०७६।०३।०१ मा संशोधित कैदी पुर्जी जारी भएको देखिन्छ । सो समयमा मुलुकी अपराध संहिता, २०७४ कार्यान्वयनमा रहेको देखिन्छ । यस्तोमा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) तथा र फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने कानूनी व्यवस्था रहेको हुँदा हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ को दफा २५७(२) ले खोटा मुद्रा चलन गरेमा मा रू. ७०,०००।– सम्म जरिवाना हुन सक्ने कानूनी व्यवस्था गरेको देखिन्छ । उक्त कानूनबमोजिमको सुविधा र लाभ यी निवेदकले पाउने नै देखिँदा जरिवानाको हकमा हाल प्रचलित कानूनी व्यवस्थाअनुसार रू.७०,०००।– मात्र जरिवाना कायम हुने ठहर्छ । रिट निवेदक मिति २०७२।१२।२२ देखि थुनामा रहेको र निजलाई लागेको कैदबापतको ६ वर्षको सजाय मिति २०७८।१२।२२ मा पूरा हुँदा ६ वर्षको कैदको सजायको अवधि हालसम्म भुक्तान हुन बाँकी नै रहेको देखिन्छ । निजको थुना अदालतबाट भएको फैसला कार्यान्वयनको क्रममा नै रहेको हुँदा उक्त थुनालाई गैरकानूनी भन्न मिल्ने अवस्था नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने नदेखिने ।

तसर्थ, जरिवानाको हकमा केही उल्टी हुने गरी उच्च अदालत, पाटनबाट भएको फैसलामा ठहऱ्याएको जरिवाना रू. १,२०,०००००।– (एक

करोड बिस लाख) अनुसार दिइएको काठमाडौं जिल्ला अदालतको मिति २०७६।०३।०१ को कैदीपुर्जी माथि प्रकरणमा उल्लिखित कानूनी व्यवस्थाहरू विपरीत देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । उक्त कैदी पुर्जीलाई संशोधन गरी जरिवानाको हकमा रू. ७०,०००।– (सत्तरी हजार रूपैयाँ) मात्र कायम गरी संशोधित कैदी पुर्जी दिनु भनी काठमाडौं जिल्ला अदालतका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः नारायण सापकोटा

कम्प्युटरः सरस्वती दाहाल

इति संवत् २०७८ साल वैशाख ३० गते रोज ५ शुभम्।

इजलास नं.१०

३९

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, ०७२-CR-०१९६, वैदेशिक रोजगार कसुर, भगवती शर्मा तिमिल्सेना वि. नेपाल सरकार

प्रतिवादीले यिनै जाहेरवालासमेत उपर मिति २०६९।३।१० गतेको उक्त लिखत जाहेरवालासमेत भई मिति २०६९।५।८ मा जबरजस्ती गराएकाले बदर गरिपाउँ भनी दर्ता गराएको उक्त करकाप मुद्दामा करकापबाट सहीछाप गराएको पुष्टि हुने ठोस प्रमाणको अभावमा वादी दाबीअनुसार करकाप ठहर्‍याउन मिलेन, वादी दाबी पुग्न सक्दैन भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।८।१२।४ मा फैसला भएको बेहोरा मिसिल संलग्न उक्त फैसलाको प्रतिलिपिबाट देखिन्छ । प्रतिवादी भगवती शर्मा तिमल्सेनाले जबरजस्ती करकापमा पारी वैदेशिक रोजगारको कागज गराएका हुन् भनी लिएको जिकिर सोसम्बन्धी मुद्दा हेर्ने न्यायिक निकायबाट ठहर नभएपछि त्यो लिखतको वैधता कायमै रहेको मान्नुपर्ने हुन्छ। मिति २०६९।३।१० को लिखतले कानूनी वैधता प्राप्त गरेपछि त्यसमा उल्लिखित बेहोरालाई सत्य हो भनी मान्नुपर्ने।

प्रतिवादी भगवती शर्मा तिमिल्सेनाले वैदेशिक रोजगारीको कसुरमा इन्कार रही मौका तथा न्यायाधिकरणसमक्ष बयान गरेको, निजको बयान बेहोरालाई समर्थन हुने गरी निजका साक्षीहरू शुशिला भण्डारी तथा चन्द्रवती ढुङ्गानाले न्यायाधिकरणसमक्ष बकपत्र गरेको देखिए तापनि निजहरूको भनाइलाई निज प्रतिवादीले आफैँले रकम लेनदेनको कागज गरेको कुरा स्वीकार गरेको देखिएको र निजले करकापबाट गराइएको भनिएको उक्त कागज करकापबाट भएको भन्ने नदेखिने।

पुनरावेदक प्रतिवादीले जाहेरवालाको राहदानीसमेत नबनेको, वैदेशिक रोजगारका लागि अन्य कागज प्रमाणसमेत वादी पक्षबाट पेस हुन नसकेको, अभियोग मागदाबी शंकारहित तवरबाट प्रमाणित नभएको, मैले यी जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउने भनी रकम नलिएको, मेरो वैदेशिक रोजगारको कसुर गर्ने मनसाय र क्रियामा हालसम्म कहीँकतै संलग्न नभएको हुँदा मैले सफाइ पाउनुपर्छ भन्ने निजको पुनरावेदन जिकिर निजले गरेको लिखित प्रमाणको अगाडि विश्वासयोग्य तथा तथ्यपरक नदेखिने।

तसर्थ, प्रतिवादी भगवती शर्मा तिमिल्सेनाले अभियोग दाबीबमोजिमको आरोपित कसुर गरेको देखिँदा निजलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुरमा ऐजन ऐनको दफा ४३ बमोजिम एक वर्ष छ महिना कैद र रू. एक लाख पचास हजार जरिवाना हुने एवं जाहेरवालाले प्रतिवादीबाट वादी दाबीबमोजिमको बिगो रू. छ लाख र सोको पचास प्रतिशतले हुने हर्जाना रू. तीन लाखसमेत गरी जम्मा रू. नौ लाख भरिपाउने ठहर्‍याएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७१।१।१६ को फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने ठहर्छ।

प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: खुमप्रसाद भण्डारी

कम्प्युटर: रवि दुवाल

इति संवत् २०७६ साल भाद्र १९ गते रोज ५ शुभम्।

४०

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना, ०७२-CR-०८०२, हातहतियार खरखजाना, नेपाल सरकार वि. अम्मरराज श्रेष्ठसमेत

प्रतिवादीहरूले बेवारिसे अवस्थामा फालेको हावादारी बन्दुक (एयरगन) उठाई ल्याइराखेको देखिएको र उक्त एयरगन हातहतियार खरखजाना ऐन, २०१९ को दफा २(ग) ले गरेको हातहतियारको परिभाषाभित्रको हातहतियार नदेखिएबाट ऐजन ऐनको दफा ३ ले हातहतियार राख्न अनुमति लिनुपर्ने भनी गरेको बाध्यात्मक कानूनी व्यवस्थासमेत यहाँ आकृष्ट हुने देखिएन। यस दृष्टिकोणबाट एयरगन राख्नकै लागि पनि अनुमति लिनुपर्ने बाध्यता नभएपछि बेवारिसे अवस्थामा फेला परेको एयरगन बरामद भएको कारण उपर्युक्त दफा ३ बमोजिम अनुमति नलिएको भनी ऐजन ऐनको दफा २०(२) बमोजिम गरिएको सजाय पनि मिल्ने अवस्थाको देखिएन । वादी नेपाल सरकारले लिएको अर्को पुनरावेदन जिकिर यी प्रतिवादीहरूले एयरगन फेला पारी राखेको कुराको जानकारी अविलम्ब प्रहरीलाई गराउनुपर्ने नागरिक कर्तव्यबाट विमुख भएको आचरणगत त्रुटिबाट कसुर कायम हुनुपर्नेमा सोही आधारलाई टेकी सफाइ दिएको नमिलेको भन्नेतर्फ विचार गर्दा निज प्रतिवादीहरूले उक्त कुराको जानकारी तुरून्त प्रहरीलाई गराउनुपर्ने कुरामा विवाद देखिँदैन तर इँट्टा भट्टामा काम गर्ने सामान्य हैसियतका यी प्रतिवादीहरूको अज्ञानताका कारण सोही कुरालाई कसुरको जरिया बनाई कसुर कायम गरी कैदको सजाय गर्ने कुरा न्यायको दृष्टिकोणबाट सर्वथा मिल्ने नदेखिँदा पुनरावेदन अदालत तुलसीपुरले निज प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसलामा अन्यथा भयो भनी भन्न सक्ने अवस्था देखिँदैन । पुनरावेदन अदालत तुलसीपुरले प्रतिवादीहरूलाई कसुरबाट सफाइ दिँदा टेकेका आधारहरू मनासिब र न्यायोचित देखिने।

तसर्थ, प्रतिवादीहरूले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) अन्तर्गतको कसुर गरेको देखिन नआएकोले सुरू जिल्ला प्रशासन कार्यालय दाङले अभियोग दाबीबमोजिम प्रतिवादीहरूलाई सजाय गर्ने गरी मिति २०७१/४/२९ मा गरेको फैसला उल्टी गरी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७१।१२।१ मा भएको फैसला कानूनसम्मत मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल फागुन २ गते रोज ६ शुभम्।

४१

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, ०७२-CR-११०६, सरकारी छाप दस्तखत किर्ते, नेपाल सरकार वि. सीता बास्कोटा कार्कीसमेत

२०६८ सालको एस.एल.सी. परीक्षामा प्रतिवादी गिताकुमारी कार्कीको नामबाट निजको बुहारी सिता बास्कोटा कार्कीले परीक्षा दिँदै गरेको अवस्थामा २०६८।१२।१३ गते सिता बास्कोटा कार्की पक्राउ परेको देखिन्छ। अरूको नामबाट परीक्षा दिए दिलाएको सम्बन्धमा वादी नेपाल सरकार विरूद्ध प्रतिवादी सिता बास्कोटा कार्कीसमेत भएको फौ.पु.नं. ०७१-CS-०२८३ को मुद्दामा वादी नेपाल सरकारको माग दाबीबमोजिम प्रतिवादीहरूलाई सजाय भएको बेहोरा पुनरावेदन अदालतको उक्त मुद्दाको फैसलाबाट

देखिन्छ । प्रतिवादीहरूउपर उक्त मुद्दामा लिएको अभियोग दाबीबाहेक मुलुकी ऐन, किर्ते कागजको महलको ९ नं. र १२ नं. बमोजिम थप सजाय हुन प्रस्तुत मुद्दामा दाबी लिएको परिप्रेक्ष्यमा वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा एकाको नामको प्रवेशपत्र प्रयोग गरी अर्को व्यक्तिले जाँच दिएकोमा विवाद देखिएन र त्यसतर्फ प्रतिवादीहरूलाई उसै मुद्दाबाट सजायसमेत भइसकेको देखिन्छ । जहाँसम्म प्रतिवादी गिता कार्कीको फोटो उप्काई अर्का प्रतिवादी सिता बास्कोटा कार्कीको फोटो टाँसेर तथा जन्ममिति सच्याई किर्ते गरेको भन्ने प्रश्न छ त्यसतर्फ फोटोमा परेको हस्ताक्षर सही गर्ने प्रधानाध्यापक मिति २०६९।३।१५ मा अनिवार्य अवकाशमा परी गएको र निजलाई पटकपटक पत्राचार गर्दा पनि निजको वतन खुली नआएको कारण त्यसतर्फको अनुसन्धान कार्य अगाडि बढ्न सकेको देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ ले वादीले लिएको दाबी वस्तुनिष्ठ तवरबाट पुष्टि हुनुपर्छ। प्रतिवादी बुहारी सिता कार्कीले आफ्नो सासू गिता कार्कीको तर्फबाट जाँच दिँदा प्रयोग गरेको प्रवेशपत्रमा किर्ते गरिएको फोटो र प्रधानाध्यापकको सही यिनै प्रतिवादीहरूले किर्ते गरी गरेको हो भनी स्पष्ट रूपमा प्रमाणित हुन सकेको देखिँदैन । मिसिल संलग्न प्रवेशपत्रमा टाँसिएको फोटोलाई उप्काएर अर्को फोटो टाँस भएको नदेखिनुका साथै फोटोमाथि नै प्रधानाध्यापकको सहीछाप परेकोसमेत देखिन्छ । किर्तेमा सजाय गर्दा किर्ते गर्ने कार्य कसले गर्‍यो, कसरी गर्‍यो, त्यसमा परेको प्रधानाध्यापकको सही सद्दे किर्ते के हो ? विशेषज्ञबाट जँचाई यकिन गरेर अगाडि बढनुपर्नेमा त्यसतर्फ कुनै अनुसन्धान नै नगरी यी प्रतिवादीहरूले सरकारी छाप र दस्ताखत किर्ते गरे भनी भन्नु मनासिब र न्यायोचितसमेत देखिँदैन । मिसिल संलग्न प्रवेशपत्रलाई नाङ्गो आँखाबाट हेर्दा सामान्य तरिकाबाट यी प्रतिवादीहरूले नै किर्ते गरी सच्याए होलान् भनी अनुमान गर्न पनि मिलेन। यस दृष्टिकोणबाट नक्कली परीक्षार्थीतर्फ यी प्रतिवादीहरूलाई सजाय भइसकेको स्थितिमा किर्तेतर्फ पनि सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग मुद्दाको तथ्य र सङ्कलित प्रमाणको अपर्याप्तताको कारण सहमत हुन सकिएन । पुनरावेदन अदालत जनकपुरको फैसला मनासिबै देखिने।

तसर्थ, प्रतिवादी सिता बास्कोटा कार्कीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसला सदर हुने र प्रतिवादी गिता कार्कीलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरेको सुरू धनुषा जिल्ला अदालतको मिति २०७०।११।२५ को फैसला प्र. गिता कार्कीको हकमा सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निजले समेत सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत जनकपुरको मिति २०७१।१२।१८ को फैसला कानूनसम्मत् मिलेको देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: खुमप्रसाद भण्डारी

इति संवत् २०७६ साल भाद्र १९ गते रोज ५ शुभम्।

इजलास नं.१२

४२

मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७७-WO-११०७, परमादेशसमेत, सफल आचार्यको हकमा मेनुकुमारी आचार्य वि. गृह मन्त्रालयसमेत

नागरिकताले कुनै पनि देश र त्यहाँ रहेका बासिन्दाहरूबिचको सम्बन्धलाई परिभाषित गरेको हुन्छ । नागरिकताको प्राप्तिले नागरिकलाई राज्यको औपचारिक सुरक्षा प्रदान गर्नुको साथै आधारभूत सामाजिक, आर्थिक, नागरिक र राजनीतिक अधिकारको उपभोग गर्ने आधार प्रदान गरेको हुन्छ। सामाजिक तथा आर्थिक अधिकारको हक अन्य व्यक्तिलाई समेत प्राप्त हुने गरी व्यवस्था भए तापनि

अधिकांश मुलुकमा नागरिकता प्राप्त गरेको वा नगरेको अवस्थाका आधारमा राजनीतिक अधिकार प्राप्त हुने वा नहुने अवस्थासमेतको निर्धारण गरिएको हुन्छ । समग्रमा हेर्दा नागरिकताले सम्बन्धित व्यक्तिको कानूनी र राजनीतिक अधिकारको सुनिश्चितता गरेको विषयमा थप स्पष्ट पार्नुपर्ने देखिँदैन । यस मान्यताका आधारमा कोही पनि व्यक्ति राज्यविहीन नहोस् र सम्बन्धित देशको नागरिकता प्राप्त गर्न सकोस् भनी नागरिकता वा राष्ट्रियताको अधिकारलाई मानव अधिकारको रूपमा अन्तर्राष्ट्रिय दस्ताबेजहरूमा स्वीकार गरेकोसमेत पाइने ।

आमाको नामबाट नागरिकता पाउँ भन्ने सम्बन्धमा ने.का.प. २०७३ अङ्क ९ नि.नं.९६८७ मा प्रकाशित निवेदक सृजन खरेल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको परमादेशको रिट निवेदनमा "आमाको नामबाट नागरिकता पाउँ भन्ने निवेदकको माग भएकोबाट बाबु कहाँ गयो वा के भयो भन्ने कुरा प्रासाङ्गिक नै देखिएन । आमाको नामबाट नागरिकता लिन सकिने व्यवस्था हुँदाहुँदै निवेदकलाई नागरिकता प्राप्त गर्नबाट बञ्चित गर्नु भनेको कानूनको बर्खिलाप कार्य गरेको मानिन आउँदछ" भनी यस अदालतबाट कानूनी सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ । साथै ने.का.प. २०६८ अङ्क २ नि.नं. ८५५७ मा प्रकाशित निवेदक सविना दमाईसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको परमादेशको रिट निवेदनमा "बाबु वा आमामध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने" भनी यसै अदालतबाट कानूनी सिद्धान्तसमेत प्रतिपादन भएको पाइने ।

यसरी संवैधानिक र कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तसमेतका आधारबाट यी रिट निवेदिका मेनु कुमारी आचार्यको नामबाट वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्न निजको छोरा सफल आचार्य योग्य नै देखियो । तसर्थ निज निवेदिकाको छोरा सफल आचार्यले आमा मेनु कुमारी आचार्यको नामबाट वंशजको आधारमा नेपाली नागरिकता पाउँ भनी रीतपूर्वकको निवेदन दिएमा नेपालको संविधान, नेपाल नागरिकता ऐन, २०६३ र नियमावली, २०६३ समेतका प्रचलित कानूनका आधारमा जे जो बुझ्नुपर्ने हो बुझी ऐन नियमको रीत पुऱ्याई आमा मेनु कुमारी आचार्यको नामबाट निजको छोरा सफल आचार्यलाई निवेदन मागबमोजिम नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: सुशिला पाण्डे

इति संवत् २०७८ साल कात्तिक ७ गते रोज १ शुभम् ।

४३

मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा, ०७८-RC-०००९, कर्तव्य ज्यान, नेपाल सरकार वि. लगन वि.क.

मृतक जमानमाया वि.क.ले मेरो गर्भमा रहेको ६ महिनाको बच्चा मेरो श्रीमानको नभई अवैध गर्भ हो भन्ने समेतका विभिन्न किसिमका आरोप लान्छना लगाउने गर्दथिन् । यसरी दिन प्रतिदिन आरोप लगाउँदा सहन नसकी मिति २०७०।०२।२० गतेको राती अं.१०:०० बजे जमानमाया वि.क. सुतेको घरमा गई भान्सा कोठामा राखेको खुकुरी लिई मृतक सुतेको कोठामा प्रवेश गरी कोल्टो अवस्थामा सुतेको अवस्थामा दुई पटकसम्म घाँटीको दाँया भागमा प्रहार गरें र तेश्रो पटक प्रहार गर्दा दाँया हात निजले घाँटीमा ल्याएकीले दायाँ हातको हत्केलाको बाहिरी भागमा चोट लाग्यो त्यसपछी जमानमाया वि.क. मरिन् भन्ने ठानी म आफुले घटाएको घटनाको जानकारी गराउन प्रहरी चौकी हुकाममा गएकी हुँ। मैले मृतक जमानमाया वि.क.लाई कर्तब्य गरी मारेको हुँ भनी आरोपित कसुरमा सावित भई अनुसन्धान अधिकारीसमक्ष आफ्नो बयान बेहोरा लेखाएको र अदालतमा बयान गर्दा पनि सोही

बेहोरा मिलान हुने गरी मृतक जमानमाया वि.क.ले मलाई तेरो पेटमा रहेको गर्भ मेरो भाइको होइन, तैँले अवैध गर्भधारण गरेकी होस् भनी बारम्बार भनिरहेकोले मिति २०७०।०२।२० गते रातिको करिब ११:०० बजेतिर मेरो अमाजू मृतक जमानमाया वि.क. आफ्नै घरको आँगनमा सुतिरहेको अवस्थामा म भान्सा कोठामा गई खुकुरी लिई निजलाई प्रहार गरी कर्तव्य गरी मारेकी हुँ भन्नेसमेतको बेहोरा उल्लेख गरी आरोपित कसुरलाई स्वीकार गरी कसुर अपराध गरेको कुरामा साबित भई बयान गरेको देखिने।

मृतकको दायाँ हातको हत्केलाको बाहिरी भागमा ४ इन्च लामो काटिएको घा चोट रहेको र घाँटीको दायाँतर्फ दुई ठाउँमा ७ इन्च लामो धारिलो हतियारले काटिएको चोट रहेको भन्ने लास जाँच प्रकृति मुचुल्काबाट तथा मृतक जमानमाया वि.क. को अत्यधिक मात्रामा रक्तस्राव भएको कारणले मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको पाइन्छ। मृतक जमानमाया वि.क. आफ्नो घर कोठामा सुतेको अवस्थामा प्रतिवादी लगन वि.क.ले खुकुरी लिई मृतक सुतेको अवस्थामा खुकुरी प्रहारबाट मृतकको मृत्यु भएको भनी लिलावर वि.क. र कर्मविर कामीसमेतका व्यक्तिहरूले मौकामा गरिदिएको घटना विवरण कागज भई निजहरूले सोही बेहोरालाई समर्थन हुने गरी अदालतमा उपस्थित भई बकपत्र गरिदिएको पाइने।

प्रतिवादी आफू र मृतकबिच पटक पटक विवाद हुने गरेको सोही विषयमा विवाद भई धारिलो हतियार खुकुरी लगी मृतक जमानमाया वि.क. लाई प्रहार गरी कर्तव्य गरी ज्यान मारी हुकाम प्रहरी चौकीमा स्वयं समर्पण गरेको हुँ भनी घटनाक्रमलाई स्पष्ट पार्दै अधिकार प्राप्त अधिकारी र अदालतमा समेत आई गरेको बयानबाट समेत प्रतिवादी लगन वि.क. को कार्यबाट मृतक जमानमाया वि.क.को मृत्यु भएको कुरा स्पष्ट देखिन आउने।

तसर्थ, निज प्रतिवादी लगन वि.क. घटनापश्चात् स्वयम् प्रहरीमा समर्पण गरी अपराध स्वीकार गरेको, मौकामा बुझिएका काप्चे वि.क., रणविर वि.क. समेतका व्यक्तिले अभियोग दाबीबमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीलाई सजाय हुनुपर्ने भनी अदालतमा बकपत्र गरेको, खुकुरी प्रहारको घाउबाट अत्याधिक रक्तस्राव भई मृत्यु भएको शव परीक्षण प्रतिवेदन र जाहेरवालीको बयानसमेतका आधारमा यी प्रतिवादीले जमानमाया वि.क.लाई धारिलो हतियार खुकुरी प्रयोग गरी मिति २०७०।०२।२० मा कर्तव्य गरी मारेको भन्ने कुरा प्रमाणित भएकोले साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐ. ऐनको दफा १३(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी भएको सुरू रूकुम जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहऱ्याई उच्च अदालत तुलसीपुरबाट मुलुकी अपराध संहिता, २०७४ को दफा ४० (२) ले जन्मकैदको सजाय हुने गरी भएको मिति २०७६।०५।३० को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः भेषराज भट्टराई

कम्प्युटरः राधिका घोरासाइने

इति संवत् २०७८ साल असोज ८ गते रोज ६ शुभम्।

इजलास नं.१४

४४

मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री डा.मनोजकुमार शर्मा, ०७६-CR-०३४७, कर्तव्य ज्यान, मोहन भन्ने विकास साङपाङ राई वि. नेपाल सरकार

आरोपित कसुर गरेकोमा इन्कार रही अदालतमा बयान गर्ने यी पुनरावेदक प्रतिवादीउपर मृतकका दाजु जीवनकुमार बेघाले मेरी कान्छी बहिनी पद्मा भन्ने मनिषा बेघा गर्भवती रहेको भन्ने बुझिएकोले

निज बहिनीलाई हामी गाउँ समाजका भद्रभलाद्मी जम्मा भई मिति २०६१।०५।०८ गते सोधपुछ गर्दा यो गर्भ मोहन भन्ने विकास साङपाङ राईको हो भनेको र निज विकास साङपाङले समेत उक्त कुरा स्वीकार गरी घर व्यवहार मिलाई मनिषालाई लैजान्छु भनेकोमा मिति २०६१।५।११ गते बिहान प्रतिवादीले बहिनीलाई घरबाट लिएर गएको देखेको र पछि प्रतिवादी मोहन भन्ने विकाससँग बहिनीको बारेमा सोधपुछ गर्दा निजले मनिषा अर्कै व्यक्तिसँग गइसकी भनेकोले २०६१।०५।१४ गते गाउँ समाज बसी सो सम्बन्धमा छलफल गर्दा, १० दिनभित्र मनिषालाई खोजतलास गरी ल्याउँछु भनी प्रतिवादीले कागजसमेत गरेकोमा मिति २०६१।०५।१८ गते सिंहदेवीको भिरमा बहिनीको लास फेला परेकोले निज प्रतिवादीले नै बहिनीलाई कर्तव्य गरी मारेका हुन् भनी किटानी जाहेरी दिनुका साथै अदालतमा उपस्थित भई बकपत्र गर्दा मौकाको जाहेरी बेहोरालाई पुष्टि गरी बकी लेखाइदिएको देखिन्छ र अनुसन्धानको क्रममा बुझिएका आईतराज बेघा, मकरध्वज बेघा, राजकुमार बेघासमेतले पद्मा भन्ने मनिषा राई र प्रतिवादी विकास राईबिच प्रेम सम्बन्ध भएको गाउँ समाजमा प्रायः सबैलाई थाहा थियो । यसै क्रममा पद्मा गर्भवती भएकीले को कस्को गर्भ हो भनी सोधीखोजी गर्दा प्रतिवादीले आफ्नो गर्भ रहेको भनी स्वीकार गरेका र मिति २०६१।०५।११ गते बिहान पद्माको घरमा आई सुतिरहेकी पद्मालाई उठाई लिई गएकोमा मिति २०६१।०५।१८ गते सिंहदेवी भिरमा पद्माको सडीगली दुर्गन्धित अवस्थामा लास फेला परेको र टाउकोमा धारिलो हतियारको जस्तो चोटसमेत रहेको र २०६२ सालको असार महिनामा माओवादीका कार्यकर्ताहरूले विकास राईलाई गाउँमा ल्याउँदा मनिषा बेघालाई प्रेम गरी गर्भवती तुल्याई खुकुरी प्रहार गरी कर्तव्य गरी मारी फरार रहेको कुरा स्वीकार गरेका थिए भनी यी पुनरावेदक प्रतिवादीउपर किटानी पोल गरी मौकामा कागज गरिदिनुका साथै अदालतमा उपस्थित भई मौकाको कागज बेहोरालाई पुष्टि गरी बकी लेखाइदिएको देखिने।

घर सल्लाह गरी मृतकलाई लैजान ३ दिनको समय माग गर्ने यी पुनरावेदक प्रतिवादीले ३ दिनका दिन बिहान ४.०० बजे मृतकलाई घरबाट लिएर गएको भन्ने मृतकको दाजु जाहेरवाला जीवनकुमार बेघाको जाहेरीबाट देखिएको र सो दिनदेखि मृतक घर नआएकी र निज प्रतिवादीलाई सोध्दा निजले १० दिनभित्र मृतकलाई दाखिल गर्छु भनी कागज गरेको भन्ने जाहेरीबाटै देखिएको र प्रतिवादीले गरिदिएको उक्त कागज मिसिल संलग्न रहेको देखिन्छ । निज प्रतिवादी सो दिनदेखि भागी वेपत्ता भएको र निज तत्काल युद्धरत माओवादी पार्टीमा सामेल भएको देखिएको र माओवादीसँग सरकारको शान्ति सम्झौता भएपश्चात् यी पुनरावेदक प्रतिवादी भारतको बेंगलोरतिर गई बसेको भन्ने निजकै बयानबाट देखिन्छ र निज प्रहरीद्वारा पक्राउ परेपछि प्रहरीसमक्ष बयान गर्दा आफूले मृतकलाई मिति २०६१।०५।११ का दिन घरबाट लिएर गई स्थानीय सिंहदेवी जंगलमा लगी पछाडिबाट मृतकको टाउकोमा खुकुरीले प्रहार गरी हत्या गरेको हुँ भनी कसुर स्वीकार गरेको अवस्था विद्यमान छ । यसबाट मृतक हराएपश्चात् निजलाई दाखिल गर्छु भनी कागज गर्ने, मृतकलाई निजको कोठाबाट लिएर जाँदा आफूलाई कुनै दोष नलागोस् भन्ने उद्देश्यबाट मृतक मनिषाले लेखेको भान पर्ने प्रकृतिको पत्र आफैँले लेखी मनिषाको कोठामा छाड्नेलगायतका निजको व्यवहार तत्काल अपराधबाट बच्ने झुठा प्रयास मात्र रहेको देखिएको छ भने निज प्रतिवादी माओवादी पार्टीमा प्रवेश गरेपछि निजले मृतकलाई गर्भधारण गराई मारेको भनी निजउपर तत्काल कारबाही भई निजलाई १० वर्षे श्रम कैद गर्ने माओवादी पार्टीबाट निर्णय भएको भन्नेसमेत देखिने।

पुनरावेदक प्रतिवादीको मृतकसँग प्रेम सम्बन्ध भई शारीरिक सम्बन्धसमेत राखेबाट मृतकको गर्भ रहन

गएको, मृतकको गर्भ सम्बन्धमा गाउँ समाजबाट दबाब परेको, समाजको अगाडि मृतकलाई श्रीमती बनाई लैजान्छु भनी समय माग गरेको, समस्याबाट छुट्कारा पाउन मृतकलाई घरबाट लगी एकान्त ठाउँ जंगलमा पुऱ्याई मृतकलाई खुकुरी प्रहार गरी मारेको र मृतकलाई मारेपश्चात् पनि उपस्थित गराउँछु भनी गाउँ समाजसमक्ष झुटो आश्वासन दिई आफू कसुरबाट बच्ने उद्देश्यले मृतकको तर्फबाट लेखिएको जस्तो भान हुने प्रकृतिको पत्रसमेत लेखेको देखिएकोसमेतबाट यी पुनरावेदक प्रतिवादी मोहन भन्ने विकास साङपाङ राईले पद्मा भन्ने मनिषा बेघाको मनसायपूर्वक हत्या गरेको पुष्टि हुन आएको हुँदा आफू निर्दोष हुँदा आरोपित कसुरबाट सफाइ पाउनुपर्ने भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर तथ्यसम्मत नभई मनासिब देखिन नआएकोले यी पुनरावेदक प्रतिवादीले आरोपित कसुर गरेको ठहऱ्याई अभियोग दाबीअनुसार तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धीको १ नं. र १३(१) को कसुरमा ऐ.१३(१) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहऱ्याएको सुरु पाँचथर जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत बिराटनगर, इलाम इजलासको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । उक्त मुलुकी ऐन, खारेज भई हाल प्रचलित मुलुकी फौजदारी संहिता, २०७४ को दफा ४०(२) मा ''कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने व्यवस्था भएको र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा ''कुनै कसुर सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाको बखत कनूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने व्यवस्था हुनुको साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) मा ''कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था भएकाले पुनरावेदक प्रतिवादीलाई सर्वस्वको सजाय नहुने हुँदा निजलाई जन्मकैद मात्र सजाय हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: लालबहादुर कार्की

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल असार २७ गते रोज १ शुभम् ।

४५

मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०७६-CR-०६७०, मानव बेचबिखन तथा ओसारपसार, अपहरण तथा शरीर बन्धक, नेपाल सरकार वि. तारा भन्ने पूर्णमाया चम्लागाईं निरौला

प्रतिवादीले पीडितलाई अभिभावकको मन्जुरी र जानकारीबिना काठमाडौं लगी होटलमा छाडेको भन्ने पीडितको भनाइ रहेकोमा माथि उल्लेख गरिएअनुसार पीडितलाई निजको आमा बाबुको स्वीकृति, मञ्जुरीबिना काठमाडौं लगी होटलमा छाडी आएको होइन । मैले हालसम्म काठमाडौं देखेको पनि छैनसमेत भनी प्रतिवादीले अदालतमा बयान गरेको देखिए तापनि निज प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा पीडितलाई बेचबिखन तथा ओसारपसार गरेको भन्ने आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिए पनि पीडित परिवर्तित नाम ०४-५-झ को घर र आफ्नो घर एकै गाउँमा भएको, पीडितसँग बेलाबेलामा भेटघाट हुँदा निजले आफूलाई धेरै पढ्ने इच्छा भएको, आर्थिक अवस्थाको कारण बाबु आमाले पढाउन नसक्ने र गाउँमा बसेर राम्रो पढाइ हुन नसक्ने भनी गुनासो गर्ने गरेको र आफूले निजलाई कोही चिनेको मानिस फेला परेमा काममा लगाइदिने आश्वासन दिएको भन्ने तथ्यलाई स्वीकार गरी बयान गरेको देखिन्छ र

पीडित परिवर्तित नाम ०४-५-झ ले अनुसन्धानमा बयान गर्दा प्रतिवादी तारा भन्ने पूर्णमाया चौलागाईंले काठमाडौंमा आफूले ठुला ठुला मानिसहरू चिनेको छ, काठमाडौंमा बसिस् भने राम्रो हुन्छ। पढ्न र पछि धेरै पैसा कमाउन सकिन्छ। त्यहाँ गएपछि झन् राम्री हुन्छेस्, तेरो भविश्य राम्रो हुन्छ तर तैँले यो कुरा यहाँ बुबा, आमा, दाजु, भाइ र गाउँघरका मानिसहरूलाई नभन्नु म तँलाई काठमाडौं पुर्‍याई काममा लगाइदिन्छु भनेकीले निजसँग काठमाडौं गएको भनी उल्लेख गरेको देखिन्छ भने निजले अदालतमा उपस्थित भई बकपत्र गर्दासमेत "तँ राम्री छस्, काठमाडौं गइस् भने झन् राम्री हुन्छेस्, काठमाडौंमा मेरो मानिस छन् भनी ललाइफकाइ निजले मलाई काठमाडौं लगेकी हुन्। मलाई गाडीमा जाँदा नै निजले बिस्कुट खुवाएर बेहोस् पारिछन् र काठमाडौंको एउटा होटलमा लगी छाडी दिइन्" भनी मौकाको बयान बेहोरालाई समर्थन हुने गरी घटनाको सविस्तार वर्णन गरी बकपत्र गरिदिएकी अवस्था देखिने।

पीडित ०४-५-झ ले आफूलाई धेरै पढ्न मन भएको, घरको आर्थिक अवस्था राम्रो छैन, गाउँमा बसेर पढ्न सकिँदैन भनी गुनासो गर्दा यी प्रतिवादीले चिनेको कोही मान्छे फेला परेमा काममा लगाइदिन्छु भनी आश्वासन दिनु र पीडितले आफ्नो घर छोडेर हिँडेकै दिन निज प्रतिवादीले पनि गाउँ छोडेको कुरा स्वीकार गरी अनुसन्धानको क्रममा बयानसमेत गरेको र पीडितले यिनै प्रतिवादीले आफूलाई फकाइ काम लगाइदिने बहानामा काठमाडौं लगी होटलमा छाडी आएको भनी अनुसन्धानको क्रममा बयान गरेको र अदालतमा समेत सो कुरा पुष्टि हुने गरी बकपत्र गरी दिएको देखिएबाट यी प्रतिवादीले पीडित परिवर्तित नाम ०४-५-झ लाई काठमाडौंको होटलमा पुर्‍याई छाडेको भन्नेसम्म देखिन आउने।

प्रतिवादीले अभिभावकको मन्जुरीबेगर पीडितलाई काठमाडौं लगी होटलमा छाडेको भन्ने पुष्टि हुन आएकोले निजले मानव ओसारपसारसम्मको कसुर गरेको भन्ने देखिन आउने।

पीडित परिवर्तित नाम ०४-५-झ मिति २०७२।५।७ गतेदेखि घरबाट बेपत्ता भएको, मिति २०७३।८।१८ गतेका दिन आफैँ घरमा आई प्रतिवादी तारा भन्ने पूर्णमाया चौलागाईंले आफूलाई काठमाडौं लगी होटलमा बेचेको भनी आफ्नो बाबु आमालाई भनेको आधारमा जाहेरी परेको देखिएको, पीडितले अनुसन्धानमा गरेको बयान र अदालतसमक्ष गरेको बकपत्रबाट प्रतिवादीले काठमाडौंसम्म लगी होटलमा छाडी आएको भन्ने देखिएको, काठमाडौंको होटलमा ७ दिनसम्म काम गरी काठमाडौंबाट धरान आई होटलमा काम गरी १४/१५ महिनापछि पीडित आफैँ घर फर्की आएको देखिएबाट निज प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा ऐ.ऐनको दफा १५(१)(छ) बमोजिम १० वर्ष कैद सजाय हुने ठहर्‍याएको सुरू फैसला सदर गर्ने गरेको उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसला कानूनसम्मत् देखिन आएकोले अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा दफा १५(१)(छ) बमोजिम १० वर्ष कैदको सजाय हुने र अन्यमा अभियोग दाबी नपुग्ने ठहर गरी सुरू झापा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७६।४।२७मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीलाई सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: लालबहादुर कार्की

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल असार २७ गते रोज १ शुभम्।